# शिक्षाको स्थिति

२०७४/०७५




शिक्षा नीति तथा अभ्यास केन्द्र

www.schoolingnepal.org

# शिक्षाको स्थिति

२०७४/०७५

शिक्षा नीति तथा अभ्यास केन्द्र
काठमाडौं, नेपाल

# शिक्षाको स्थिति
(२०७४/०७५)

**सम्पादक** : टीका भट्टराई
**नीति र अनुसन्धान भाग** : टीका भट्टराई/शैल श्रेष्ठ
**अनुसन्धान क्षेत्रबाट रिपोर्टिङ** : विजया सुब्बा, टीका भट्टराई, माइकल राई, गणेश सापकोटा र विष्णु चेपाङ
**सञ्चारमाध्यम खण्ड** : दृष्टि श्रेष्ठ र सुम्निमा देवान सहित शैल श्रेष्ठ र टीका भट्टराई
**नेपाली अनुवादक/प्रतिलिपि सम्पादक** : सरोज जी.सी.

**जिज्ञासाको लागि** : teekab@schoolingnepal.org
shail@schoolingnepal.org

**आवरण पृष्ठको फोटोले सार्वजनिक विद्यालयको गुणस्तर घट्दै गएको बेला शिक्षक सेवा तथा सुविधामा मात्र ध्यान दिएको स्थितिलाई दर्शाएको छ, *कान्तिपुर* दैनिक, अगस्ट १०, २०१७**

**शिक्षा नीति तथा अभ्यास केन्द्र**
**फोन** : ९७७-०१-४११२३२०
**पो.ब.न.** : ४५५५, काठमाडौं, नेपाल
**ईमेल** : info@schoolingnepal.org
**वेब साइट** : www.schoolingnepal.org

## परिभाषा

*शहरी र ग्रामीण क्षेत्र*

शहरी र ग्रामीण क्षेत्रको परिभाषा अहिले गठन गरिएका नगरपालिकाको अवधारणामा आधारित छैन । यो परिभाषा प्रकाशित समाचार तथा अन्य सामग्रीमा पहिचान गरिएको गाउँ र शहरको सन्दर्भ अनुरूप प्रयोग गरिएको छ ।

*विषयवस्तु*

विषयवस्तु भन्नाले सञ्चारमाध्यममा प्रकाशित सम्पूर्ण सामग्रीलाई बुझिन्छ । यसमा समाचार, लेख, सम्पादकीय, कार्टुन, तस्वीर र चिठी अर्थात् विज्ञापन बाहेकका सामग्री पर्छन् ।

# भूमिका

अहिले आम मानिसको शिक्षा क्षेत्रप्रतिको चासो बढ्दो छ । घरघरमा शिक्षा छलफलको विषय भएको छ। अभिभावकले आफ्ना बालबालिकाको लागि गुणस्तरीय शिक्षाबारे सोच्छन्, शिक्षा नीतिमा चासो देखाउँछन्, शिक्षाको परिणाम र शिक्षा हासिल गर्ने प्रक्रियामा ध्यान दिन्छन् र आफूले शिक्षाको लागि तिरेको करको सदुपयोग भए नभएको पनि ख्याल गर्छन् ।

विकसित मानिएका राष्ट्रमा शिक्षा सधैं नेतृत्वको प्रमुख राजनीतिक एजेण्डा हुने गर्छ । आफ्नो चुनावी घोषणा पत्रमा शिक्षाको सुधारप्रति प्रतिबद्धता जाहेर गर्छन् र पद तथा अधिकार प्राप्त गरेपछि सुधारका कदम अघि सार्छन् । यसको विपरीत विकासशील देशमा शिक्षा सुधारमा इच्छा देखाउँछन् तर आफ्नो एजेण्डामा शिक्षालाई प्राथमिकता भने दिदैनन् । त्यसैले, शैक्षिक सुधार पछि पर्छ जसको असर भविष्यका पुस्तामा देखिन्छ ।

शिक्षामा स्पष्ट अवधारणा तथा तार्किक दृष्टिकोण भयो भने यसले देशलाई फलदायी गन्तव्यतर्फ लैजान सक्छ । शिक्षाले राष्ट्रको गन्तव्यमा सकारात्मक प्रभाव पार्छ भन्ने कुरा युरोप, एशिया र अमेरिकाका थुप्रै क्षेत्रमा प्रमाणित भएको छ । मानव अधिकार आन्दोलन र बालबालिका अधिकार अभियानको प्रभाव शिक्षामा सकारात्मक छ । यस्ता अभियानले निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षा बालबालिकाको मौलिक अधिकारको रूपमा स्थापित गरेका छन् । यद्यपि, न्यून लगानीका कारण धेरै विकासशील राष्ट्रले शिक्षा नीति तथा योजनामा अपेक्षा गरेजस्तो निश्चित गुणस्तरमा उठाउन सकेका छैनन् ।

अनुसन्धानमा आधारित शिक्षा प्रणालीको स्थापना र सुधारले सुसंस्कृत र दक्ष मानव संसाधन मार्फत देशको विकासको सन्दर्भमा सधैं अपेक्षित परिणाम दिन्छ । बेरोजगारीको समस्या कम हुन्छ; श्रम बजार र रोजगारीमा जनताको पहुँच हुन्छ । त्यसकारण अनुसन्धानमा आधारित शैक्षिक एजेण्डामा लगानी गर्नुपर्ने आवश्यकता धेरै राष्ट्रले महसूस गरेका हुन् ।

राजनीति नराम्रो कुरा होइन । शिक्षा राजनीतिक कार्य नै हो । प्रत्येक राष्ट्रमा शिक्षामा गर्नुपर्ने लगानी राजनीतिक निर्णयद्वारा गरिन्छ र शैक्षिक लगानीलाई राष्ट्रको

विकास एजेण्डासँग जोडिएको हुन्छ। यस्तो अवस्था राष्ट्र अनुसार फरक-फरक हुन्छ। केही राष्ट्र शिक्षामा व्यक्ति र दलगत स्वार्थ भन्दा माथि उठेर लगानी गर्छन् भने केही राष्ट्रमा राजनीति स्वार्थपूर्ण हुँदा शैक्षिक लगानी फलदायी हुन सक्दैन। निस्वार्थ शैक्षिक नीति बोक्ने राजनीतिज्ञ भएका राष्ट्रमा राष्ट्रको समग्र विकास उत्कर्षमा पुगेको छ भने शैक्षिक नीतिमा राजनीतिक स्वार्थ हेर्ने राजनीतिज्ञ भएका देश पछाडि छोडिएका छन्। निहित स्वार्थ बोकेका राजनीतिज्ञ भएका देशमा गुणस्तरीय शिक्षाको विकास हुन सक्दैन किनकि, उनीहरू शिक्षा प्रणालीमा पनि राजनीतिक स्वार्थ हेरिरहेका हुन्छन्। उदाहरणको लागि यस्तो देशमा राजनीतिज्ञले सबल र दक्ष मानव संसाधनलाई शिक्षक बनाउनुभन्दा आफ्नो पार्टी कार्यकर्तालाई शिक्षक बनाउनु श्रेयष्कर ठान्छ। यही कारणले गर्दा शिक्षक नियुक्ति जहिले पनि राजनीतिक स्वार्थले निर्देशित हुन्छ। फलस्वरूप, चलिरहेको शिक्षा प्रणाली कमजोर तथा अदक्ष जनशक्ति उत्पादन गर्न बाध्य हुन्छ।

शिक्षा प्रणाली सुधारमा बाधा पुऱ्याउने अर्को तत्त्व देशको प्रशासन हो। हाम्रो देशको परिप्रेक्ष्यमा स्थानीय सरकार र केन्द्रीय सरकारबीच कामको विभाजन, उनीहरूको भूमिका तथा अधिकारबारे खिचातानी चलिरहेको छ। विकेन्द्रीकरण प्रणाली अवलम्बन गरेका राष्ट्रले यो समस्यालाई सजिलै समाधान गरेका हुन्छन्। किनकि त्यस्ता राष्ट्रमा स्थानीय र केन्द्रीय सरकारका काम, कर्तव्य र अधिकारहरू स्पष्टसँग तोकिएका हुन्छन्। विकेन्द्रीकरण प्रणाली दस्तावेजमा मात्रै सीमित गरेका हाम्रा जस्ता राष्ट्रमा अधिकार र जिम्मेवारी सम्बन्धी खिचातानी भइरहन्छ।

विद्यालय सञ्चालनमा अभिभावकको संलग्नता र यसमा शिक्षकको सहयोगले शैक्षिक संस्थाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। यद्यपि, धेरै राष्ट्रमा प्रशासन संयन्त्रमा अभिभावक र शिक्षकको संलग्नतालाई त्यति जोड दिइँदैन। शैक्षिक संस्थाका गतिविधिमा अभिभावकले चासो र त्यसमा संलग्न हुने इच्छा देखाउन थालेका छन्। विकसित देशमा विद्यालय व्यवस्थापन समितिले आफ्नो स्वायत्तता अभ्यास गरिरहेका हुन्छन् तर, विकासशील देशमा भने विद्यालय व्यवस्थापन समितिलाई खासै विश्वास गरिँदैन।

जवाफदेहिता असल प्रशासनको एउटा महत्त्वपूर्ण एजेण्डा हो। गुणस्तरीय शिक्षा प्रणालीको विकासको लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा प्रधानाध्यापकको नियुक्तिमा जवाफदेही हुनु आवश्यक छ। शिक्षा प्रणालीमा अनुत्तरदायी कर्मचारीको समूह संलग्न भएका राष्ट्रको तुलनामा जवाफदेही हुने राष्ट्रले शिक्षा क्षेत्रमा बढी प्रगति गरेको देखिन्छ।

गुणस्तरीय शिक्षाको अर्को सरोकारको विषय हो– शैक्षिक संस्थाभित्र शैक्षिक गतिविधिको विधिवत नियमन र मूल्याङ्कन । जिम्मेवार सरोकारवाला जस्तै विद्यालय व्यवस्थापन समिति सदस्य, शिक्षक, प्रधानाध्यापकले यो भूमिका दैनिक कार्य जस्तो गरी निर्वाह गरेका हुन्छन् भने अन्यले सरकार तथा अरू केन्द्रीकृत संयन्त्र वा नीतिलाई पर्खेर बसेका हुन्छन् । पहिलो थरी सफलतापूर्वक अगाडि बढ्छन् भने दोस्रो समूह पछि छोडिन्छन् ।

आम मानिसले शिक्षाप्रति चासो विभिन्न विधामार्फत प्रस्तुत गरेका हुन्छन् । उदाहरणको लागि, कार्टुन, कविता, लेख वा अनुसन्धनात्मक कृतिहरूबाट । धनी होस् वा गरीब राष्ट्र, यो परम्परा सबैतिर पाइन्छ । यस्ता क्रियाकलापले आम मानिसको शिक्षाप्रतिको (अ)सन्तुष्टिको अनुपातलाई देखाउँछ । अर्को शब्दमा, शिक्षाप्रति आम मानिसको चासो सर्वत्र छ ।

शिक्षामा यस्ता धेरै सवाल छन् । नेपालमा पनि संघीय गणतन्त्रको स्थापना भएपछि यी विषयमा आम मानिसको चासो तथा सरोकार बढेको छ । नेपालको संघीय संविधान- २०७२ ले सबै नागरिकको लागि शिक्षाको अधिकार सुनिश्चित गरेको छ । संविधानको धारा ३१ ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । उक्त धाराअनुसार राष्ट्रले प्रत्येक नागरिकलाई कक्षा ८ सम्म निःशुल्क तथा अनिवार्य शिक्षा र कक्षा ९-१२ सम्म निशुल्क शिक्षाको प्रत्याभूति गरेको छ । अहिलेको संविधान अनुसार विद्यालय शिक्षा स्थानीय सरकारको पूर्ण अधिकारभित्र परेको छ भने प्रदेश सरकार र संघीय सरकारको मातहतमा उच्च शिक्षा रहेको छ ।

यो पुस्तिकाले नेपाली शिक्षाका करीब सबै पक्षलाई सारांशमा समेटेको छ । यो पुस्तिका पढ्दा नेपालको शिक्षाको स्थिति, मुद्दाहरू, समस्या, चुनौती र विकासबारे जान्न सकिन्छ । चिकित्सा शिक्षाका उदाहरण र विभिन्न अनुसन्धानका निष्कर्षमाथिको छलफल समेटेको कारण यो पुस्तिका अझै महत्त्वपूर्ण बनेको छ । शिक्षा क्षेत्रमा चार दशक जस्तो लामो अनुभव बोकेका व्यक्तिहरू रहेको यो समूहले यो पुस्तिकामा नेपालको शैक्षिक स्थितिको सग्लो चित्र छर्लङ्ग उतारेको छ ।

**प्रा. डा. मन प्रसाद वाग्ले**

२०७६ वैशाख १८

# प्रकाशनबारे

**शिक्षा नीति तथा अभ्यास केन्द्र**ले २०६८ सालदेखि शिक्षा क्षेत्रमा सञ्चारमाध्यमका प्रवृत्तिको आकलन र विश्लेषणमा लगानी गरिरहेको छ। शिक्षाको राष्ट्रिय स्थिति तर्जुमा गर्न यो साल एक विस्तृत विश्लेषण प्रतिवेदन तयार गरिएको छ । अनुसन्धान विल्कुल खोज मात्र हैन, खोजको संख्यात्मक परिणाम हो । अनुसन्धानमा आफू उभिएको कोण अनुसार वास्तविकताको विश्लेषण फरक पर्छ। नेपालको शिक्षाको स्थितिबारे हामी ठीक त्यही गरिरहेको छौं । हामीले खासगरी प्राथमिक शिक्षालाई विभिन्न दृष्टिकोणबाट औंल्याउने प्रयास गरेका छौं ।

छापा सञ्चारमाध्यमलाई सरसर्ती हेर्दा सञ्चारमाध्यमले शिक्षाबारे थप विषयवस्तु तथा गतिविधि समेटेको हामीले भेट्यौं । यद्यपि, प्रायः परीक्षा र नतिजा सार्वजनिक गर्ने समयमा धेरै सामग्री प्रकाशित भएको हामीले थाहा पायौं । जसको अर्थ हुन्छ- सञ्चारका छापा माध्यमले अझै पनि शिक्षा क्षेत्रका अर्थपूर्ण विषयवस्तु र महत्त्वपूर्ण बहस तथा विमर्शमा पर्याप्त ध्यान दिइसकेको छैन । दुर्भाग्यवश, शिक्षामा भ्रष्टाचार बढदो रूपमा रहेको सञ्चारमाध्यम बताउँछन् ।

अभिभावक भनेका नागरिकको शिक्षाको अधिकारका प्रमुख हकवाला हुन् । शिक्षाको यो प्रमुख तत्वलाई सञ्चारमाध्यमले पर्याप्त ध्यान नदिइएको देखिन्छ । त्यसो त सञ्चारमाध्यममा अन्तर्राष्ट्रिय अनुभव तथा प्रयासको कभरेज पनि लगभग शून्य छ। शिक्षक मुद्दाको कभरेज अपेक्षाकृत रूपमा उच्च छ। यद्यपि, यो विषयको उच्च उल्लेख हुनाको कारण शैक्षिक भन्दा राजनीतिक बढी हो। धेरैजसो प्रकाशित सामग्रीले विशुद्ध शैक्षिक मुद्दालाई समेट्नुको सट्टा शिक्षामा गरिएको राजनीतिलाई जोड दिएको देखिन्छ। वार्षिक सञ्चारमाध्यमले ओगटेका विश्लेषण बाहेक, यो प्रतिवेदनले प्रमुख शिक्षा नीति सुधार, केन्द्रले काम गरिरहेको क्षेत्रमा शिक्षाको स्थिति र अन्य अनुसन्धानका निष्कर्षलाई समावेश गरेको छ। हामी आशा गर्छौं– यी प्रस्तुतिको संयोजनले शिक्षाको स्थितिको समग्र चित्र प्रस्तुत गर्नेछ। प्रारम्भिक शिक्षामा हाम्रो झुकाव स्पष्ट पार्नको लागि हाम्रो ध्यान प्राथमिक शिक्षामा छ, जहाँ सञ्चारमाध्यमको ध्यान कम छ- बालबालिकासँग राजनीतिक शक्ति हुँदैन र उनीहरू प्रायः समाचारका विषय बन्दैनन् । जे-जस्तो भए पनि यहाँ प्रस्तुत गरिएका

दृष्टिकोण अझै पनि अभिजात्य वर्गका प्रतिनिधि हुन् जसलाई आफ्ना छोराछोरीलाई विद्यालयमा पठाउन संघर्ष गर्नु पर्दैन । यो प्रतिवेदनलाई यो दायराबाट पनि हेरिनु पर्छ ।

यो प्रतिवेदन नेपाली आर्थिक वर्ष १ साउन, २०७४ देखि २०७५ असार मसान्तलाई आधार मानेर तयार गरिएको हो र अंग्रेजी भाषामा पनि प्रकाशित गरिएको छ । यो प्रतिवेदन हामीले गर्न चाहेको कामको खस्रो प्राथमिक प्रारूप हो जसलाई अझ बढी विस्तृत र अर्थपूर्ण बनाउने हाम्रो प्रयास निरन्तर जारी छ । सहयोगी हातहरूलाई स्वागत छ ।

**शिक्षा नीति तथा अभ्यास केन्द्र**

शिक्षा निगरानी समूह

# विषयसूची


परिभाषा iii

भूमिका iv

प्रकाशनबारे vii

**क. शिक्षामा यो वर्ष : एक अवलोकन** १

**ख. मुख्य शिक्षा नीतिहरू** ९

१. चिकित्सा शिक्षासम्बन्धी माथेमा आयोगको प्रतिवेदन ९

२. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप ११

३. शिक्षाको अधिकार विधेयकमा निः शुल्क र अनिवार्य शिक्षा १७

४. शिक्षकका मागप्रति प्रतिक्रिया २०

**ग. सतहबाट शिक्षाको अवस्था** २२

**घ. नेपाली शिक्षाको अवस्था : अरूका दृष्टिबाट** ३३

विश्व शिक्षा निगरानी प्रतिवेदन २०१७-१८ (२०७४-७५) मा नेपाल ३३

सारांशमा ३९

**ङ. सञ्चार माध्यममा शिक्षाको स्थिति** ४१

१. परिचय ४१

१.१ उद्देश्य ४२

१.२ विधि ४३

१.३ सीमा र दायरा ४४

२. निष्कर्ष ४५

२.१ सामान्य प्रवृत्ति ४५

२.१.१ मासिक वितरण ४५

२.१.२ प्रकाशित विषयवस्तुको स्थान ४७

२.१.३ मुद्दाअनुसार कभरेज ४८
२.१.४ शहरी ग्रामीण अनुपात ५२
२.१.५ काठमाडौं उपत्यकभित्र- बाहिर अनुपात ५३
२.१.६ विद्यार्थीको चित्रण ५४
२.१.७ कार्टुनमा शिक्षा ५६
२.२ शीर्षकमा देखिने प्रवृत्ति ५७
२.२.१ शिक्षा नीति ५७
२.२.२ चिकित्सा ५८
२.२.३ भ्रष्टाचार ५९
२.२.४ उच्च शिक्षा ६०
२.२.५ गुणस्तर ६१
२.२.६ नवीनता ६२
२.२.७ परीक्षा ६३
२.२.८ शिक्षामा राजनीति ६४
२.२.९ आधारभूत संरचना ६५
२.२.१० शिक्षक ६६
२.२.११ चन्दा ६७
२.२.१२ पाठ्यक्रम ६७
२.२.१३ समावेशिता र पहुँच ६८
२.२.१४ भर्ना ६८
२.२.१५ निजी शिक्षा ६९
२.२.१६ खेलकुद ७०
२.२.१७ विद्यालय व्यवस्थापन समिति र अभिभावक ७१
२.२.१८ अन्य ७१
२.३ शिक्षक मासिक ७३
२.४ अनलाइन सञ्चारमाध्यमको विश्लेषण ७४
३. निष्कर्ष ७७

**अनुसूचीहरू** ८०

# क

# शिक्षामा यो वर्ष : एक अवलोकन

सामान्यतः यो वर्षको अधिक समय विगतका विसंगतिलाई सोझ्याउने प्रक्रियामा नै बित्यो । व्यक्तिले कुनै परिस्थितिप्रति जति बढी प्रतिक्रिया जनाउँछ, स्तिथि त्यति बढी नै प्रतिक्रियाशील हुन्छ । उदाहरणको लागि, यो वर्ष समस्या समाधान गर्न धेरै प्रयास गरिएको मुद्दा विभिन्न प्रकारका शिक्षकको व्यवस्थापनको प्रक्रिया हो । शिक्षक व्यस्थापन नै यो वर्षको सबैभन्दा महत्त्वपूर्ण मुद्दा रह्यो । यो मुद्दा लम्बिनुका कारण दुई तहका सरकारबीचको प्रतिस्पर्धा हो । कुन सरकारले आन्दोलनरत शिक्षकको स्थायी व्यवस्थापन सजिलो तरीकाले गर्न सक्छ वा गर्नुपर्छ भन्ने उल्झनमा नै धेरै समय बित्यो ।

आन्तरिक रूपमा अस्थायी शिक्षकहरूलाई (मात्र अस्थायी शिक्षकहरू) नियमन गर्नको लागि खोलिएको विज्ञापनको अनुपात ५० देखि ७० सम्म थियो । यो अनुपात पछिल्लो ओली गठबन्धनको सरकारले कानून परिवर्तन गर्दा भएको थियो । त्यो बेला शिक्षा मन्त्रालय (विज्ञान र प्रविधि) को नेतृत्व नेपाली कांग्रेसले गरेको थियो । यो नियम अनुसार परीक्षा पास नहुनेले पनि सेवा गरेबापत आधारभूत प्याकेज पाउने व्यवस्था थियो । निजी विद्यालय नियमन गर्ने र असल शिक्षकको नियुक्ति गर्ने समस्या एक आपसमा प्रतिद्वन्द्वी मुद्दा हुन् ।

राम्रो र उत्तरदायी शिक्षकबिना सार्वजनिक विद्यालयहरूको भविष्य र प्रगतिको कल्पना गर्न सकिँदैन । सार्वजनिक विद्यालयाई नियमित गर्न राम्रो शिक्षकको प्रावधान सुनिश्चित गर्नु चुनौतीपूर्ण कार्य हो । यो समस्याको सम्बोधन सकेसम्म छिटो हुनुपर्ने हो तर हुन सकेन । किनकि, एकपछि अर्को गर्दै केन्द्रीय सरकार शिक्षकका समस्यालाई संघ र प्रदेश अन्तर्गत गर्न हतारियो । सम्झौताले दुई परिणाम

ल्यायो । पहिलो, यसले शिक्षक व्यवस्थापनको प्रक्रियालाई विलम्ब गरेको छ । दोस्रो, यसले विद्यालय स्तरको शिक्षा व्यवस्थापन स्थानीय सरकारले गर्न पाउनुपर्ने अधिकारलाई छायाँ पार्दै संविधानको "आत्मा" मारेको छ ।

शिक्षकको प्रावधान सुनिश्चित गर्ने काम विलम्ब हुनुको अर्को कारण पनि छ । कर्मचारीले स्थानीय सरकारहरूले शिक्षकको उचित व्यवस्थापन गर्न सक्दैनन् भन्ने सोच्छन् भने शिक्षकले स्थानीय कर्मचारी शिक्षक व्यवस्थापनको निर्णय गर्न योग्य नरहेको ठहर गर्छन् । संविधान सभाको दफा ८ अनुसार, विद्यालय तहको शिक्षा व्यस्थापन स्थानीय सरकारको क्षमता र अधिकारभित्र पर्छ । अर्कोतर्फ, दफा ९ अनुसार, शिक्षा सबै तहका सरकारको साझा चासोको विषय हो । संविधानमा भएको यो अस्पष्टताले शिक्षा क्षेत्रमा आइपर्ने समस्याको छिटो र छरितो समाधान गर्नको लागि अवरोध पुऱ्याउने देखिन्छ । थप निराशा के छ भने जब स्थानीय तहले यो अवरोधको महसूस गर्छ, स्थानीय सरकारले आफ्नो तहबाट आवाज उठाउने सम्भावना देखिन्छ । शिक्षक नियुक्तिको निर्णय यदि संघीय सरकारले गर्ने हो भने स्थानीय सरकारको भूमिका शिक्षक व्यवस्थापनमा शून्य हुन्छ । थप जटिलता के छ भने देशभरिका सबै स्थानीय तह साधन र स्रोतको हिसाबले शिक्षक नियुक्ति गर्ने हैसियतमा नहुन पनि सक्छन् । तर, यदि यस्ता मौका स्थानीय तहलाई नदिने हो भने उनीहरूले सिक्ने मौका पनि पाउँदैनन् र यदि शिक्षक नियुक्ति गर्ने अधिकार संघीय सरकारको अधिकार क्षेत्रभित्र मात्र राख्ने हो भने यसले यथास्थितिलाई बढवा दिन्छ । किनकि, स्थानीय सरकारको निर्णय अधिकारलाई यसले पर सार्छ जुन संघीयताको दर्शन र उद्देश्य विपरीत हो ।

यो वर्षको अर्को चर्चा चिकित्सा शिक्षा र डा. गोविन्द केसी हुन् । डा. केसी स्वास्थ्य शिक्षाको सुधारको लागि फेरि चौधौं पटक अनशन बसे । जन दबाब र भोक हडतालपछि माथेमा प्रतिवेदनले सिफारिस गरेका सुझावलाई कार्यान्वयन गर्न सरकार सहमत भयो । सरकारले भनेअनुसार, एउटा नियमको तर्जुमा गरी यी सुझावलाई कार्यान्वयन गर्नुपर्थ्यो । सहमतिको यो खबर सञ्चारमाध्यममा व्यापक छायो । तर चुरो कुरा रहिरह्यो– काठमाडौं बाहिरका मेडिकल कलेजलाई सम्बन्धन दिन अनुमति दिने कि नदिने र पहिले नै अनुमतिपत्र प्राप्त गरेका कलेजलाई नियमित सुचारु गर्न अनुमति दिने वा नदिने ? सरकार मनमोहन मेमोरियल कलेजको लगानी क्षतिपूर्ति दिने वा आफैंले सञ्चालन गर्ने यी दुवै विकल्पबाट पछि हट्यो । व्यवस्थापिकाबाट यससम्बन्धी बन्ने कानूनको प्रतीक्षामा जनता छन् ।

सुशासनको दृष्टिबाट केसीको घटनालाई हेर्दा यो शिक्षा र यससम्बन्धी संस्थालाई पार्टीगत राजनीति र खिचातानीबाट अलग राख्न गरिएको एउटा बलियो संघर्ष थियो । यसलाई नागरिक क्रियाकलापको राम्रो उदाहरणको रूपमा बुझ्न सकिन्छ जसले जनता र बौद्धिक वर्गलाई एकैपटक राजनीतिक विसंगतिविरुद्ध सक्रिय हुने प्रेरणा दियो । धेरै बौद्धिक व्यक्तित्व र विश्लेषक अनुसार चिकित्सा शिक्षासँग आवद्ध संस्थाभित्र तथा बाहिरबाट सहयोग नभएको भए, यो पहल यति उचाइसम्म पुग्ने थिएन । त्यसैगरी, यस्तो प्रयास अन्य महत्त्वपूर्ण क्षेत्र जस्तै कृषि, वन विज्ञान, इन्जिनियरिङमा पनि डा. केसी जस्तै व्यक्तिको उद्‌भव हुनुपर्ने आम मानिसको ठम्याइ छ । राष्ट्रले आफ्नो राजनीतिक प्रणालीमा एक फरक परिवर्तन देखेको छ । यद्यपि, प्रणालीलाई कार्यान्वयन गर्ने तरीका र विधि भने परिवर्तन भएका छैनन् । परिवर्तनलाई साकार पार्न र आम जनतालाई परिवर्तनको महसूस गराउन राष्ट्रको परिवर्तित अवस्थाले सुशासनको सहज कार्यान्वयन अपेक्षा गरेको छ । शासन प्रतिक्रियाशील हुनुको सट्टा सक्रिय तथा सहयोगी भयो भने मात्र समग्र राजनीतिक प्रणालीले नागरिकलाई परिवर्तन महसूस गराउन सक्छ ।

यो वर्षको अर्को महत्त्वपूर्ण विषय थियो निःशुल्क र अनिवार्य शिक्षा विधेयक वा शिक्षा अधिकार विधेयक । वैचारिक रूपमा यो नयाँ कुरा थिएन । एउटा आम सोचाइ थियो– आमाबाबुले आफ्नो छोराछोरीलाई स्कूल आफ्नो इच्छाभन्दा पनि बाध्यताको कारण पठाउँछन् । यो विधेयकले सुशासनको परिप्रेक्ष्यमा संघीय सरकारलाई सबल बनाउने प्रयास गरेको छ । नगरपालिका र गाउँपालिका वा स्थानीय तहसँग यस्ता समस्या र निराकरणका उपायबारे सल्लाह कम गरेको देखिन्छ । यसले विद्यालय नपठाउने अभिभावकको सुविधा कटौती गर्ने ठाउँ दिएको छ जबकि आवश्यकता भनेको अभिभावकलाई आफ्ना छोराछोरीलाई विद्यालय पठाउने अनुकूल वातावरण सिर्जना गर्नु हो । यो विधेयकले निजी विद्यालयको सन्दर्भमा निःशुल्क शिक्षाको सवालबारे स्पष्ट छैन । विधेयकमा निजी विद्यालय पनि केही निश्चित विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गरिने प्रावधान उल्लेख गरिएको छ । यद्यपि, यो प्रावधानलाई लागु गरेका उदाहरण भने निकै कम छन् । नागरिक समाजको ठूलो तथा लामो पहल र वकालतपछि मातृभाषामा शिक्षा प्राप्त गर्न पाउनुपर्ने अधिकारलाई सुनिश्चित गरिएको छ ।

माथि उल्लेखित नीति तथा प्रावधानले मुख्यतया शिक्षाको ढाँचा, प्रणाली र प्रक्रियाबारे मात्र सरोकार राख्छ तर यसले शिक्षाको मुख्य पक्ष जस्तै के पढाउनु पर्छ र

कसरी पढाउनु पर्छ भन्ने विषयवस्तुलाई सम्बोधन गरेको छैन। विषयवस्तुको प्रकृति र ढाँचाबारे एउटा नीतिगत अभ्यास भएको छ– विद्यालय पाठ्यक्रम प्रारूपको पुनःतर्जुमा। तर, यसको तर्जुमा जनतासँगको परामर्शबिना हतारमै गरिएको थियो। फलस्वरूप, यो एउटा नीतिगत अभ्यासमात्र हुन पुग्यो। किनकि यसले विरोधलाई शान्त मात्र गर्न सक्यो तर यसले विषयवस्तुको प्रकृति र ढाँचासम्बन्धी समस्याको सम्बोधन गर्न सकेन। यद्यपि, यसले केही मागलाई भने सम्बोधन गर्‍यो। जस्तै, गणित विषयका शिक्षकका केही मागलाई यसले सम्बोधन गरेको छ जो प्रस्तुत विधेयकका केही प्रावधानप्रति असन्तुष्ट थिए। यो नीतिले कक्षा १ देखि ३ सम्मको लागि एकीकृत पाठ्यक्रम अघि सारेको छ जुन अहिलेसम्मको शिक्षा प्राणालीले छुटाएको थियो। यो विधेयकको सबैभन्दा प्रगतिशील पक्ष हो– असमानता र विभेदको सम्बोधन। यो विधेयकले सिकाइ सिर्जनशील र आलोचनात्मक हुनुपर्नेमा जोड दिएको छ। यसैगरी, यसले सामाजिक विज्ञानलाई विदेशी भाषा पढाउनु पर्ने कुरा जोड दिएको छ। यद्यपि, परीक्षा प्रणाली सुधार र शिक्षकको तालिमसम्बन्धी यो विधेयक धैरै हदसम्म सीमित र साँघुरो देखिन्छ। यो विधेयक विषयवस्तुलाई दिशा निर्देश गर्न सकारात्मक देखिन्छ। तर, यसले शैक्षिक गम्भीरताप्रति त्यति ध्यान दिँदैन र समीक्षाको पर्याप्त आलोचना छैन। समग्रमा, उच्चस्तरीय शिक्षा आयोग गठनको हल्ला र विद्यालयसम्बन्धी अपरिपक्व रूपरेखा बाहेक यो वर्ष कुनै पनि महत्त्वपूर्ण नीतिगत छलाङको अनुभव भएन।

शिक्षाको स्थितिबारे जान्नको लागि भिन्न-भिन्न दृष्टिकोणबाट दुई प्रयास गरिए। पहिलो प्रयास थियो, अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा वर्तमान विधेयकको सान्दर्भिकताको विवेचना तथा विश्लेषण। यसको लागि युनेस्कोको ग्लोबल मनिटरिङ रिपोर्टलाई यसको प्रामाणिकता र विस्तृतताको सन्दर्भको रूपमा लिएको थियो। दोस्रो प्रयास थियो, केही विद्यालयको शैक्षिक कार्यसम्पादन र गतिविधिको समीक्षा। यसको लागि सिन्धुली जिल्लाको सबैभन्दा दुर्गम नगरपालिकाका केही विद्यालयको छोटो समीक्षा गरिएको थियो जहाँ सीइपीपी केही समयदेखि काम गरिरहेको छ।

ग्लोबल एजुकेशन मनिटरिङ रिपोर्टले नेपाललाई पर्याप्त शिक्षक समर्थन र व्यवस्थित निगरानी प्रक्रियाको कमी भएको राष्ट्रको रूपमा पहिचान गरेको छ भने यसले शिक्षा नीति बनाउने क्रममा नेपालले अवलम्बन गरेको सहभागीमूलक दृष्टिकोणको सराहना गरेको छ। उक्त प्रतिवेदनमा अनुसन्धान र शिक्षामा सबैको पहुँचप्रति नेपालले जनाएको प्रतिक्रियालाई पनि पहिचान गरिएको छ र प्रतिवेदनले

नेपालमा सीमान्तकृत समुदायको विद्यालयमा दयनीय पहुँचको स्थितिलाई पनि समावेश गरिएको छ। शिक्षाले अन्ततः समाजमा प्रभाव छोड्नु पर्छ। त्यसकारण शिक्षा गुणस्तरीय हुनु आवश्यक छ। निजी स्कूल र सार्वजनिक विद्यालयबीच प्रतिस्पर्धा बढाउनको लागि गरिने अभ्यास जस्तै- पोशाकको अनिवार्यता र अंग्रेजी माध्यमको शिक्षणलाई आलोचनात्मक तरीकाले अवलोकन गरिएको छ।

विद्यालय व्यवस्थापन समितिमा कुलीन समुदायको वर्चस्व रहेको यथार्थ पनि ग्लोबल एजुकेशन मनिटरिङ रिपोर्टमा उल्लेख गरिएको छ। उक्त प्रतिवेदन अनुसार नेपालमा शिक्षकले विद्यार्थीमा सिक्ने उत्सुकताको प्रस्फुटन गर्नको लागि चाहिने पर्याप्त शिक्षण सामग्री तयार नगरेको पाइयो। त्यसैगरी, उक्त प्रतिवेदनले नेपाललाई उच्च शिक्षा निजी संस्थाद्वारा प्रदान गरिने देशको रूपमा पहिचान गरेको छ। देशको सम्पूर्ण संरचनालाई समाजवाद उन्मुख सरकारलाई घरपरिवारको खर्चको ठूलो हिस्सा शिक्षामा हुने तथ्यलाई ध्यानमा राख्नु पर्ने हो। जबसम्म राज्य आधारभूत शिक्षाको लागि वयस्कहरूले संघर्ष गर्नुपर्ने अवस्थाबाट बाहिर आउँदैन र शिक्षामा लगानी ठूलो हुन्छ कल्याणकारी राज्यको स्थापना एक कठिन कार्य बन्छ। विद्यालय शिक्षाको वास्तविक अवस्थालाई अवलोकन गर्ने सन्दर्भमा हरिहरपुरगढी गाउँपालिकाका १० विद्यालयको एक झलक प्रस्तुत गरिएको छ।

१. विशेष गरी ग्रामीण क्षेत्रमा भएका विद्यालयमा स्कूलमा थोरै मात्र सिकाइ हुन्छ। जीइएमले उल्लेख गरेअनुसार नेपाल ती राष्ट्रहरूमध्ये पर्छ जहाँ वञ्चित समूहको दयनीय अवस्थालाई पर्याप्त ध्यान दिइएको छैन। सामान्यतया त्यस्तो अवस्थामा ग्रामीण परिवेश जोडिएर आउँछ। परीक्षामा बालबालिकाको प्राप्ताङ्क पनि चिन्ताको विषय हो। परीक्षाको प्राप्ताङ्क मात्र शैक्षिक प्राप्ति तथा स्तर मापनको आधार हुन सक्दैन र हुनु हुँदैन। तर, देशभरिको शैक्षिक स्थितिको अवस्था र प्रणालीलाई हेर्दा, परीक्षाको प्राप्ताङ्कलाई पनि महत्त्वपूर्ण मान्नुपर्छ। सर्वेक्षण गरिएका विद्यालयमा विद्यार्थीले औसतमा ५० प्रतिशत अङ्क प्राप्त गर्छन्। तर यसको निष्पक्षताबारे अझै शंका छ। विषयबीचको झिनो अन्तरले उक्त आशंकालाई टेवा दिन्छ। यो अन्तर "जटिल" मानिएका विषयमा मात्र होइन "सजिलो" ठानिएका विषयमा पनि लागु हुन्छ। परीक्षाको प्राप्ताङ्कको सन्दर्भमा सार्वजनिक विद्यालयले विद्यार्थी र अभिभावकलाई उत्साह र आशा दिलाउन असफल भएका छन्।

२. तथापि, ती सबै विषयहरूमा विद्यार्थीहरूको समान अङ्कको हुनुको स्थिति पछि एउटा तर्क छ– विद्यार्थी र शिक्षकको ठूला हिस्साको लागि नेपाली मातृभाषा होइन र सबै पाठ्यपुस्तक नेपाली भाषामा छन् । अध्यापनको माध्यम पनि नेपाली नै हो । धेरै विद्यार्थी जनजाति समूह, विशेष गरी तामाङ र दनुवार राई भएकोले अध्यापनको माध्यम नेपाली भाषा हुनु सिकाइ प्रक्रियाको लागि अवरोध भएको देखिन्छ । यस्तो स्थितिमा शिक्षकले सहयोगी भूमिका निर्वाह गर्न सक्छन् । तर धेरै शिक्षकको भाषिक सिकाइको स्थिति पनि अहिलेका विद्यार्थीको जस्तै भएको हुँदा यो सम्भावना पनि धेरै न्यून देखिन्छ ।

३. विद्यालयहरू शिक्षकको अनुपलब्धताबाट ग्रस्त छन् र त्यसैगरी कसरी र कहिले शिक्षक उपलब्ध हुन्छन् भन्ने अनिश्चित स्थितिबाट पनि पीडित छन् । अधिकांश शिक्षिकाहरूले विद्यालय स्तरको शिक्षा हासिल गरेका छन् र यो योग्यताले हाम्रो विद्यालयको गुणस्तर राम्रो भएको भए पर्याप्त हुन्थ्यो । तर, हाम्रो विद्यालय शिक्षाको गुणस्तरमाथिको संशयले गर्दा यो योग्यता अपुग देखिन्छ । यस सन्दर्भमा- शिक्षक प्रशिक्षण महत्त्वपूर्ण छ । विद्यालयको आन्तरिक स्रोत तथा कोषबाट राखिएका शिक्षकलाई प्रशिक्षणको लागि पठाइँदैन । विद्यालयमा आधारभूत पूर्वाधारको समस्या छैन । प्रायः सबै विद्यालयमा सिकाइ प्रक्रिया पूरा गर्न आवश्यक पूर्वाधार उपलब्ध देखिन्छ । यद्यपि, केही विद्यालय निर्माण प्रक्रियामा नै छन् । विद्यालयमा विद्यार्थीको संख्या घटे तापनि आधारभूत पूर्वाधार निर्माण गर्ने प्रक्रिया भने बढेकै छ ।

४. स्वतः जो कसैले निष्कर्ष निकाल्न सक्छ, विद्यालयका आधारभूत पूर्वाधार निर्माण गर्नु पछाडि विशुद्ध प्राज्ञिक फाइदा बाहेक अन्य स्वार्थ पनि छन् । सञ्चारमाध्यमले बारम्बार शिक्षामा भ्रष्टाचार भएका प्रतिवेदन सार्वजनिक गर्दै आएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)मा दर्ता भएका उजुरीमध्ये सबैभन्दा धेरै शिक्षा क्षेत्रसम्बन्धी छन् । अन्तर्राष्ट्रिय समुदायले नेपाललाई शिक्षा क्षेत्रमा पनि समुदाय सहभागिताको लागि पहिचान गरे तापनि भ्रष्टाचार नेपालको शिक्षामा एक रोग जस्तै भएको छ । उक्त भष्टाचार धेरैजसो विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबीच हुने अपवित्र गठबन्धनले गर्दा हुने गरेको आकलन गरिन्छ । नगरपालिका तथा गाउँपालिका र विद्यालय व्यस्थापनका प्रमुख सरोकारवाला भए तापनि

सरकारी एजेन्सी र गैरसरकारी निकायमा संरचना निर्माण गर्दा हुने भ्रष्टाचार र घोटलामा कमी आएको छैन ।

५. विद्यालय वरिपरिको वातावरण हरियाली बनाउने उद्देश्य पूरा हुनको लागि भने लामो समय लाग्ने देखिन्छ। विद्यालय परिसर वरिपरि पर्खाल उठाउनको लागि टन्नै लगानी भएको छ तर हरियो बार भने एउटै देखिदैन ।

सञ्चारमाध्यम समाजको ऐना हो भन्ने मान्यता अनुसार सञ्चारमाध्यममा शिक्षा कसरी चित्रित गरिएको छ भन्ने जान्नको लागि यो एउटा प्रयास गरिएको छ। यद्यपि, सञ्चारमाध्यम पनि दृष्टिकोणको निर्माण गर्न र समाजमा यसको प्रभाव छोड्न प्रभावकारी देखिन्छ । यसको एउटा उदाहरण चिकित्सा हो । शिक्षाको सामान्य विषयवस्तुलाई हेर्ने हो भने शिक्षाको कभरेज क्षेत्र बढेको छ। अझ भन्ने हो भने दोब्बर भएको छ। सीइपीपीले विगतका केही वर्षदेखि सञ्चारमाध्यममा शिक्षाको चित्रणबारे अध्ययन गरिरहेको छ। सञ्चारमाध्यमले शिक्षाको चित्र कस्तो निर्माण गरेको छ भन्ने विषय पनि यो वर्षदेखि मूल्याङ्कनको पाटो भएको छ । हाम्रो ध्यान पहिलेका वर्षमा छनौट तथा अवलोकन गरिएका सञ्चारमाध्यममा नै केन्द्रित गरिएको छ। यद्यपि, अनलाइन सञ्चारमाध्यम र शिक्षा क्षेत्रमा जोड दिने पत्रपत्रिकामा शिक्षासम्बन्धी रिपोर्ट धेरै नै भएको पाइन्छ। अनलाइनलाई पनि अहिले हामीले विश्लेषणको क्षेत्र बनाएका थियौं । एक महिनासम्मको हाम्रो अध्ययन तथा अनुसन्धानले बताए अनुसार धेरै अनलाइन सञ्चारमाध्यमले मूलधारका छापा सञ्चारमाध्यमले छापेको विषयवस्तु तथा समाचारलाई नै पुनः प्रकाशित गरेको देखिन्छ। यद्यपि, केही अवस्थामा रिपोर्टिङ र दृष्टिकोणमा केही विविधता देखिन्छ। अहिले प्रायः सबै छापा पत्रिकाको पनि अनलाइन संस्करण छन् ।

डा. केसीको आन्दोलन र भोक हडताल जस्तो आन्दोलनले शैक्षिक मुद्दामा राजनीतिक रंग नमिसिएसम्म शिक्षा क्षेत्रको विषयले निर्णायक ध्यान तान्न सक्दैन। यो अलि निराशाजनक देखिन्छ।

शैक्षिक मुद्दाको रिपोर्टिङ वास्तवमै बढेको छ र रिपोर्टमा विविधता पनि देखिन्छ। तथापि, विषयवस्तु शिक्षाकै भए पनि यदि विषयवस्तु राजनीतिक प्रकृतिको छैन भने सञ्चारमाध्यमले रिपोर्टिङमा शिक्षा प्रणालीका सामान्य आधारभूत मुद्दाहरू जस्तै परीक्षा र नतिजालाई मात्र ध्यान दिन्छन् । बढीमा सञ्चारमाध्यमले बेलाबेलामा शिक्षक तथा शिक्षक संगठनले गर्ने विभिन्न आन्दोलनको रिपोर्टिङ गर्छन् । यी मुद्दा

आफैंमा प्राज्ञिक तथा शैक्षिक प्रकृतिका हुनुको सट्टा राजनीतिक हुन्छन् । यस्तो प्रकारको रिपोर्टिङ आफैंमा शिक्षासम्बन्धी रिपोर्टिङ त हुन्छ तर शैक्षिक विषयवस्तुको अन्तस्करणमा भने पुग्न सक्दैन। उदाहरणको लागि, अभिभावकबारे सञ्चारमाध्यमले गरेको रिपोर्टिङ थोरै मात्रामा मात्र वृद्धि भएको छ। नेपालको शिक्षा अन्तर्राष्ट्रिय दाताबाट निकै प्रभावित छ भनिए पनि शिक्षाबारे सञ्चारमाध्यममा अन्तर्राष्ट्रिय समाचार बिरलै भेटिन्छन् ।

# ख मुख्य शिक्षा नीतिहरू

यो अध्याय सरकारले प्रावधानमा राखेका मुख्य नीतिगत परिवर्तनबारे केन्द्रित छ। यो अध्यायको उद्देश्य शिक्षालाई नीतिगत दृष्टिकोणबाट यो वर्षको शिक्षालाई समीक्षा गर्नु हो। संविधानको घोषणा भए तापनि अन्य क्षेत्रमा जस्तै शिक्षाको पनि संविधानमा नीति, नियमन र प्रक्रियालाई व्याख्या गरिएको प्रणालीबद्ध दृष्टिकोण छैन।

## १. चिकित्सा शिक्षासम्बन्धी माथेमा आयोगको प्रतिवेदन

जहाँसम्म राष्ट्रिय राजनीतिमा शैक्षिक मुद्दाको सन्दर्भ छ, यो वर्ष चिकित्सा शिक्षाले नै ठूलो ध्यान केन्द्रित गऱ्यो। धैरैपटकसम्म उनका मागलाई सम्बोधन नगरिएपछि लामो समयदेखि आन्दोलनरत डाक्टर केसी पन्ध्रौं पटक अनशनमा बसे। उनका सबै हड्तालमा उनले चिकित्सा शिक्षाको गैर-व्यावसायीकरण र प्राज्ञिक संस्थामाथि नियन्त्रण गर्नुपर्ने आवश्यकताको लागि वकालत गरे।

उनले चिकित्सा शिक्षामा व्याप्त थुप्रै समकालीन विसंगतिहरूको सम्बोधन र व्यवस्थापन गर्नुपर्नेमा जोड दिइरहेका छन्। संक्षेपमा उनले वर्तमान विश्वविद्यालयसँग पर्याप्त नियमन क्षमता नभएको कारण कुनै पनि विश्वविद्यालयले पाँचभन्दा बढी कलेजलाई सम्बन्धन दिन नपाउने तर्क राखे। त्यसैगरी उनको अर्को माग थियो– काठमाडौं उपत्यकाभित्र अबको दश वर्ष सम्बन्धन दिनुको कुनै औचित्य छैन। किनकि, सम्बन्धन दिइएका कलेजले पनि आधिकारिक रूपमै दिइएका विद्यार्थी कोटा पूरा गर्न सकिरहेका छैनन्। उनका मागको आधार हो– अहिले सञ्चालन

भएका मेडिकल कलेजमा पर्याप्त पूर्वाधार र सुविधा छैनन् र केबल पैसाको आडले मात्र चलिरहेका छन् ।

गत सरकारले उनका मागलाई सम्बोधन गर्न र सरकारलाई सुझाव दिनको लागि प्राध्यापक केदारभक्त माथेमाको नेतृत्वमा एउटा आयोग गठन गऱ्यो । उक्त आयोगले आन्दोलनरत केसीको मागलाई अंगिकार गऱ्यो र आयोगका सदस्यले केसीको मागको समर्थन गर्दै सरकारलाई आवश्यक सुझाव बुझाए । फलस्वरूप, केसीका सबै मागलाई समेटेर मेडिकल शिक्षा विधेयकको मस्यौदा तयार भयो ।

**पन्ध्रौं भोक हड्तालका मुख्य बुँदाः**

१. मागका कुनै बुँदा परिवर्तन नगरी संसदद्वारा चिकित्सा शिक्षा अध्यादेश प्रतिस्थापन विधेयकको अनुमोदन ।

२. यसको एमबीबीएस् र अन्य स्नातकोत्तर कार्यक्रमको लागि केआइएचएसमा उचित पूर्वाधार विकास र पर्याप्त मानव संसाधनको विकास । राप्ती एकेडेमी हेल्थ साइन्स र गेट मेडिकल कलेजको गतिशील निर्माणका साथै पाँचथर-इलाम, डडेलधुरा-डोटी र उदयपुर सरकारी मेडिकल कलेजको स्थापना ।

३. सरकारले माइतीघर मण्डलामा हुने आन्दोलन र प्रदर्शनमा लगाएको निषेध फिर्ता गर्नुपर्ने ।

४. न्यायिक अनुसन्धान आयोगद्वारा चिकित्सा शिक्षासँग सम्बन्धित कार्यमा दोषी मानिएका व्यक्तिलाई कार्बाही हुनुपर्ने र कार्बाही आयोगले सिफारिस गरेअनुसार कार्यान्वयन हुनुपर्ने । त्रिभुवन विश्वविद्यालयले मेडिकल संस्थाबाट लिएको अख्तियार मेडिकल संस्थाको स्वायत्तताको लागि पुनर्स्थापना गरिनुपर्ने ।

५. विश्वविद्यालय अनुदान आयोगद्वारा अधिकारीको लागि निर्धारण गरिएको मानकको कार्यान्वयन ।

६. छात्रवृत्ति व्यवस्थापन र परिचालन प्रक्रिया- २०७५ को विघटन र छात्रवृत्ति प्राप्त गरी स्नातक वा त्योभन्दा बढी अध्ययन गरेका विद्यार्थीले अनिवार्य रूपमा २ वर्ष सरकारी संस्थामा सेवा गर्नुपर्ने ।

७. जानकी मेडिकल कलेजका विद्यार्थीप्रतिको गैरजिम्मेवारीमा संलग्न व्यक्तिको गिरफ्तारी, जुन कलेज अहिले बन्द छ र यसका विद्यार्थीले अनिश्चित भविष्यको सामना गर्दैछन् ।

"समाजवाद"को स्थापनामा लागि परेको एउटा मार्क्सवादी गठबन्धनको सरकारलाई नागरिक जिम्मेवारी बोध गराउन एउटा डाक्टर आन्दोलनरत हुनु आफैंमा एउटा विडम्बना हो । यो रिपोर्ट तयार गर्ने समयसम्म डाक्टर केसीको भोक हड्ताल पन्ध्रौं पटक पुगेको थियो । यसपाली उनी जुम्लामा हड्ताल बसे । यो हड्तालसँग अन्य विरोध तथा आन्दोलन पनि जोडिए र नागरिक समाजका धेरै समूहको साथ तथा सहयोग पनि रह्यो ।

नयाँ संविधानले आधारभूत शिक्षालाई नागरिकको मौलिक अधिकारको रूपमा राखेको छ र संविधानमा विद्यालय शिक्षा निःशुल्क तथा अनिवार्य हुने प्रावधान छ । नयाँ संविधानले गरेको यो घोषणाको सन्दर्भमा यसले छलफलको उठान गऱ्यो र शिक्षाका समग्र विषयको छलफलको लागि पनि प्रेरणा बन्यो । प्राथमिक तहको पाठ्यक्रममा महत्त्वपूर्ण ठानिने व्यावसायिक सीप र दक्षता हासिल गरेकाबाट सञ्चालित निजी विद्यालयमा मात्र पाँच भागको एक भाग जस्तो केटाकेटी जाने अनुमान गरिन्छ ।

आयोगको प्रतिवेदन अनुसार संविधानले केही निश्चित कामलाई युवामा हीन भावना पैदा गर्ने र अहिले शिक्षा, ज्ञान तथा प्रतिभा आर्जन गर्ने माध्यम नभएर एउटा बेच्नयोग्य सामग्री भएको जिकिर गरेको छ । प्रतिवेदनले वार्षिक योजनामा देखिने कमीकमजोरीलाई सम्बोधन तथा सुधार गर्नुपर्ने आवश्यकतालाई उजागर गरेको छ। त्यसैगरी यसले समुदाय र विद्यालयबीच देखिने दुरीको पनि अवलोकन गरेको छ। अर्को, नियमित विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा समावेश गर्नुपर्ने टड्कारो स्थितिलाई पनि पहिचान गरेको छ । सरकारले अध्यादेशलाई कसरी प्रस्तुत गर्छ र संसदले यसको समर्थन कसरी गर्छ भन्ने हेर्न भने अझै बाँकी छ। यो सम्भवतः शैक्षिक सुशासनको इतिहासमा व्यापक रूपमा छलफल भएको र सबैभन्दा लामो अध्यादेश हो ।

## २. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप

अन्य मुख्य नीतिगत परिवर्तनमध्ये राष्ट्रिय पाठ्यक्रम प्रारूपको सुधार एक हो । पछिल्लो पाठ्यक्रम २००७ मा तर्जुमा गरिएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूपको मस्यौदामा खास गरी सीइपीपीले गरेको टिप्पणीलाई समावेश गरी यो अध्यायमा यो दस्तावेजमाथि छोटो टिप्पणी गरिन्छ ।

### सकारात्मक पक्ष

पढाइको मूल्याङ्कन अझै पनि अभ्यासमा छ तर सिकाइको वास्तविक मूल्याङ्कन हुन भने बाँकी छ । नेपालमा विद्यालय शिक्षामा कम देखिने पक्ष– पाठ्यक्रम र पाठ्यपुस्तकभित्रका विषयवस्तु अन्य पक्ष जस्तै शिक्षण विधि, परीक्षा र शिक्षक व्यवस्थापनको तुलनामा अपेक्षाकृत स्तरमा छन् । दस्तावेजमा वर्तमान शिक्षा प्रणालीको सीमाहरूलाई सम्बोधन गर्न विभिन्न पक्षको विश्लेषण र फरक दृष्टिकोणबाट हेर्ने प्रयास गरिए तापनि विद्यालय शिक्षाले सामना गरेको समस्याको स्पष्ट र विस्तृत चित्रलाई भने महसूस गर्न तथा उतार्न सकेको छैन । दस्तावेजले पाठ्यक्रमलाई परिस्थिति सुहाउँदो बनाउन र यसलाई व्यवहारमा उतार्न सामाजिक वास्तविकताले ल्याएको समस्यालाई पहिचान गरेको छ । यद्यपि, विज्ञान तथा प्रविधिसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सामाजिक तथा राजनीतिक परिवर्तन तीव्र भएको बेला शिक्षा नीतिको पुनरावलोकन गर्नु एउटा प्रगतिशील कदम हो । यो दस्तावेजले वर्तमान शिक्षा प्रणालीको मूल्याङ्कन प्रक्रिया रटेर विषयवस्तु र जानकारी याद गर्ने प्रवृत्तिभन्दा पर जानु पर्ने आवश्यकतालाई पनि पहिचान गरेको छ । त्यसैगरी दस्तावेजमा अर्को सकारात्मक पक्ष पनि छ- यसले पूर्व बाल्यावस्था विकासमा पोषण, स्वच्छ अभ्यास र रचनात्मक सोचाइ पनि समावेश गरिनु पर्छ । प्राथमिक तहका सिकाइ क्रियाकलापमा पनि भाषा विकासलाई जोड दिनु दस्तावेजको सकारात्मक पक्ष हो ।

त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूपले मातृभाषाको छनौट र पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ विधिको सिर्जना तथा रचना गर्ने अख्तियार विद्यालयलाई वा स्थानीय तह मातहतको सम्बन्धित निकायलाई सुनिश्चित गर्नुपर्नेमा जोड दिन्छ । विद्यार्थीको मूल्याङ्कन र प्रमाणीकरणको लागि विद्यार्थीको व्यक्तिगत अभिलेख राख्नुपर्ने र प्रगति मूल्याङ्कन प्रक्रिया बालमनोविज्ञान विधिमा आधारित रहेर नियमित तथा संवेदनशील भएर गर्नुपर्नेमा जोड दिएको छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न विद्यालयमा सिकाइको वातावरण उपयुक्त र उत्साहजनक हुनुपर्छ र दस्तावेजले विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदाय लगायत सम्पूर्ण सरोकारवालाको भूमिका गहन हुने तर्क राखेको छ ।


### सुधार गर्नुपर्ने पक्ष

दस्तावेजमा अहिलेको विद्यालय शिक्षा र समग्र शिक्षाका समस्यालाई सम्बोधन गर्न गरिएका धेरै सह्रानिय प्रयासहरूको पहिचान गरिएका छन् । यद्यपि, विद्यालय

शिक्षाको गुणात्मक सुधारको लागि शिक्षाको वर्तमान सन्दर्भलाई नीति निर्माता र समग्रमा समाजले बुझ्नु आवश्यक छ। बालकको उमेर र परिपक्वताको स्तरअनुसार ज्ञानको प्रस्तुतीकरणले अहिलेका धेरै समस्यालाई समाधान गर्न सक्छ । यसको लागि व्यवहारमा कुशल, दक्ष तथा संसाधनयुक्त शिक्षक हुनु आवश्यक हुन्छ।

नीतिकार र समाजको सन्दर्भको गहन बुझाइ आवश्यक छ । उपयुक्त ज्ञानको राम्रो प्याकेज प्रस्तुति वर्तमानमा बालबालिकाको उमेर र परिपक्वतासँग सम्बन्धित उठाइएका धेरै समस्याहरू समाधान गर्न सक्छ। यसका लागि व्यवहारमा संसाधनयुक्त र कुशल शिक्षक चाहिन्छ । त्यसकारण पाठ्यक्रमले विद्यार्थीको पूर्वज्ञान र सीपमा आधारित सबैभन्दा सान्दर्भिक स्थानीय वातावरणलाई जोड दिनुपर्छ। जब बालबालिकामा स्थानीय तथा आफ्नो परिवेश अनुसारको ज्ञानमाथि नियन्त्रण हुन्छ, उनीहरूले आधारभूत क्षमताको विकास गर्न सक्छन् । त्यसपछि मात्र उनीहरूले शिक्षाका विश्वव्यापी तथा अन्तर्राष्ट्रिय अवधारणा सिक्नको लागि आफ्नो ध्यान केन्द्रित गर्न सक्छन् ।

शिक्षामा देखिएको वर्तमान सङ्कट भनेको शिक्षित र अशिक्षितबीच नदेखिने भिन्नता हो। अहिले फरक प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुमा मात्र देखिन्छ। केही हदसम्म यो समस्याको समाधान पाठ्यक्रमलाई समय र परिवेश अनुकूल परिमार्जन गर्दा गर्न सकिन्छ भने परीक्षा प्रणाली तथा प्रश्नपत्रको गुणस्तर सुधारले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यसै विषयसम्बन्धी शिक्षक प्रशिक्षणजस्तो मुख्य कुरा भने यो दस्तावेजमा छुटेको छ। समग्र शैक्षिक क्रियाकलाप- विषयवस्तु निर्माण, विषयवस्तुको प्रस्तुति, शिक्षण सामग्रीको रचना, प्रश्नपत्र तथा अभ्यास सामग्रीको वैज्ञानिक ढाँचाको लागि शिक्षक प्रशिक्षण अत्यन्त महत्त्वपूर्ण हुन्छ । मूल्याङ्कन प्रक्रियामा मौखिक परीक्षा पनि समावेश हुनुपर्छ, विशेष गरी प्राथमिक तहमा । शिक्षक तथा विद्यालयप्रतिको विश्वासको अभावबाट छुटकारा पाउनु जरुरी छ । शैक्षिक संस्थाको संस्थागत क्षमता बलियो बनाउनको लागि संस्थाको सार्वभौमिकता र समुदायिक स्वामित्वको वृद्धि हुन आवश्यक छ।



चित्र १ ब्रहमाण्डभित्र आफू

भाषाको मुद्दा एकैसाथ राजनीतिक र सामाजिक-आर्थिक हो । अध्यापनको माध्यम भाषाबारे दस्तावेज स्पष्ट छैन, विशेष गरी अध्यापनको भाषा विद्यार्थीलाई दोस्रो भाषा हुने सन्दर्भमा । धेरै विद्यार्थीको लागि नेपाली र अंग्रेजी दुवै भाषा दोस्रो भाषा हुन् । यो समस्याको पहिचान तथा सम्बोधन भएको छैन । नेपाली र अंग्रेजी दुवै दोस्रो भाषाको रूपमा अध्यापन गराइनु पर्ने आवश्यकतालाई दस्तावेजले पहिचान गर्नु पर्छ ।

कुनै विद्यार्थी दोस्रो भाषामा असफल हुनु हुँदैन । हिन्दी, मन्दारिन र अन्य क्षेत्रका भाषा, ती क्षेत्र जहाँ युवा काम गर्नका लागि जान्छन् त्यस क्षेत्रका भाषा जस्तै मलेय, अरबी सिकाउने प्रक्रियाको सुरुवात गर्नेतर्फ ध्यान दिनुपर्छ । अध्यापनमा अर्को समस्या पनि छ । भाषा सिकाइने कक्षामा समेत भाषाको सिकाइ र यसको व्यावहारिक अभ्यासभन्दा पाठ्यपुस्तक पढाउने र तोकिएको विषयवस्तुलाई पूरा गर्नेमा मात्र ध्यान पुऱ्याइएको हुन्छ ।

विद्यालयले विद्यार्थीलाई स्थानीय ज्ञान र परम्परागत सीपबाट अलग्याउँदै गएको छ । पाठ्यक्रमले यो समस्यालाई सम्बोधन गर्नुपर्छ । पाठ्यक्रमको ढाँचा तथा स्वरूपले स्थानीय सन्दर्भ र विश्वव्यापी बजार तथा अर्थव्यवस्था र विद्यार्थीलाई आवश्यक पर्ने तत्काल र दीर्घकालीन आवश्यकताबीच सन्तुलन गर्नु जरुरी छ । पाठ्यक्रमले सिकाइ प्रक्रियामा अभिनव र रचनात्मकतालाई प्रोत्साहित गर्नुपर्छ ।

यसले सिकाइ प्रक्रियामा विद्यार्थीमा विश्लेषणात्मक सोच सिर्जना गर्नेबारे ध्यान दिएको छैन र प्राथमिक तहको शिक्षालाई बेवास्ता गर्ने विद्यमान मानसिकतालाई पनि सम्बोधन गर्न सकेको छैन । शिक्षकको क्षमता निर्माणमा शिक्षकलाई प्रशिक्षण दिई प्राथमिक तहको सिकाइ प्रक्रियालाई चुस्त बनाउन सकिन्छ । प्राथमिक तहको शिक्षा नै त्योभन्दा पछि आउने शिक्षाको आधार हो र यसको स्तर गुणात्मक हुनुपर्छ भन्ने कुरामा दस्तावेजले जोड दिनु आवश्यक छ । पाठ्यक्रममा आत्मनिर्भरता, स्वतन्त्रता, दिगोपन, पारिस्थितिकी पद्धति र पर्यावरण सम्बन्धी मूल्य तथा मान्यता पनि समावेश हुनुपर्छ ।

हाम्रो समाजमा केही हदसम्म सूचना प्रविधिको मुख्य पक्ष भनेको उपकरणहरू मात्र हुन् भन्ने गलत धारणा छ । यो समय सूचना तथा सञ्चार प्रविधिको हदभन्दा बढी र अनुपयुक्त प्रयोगले ल्याउने विचलनप्रति पनि ध्यान दिने समय हो । यस्ता सामग्रीको प्रयोग र सहयोगबिना शिक्षकले विद्यार्थीलाई केही न्यूनतम कुरा सिकाउन सकेन भने यस्ता सामग्रीको प्रयोगले केही अर्थ राख्दैन ।

भाषिक विविधता राम्रो शिक्षाको समस्याको रूपमा मानिएको छ । यस्तो मानसिकता परिवर्तन गर्न आवश्यक छ । प्रगतिको बाधाको रूपमा बहुभाषा लिनु औपनिवेशिक मानसिकताको उदाहरण हो जसले कुनै भाषा प्रयोग गरेर बालबालिकाले महसूस गर्ने हिनताबोधलाई अझ बलियो बनाउँछ ।

दस्तावेजले विद्यालय शिक्षालाई उपयुक्त विषयवस्तुको छनौट, निर्माणमा विश्वविद्यालय, विशेष गरी त्रिभुवन विश्वविद्यालयमा शिक्षा संकायको विचारणीय अवस्थालाई पहिचान गरेको छैन । त्यसै गरी शिक्षा मन्त्रालयको मातहतमा आउने (मानव संसाधन विकास र शिक्षक तालिम) अन्य इकाइहरूले विद्यालय शिक्षा सुधारमा गर्न सक्ने योगदानबारे पनि दस्तावेज स्पष्ट छैन । विशेष गरी ग्रामीण क्षेत्रका सार्वजनिक विद्यालय सुधार गर्नको लागि नागरिक समाजले गर्न सक्ने पहल र प्रयासलाई पनि दस्तावेजमा पहिचान गरिएको छैन । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (एनसीइडी) र पाठ्यक्रम विकास केन्द्र (सीडीसी) को भूमिका लगायत विद्यालय शिक्षा सुधार तथा विकासका प्रतिनिधि पात्रको विशेष भूमिकाबारे एउटा छुट्टै विश्लेषण हुनु आवश्यक छ ।

राम्रोसँग तर्जुमा गरिएको पाठ्यक्रमले विद्यार्थीको सिक्ने क्षमताको सम्भावनालाई प्रोत्साहित गर्छ । त्यसैगरी यस्तो पाठ्यक्रमले सिकाइ प्रक्रियामा विद्यार्थीको रचनात्मक र विश्लेषणात्मक चिन्तन तथा विद्यार्थीको सिकाइ स्वायत्ततालाई पनि उत्साहित गर्छ र बालबालिकाको सर्वाङ्गीण विकासको लागि शिक्षाद्वारा बालविकासको सवाललाई हेर्दा सिकाइ प्रक्रिया बखत बालबालिकाको खुसीलाई पनि ध्यान दिनुपर्छ ।

अहिलेको परिप्रेक्ष्यमा पाठ्यक्रम समावेशी हुनु आवश्यक छ । त्यसकारण पाठयक्रम निर्धारिण गर्दा विविध सामाजिक तथा सांस्कृतिक परिवेश भएका विद्यार्थीलाई आफू पाठ्यक्रमभित्र समेटिएको महसूस गराउनु पर्ने हुन्छ र शिक्षण सामग्री पनि उनीहरू परिवेश र परिप्रेक्ष्य अनुरूप हुनुपर्छ । स्थानीय परिप्रेक्ष्य र परिवेश अनुरूप पर्यावरण जागरूकता, आत्मसम्मान, स्वास्थ्य र सरसफाइ सम्बन्धी जानकारी तथा ज्ञान समावेश गर्न महत्त्वपूर्ण हुन्छ । त्यसैगरी, विद्यालयको पाठ्यक्रममा पूर्वीय दर्शनशास्त्रको सार पनि ल्याउनुपर्दछ ।

प्रभावकारी सिकाइ तथा अध्यापन प्रक्रियाको लागि पाठ्यक्रमले स्थानीय भाषामा सम्बन्धित शिक्षकको दक्षतालाई पनि ध्यान दिनुपर्छ । पाठ्यक्रमको

बालबालिकाको बहुभाषिक क्षमताको बढाउने उद्देश्य हुनुपर्छ र उनलाई मातृभाषा र दोस्रो भाषा दुवैमा सशक्त बनाइनु पर्छ।

नीतिले पाठ्यपुस्तिकामा मात्र ध्यान केन्द्रित गर्नुको सट्टामा विविध शिक्षण विधि र भिन्न-भिन्न सिक्ने तरीकामा ध्यान केन्द्रित गर्नुपर्छ । पाठ्यक्रम अनुसार रचिएका बहुपरिवेशलाई सम्बोधन गर्ने पाठ्यपुस्तकले विद्यार्थीलाई पढिरहेको शीर्षकलाई आफ्नो वरिपरिको परिवेश अनुसार बुझ्न र मनन गर्ने ठाउँ दिन्छ । त्यसकारण नीति तथा रणनीतिले यस्ता पाठ्यपुस्तकको रचना र शिक्षण सामग्री निर्माणमा जोड दिनु आवश्यक छ । विद्यार्थीको परिणामलाई शिक्षकले गर्ने मूल्याङ्कन आधार बनाउनु पर्छ। विद्यार्थीहरूको मूल्याङ्कन त्यस्ता प्रश्न र गतिविधिमा आधारित हुनुपर्छ जसले रचनात्मक र मौलिक सोच, सहयोग र सहकार्यको भावनालाई प्रोत्साहित गर्दछ र मूल्याङ्कन प्रक्रियाले विद्यार्थीमा आउने परीक्षाप्रति र शैक्षिक प्रदर्शनको दबाबलाई कम गर्नुपर्छ । परीक्षामा मौखिक मूल्याङ्कन पनि समावेश गर्न सकिन्छ र विशेष गरी प्राथमिक तहमा परीक्षाले सिकाइको व्यावहारिक पक्षलाई ध्यान दिनुपर्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई बढी गतिशील र सान्दर्भिक बनाउनको लागि फरक-फरक सरोकारवालालाई समावेश गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप गठनको प्रक्रिया अझ बढी सहभागीमूलक बनाउनु पर्छ जसले गर्दा यो प्रारूप सबै सम्बन्धित सरोकारवालाको आवश्यकता अनुकूल हुनसक्छ र कार्यान्वयन प्रक्रियामा उनीहरूको सक्रिय सहभागितालाई सुनिश्चित गर्छ । निजी शिक्षा क्षेत्र सुधारको प्रयास गर्नुअघि निजी शैक्षिक संस्था र समाज र शिक्षाबीचको घनिष्ठ सम्बन्धलाई गहन तरीकाले बुझ्नु आवश्यक छ।

यद्यपि, आयोग गठन गर्ने जस्तो महत्त्वपूर्ण काम पनि हतारमा गरिएको छ। टिप्पणी सङ्कलन तथा विश्लेषण गर्नको लागि मात्र १५ दिन दिइएको थियो (र, सीइपीपीले बुझाएको प्रतिक्रिया तथा विश्लेषणलाई पनि स्वीकार गरिएन, जुन सरकारी निकायको हठी व्यवहारको एउटा उदाहरण हो) । फलस्वरूप पाठ्यक्रममा गणित विषयलाई पर्याप्त महत्त्व नदिएको कारण आयोगले गणित शिक्षक संगठनबाट गम्भीर आलोचना खेप्नु पर्‍यो । भनिन्छ, गणित विषय सुरुको सर्वेक्षणमा समावेश गरिएको थियो । थप बिडम्बना के छ भने यो आयोगको गठनको बेला शिक्षा आयोग निश्क्रिय थियो र पुनर्गठनको प्रक्रियामा थियो । नयाँ पाठ्यक्रम प्रारूपको कार्यान्वयन स्थितिबारे यो प्रतिवेदन तयार पारेर सक्ने बेलासम्म कुनै जानकारी थिएन।

## ३. शिक्षाको अधिकार विधेयकमा निःशुल्क र अनिवार्य शिक्षा

नेपालको संविधानले आधारभूत शिक्षालाई नेपाली नागरिकको मौलिक अधिकारको रूपमा पहिचान गरेको छ । वर्तमान संविधानले उल्लेख गरेअनुसार संविधान घोषणा गरेको दुई वर्षभित्र शिक्षासम्बन्धी कानून बनाई लागु गर्नुपर्ने थियो । यसको कार्यान्वयनको लागि सरकारले अनुमोदनको लागि संसदमा पेश गर्नको लागि एउटा विधेयकको मस्यौदा तयार गऱ्यो । यो विधेयक एउटा विस्तृत शैक्षिक कानूनको अंश हुनसक्ने भए तापनि "निःशुल्क र अनिवार्य शिक्षा"लाई नागरिकको मौलिक अधिकारको रूपमा सम्बोधन गर्नको लागि यो विधेयकको तर्जुमा गरेको हो । यो मस्यौदा विधेयक मुख्य विशेषता निम्न छन् ।

**विधेयकका मुख्य विशेषता :**

इतिहासमा पहिलो पटक आधारभूत शिक्षा राज्यको जिम्मेवारी भएको आश्वासन सरकारले दिएको छ । यसको साथसाथै, विधेयक अनुसार सरकारले आफ्ना छोराछोरीलाई विद्यालय नपठाएको दोष अभिभावकलाई लगाएको छ । यद्यपि, बालबालिका विद्यालय नजानुमा अभिभावकको इच्छाभन्दा अन्य अवरोध तथा अड्चनको भूमिका बढी महत्त्वपूर्ण छ ।

अभिभावकले छोराछोरी विद्यालय नपठाउने अवस्थाबाहेक जुनसुकै कारणको लागि विद्यार्थीलाई विद्यालयबाट निष्कासन गर्ने मान्यतालाई निषेध गरेको छ । स्थानीय तहसँगको परामर्शबिना गरे तापनि, अभिभावक नखुलेका विद्यार्थीको जिम्मेवारी पनि राज्यको हुने जिकिर विधेयकले गरेको छ, जुन जिम्मेवारी कल्याणकारी राज्यको एउटा मुख्य विशेषता हो ।

विधेयकले विद्यालय शिक्षामा बजेट विनियोजन गर्नको लागि सबै तहका सरकार निर्देशित पनि गरेको छ । प्रत्यक्ष रूपमा उल्लेख नगरे पनि बजेटको विनियोजन गर्दा विद्यालयमा विद्यार्थीको संख्या अनुसार गरिनुपर्छ भन्ने मान्यता विधेयकले राखेको छ । विधेयकले संघीय सरकारले अन्य तहका सरकारलाई विद्यालय शिक्षाको लागि बजेट छुट्याउने अनुमति दिनुपर्ने निर्देशन पनि दिएको छ । निःशुल्क शिक्षाको क्षेत्रभित्र औपचारिक शिक्षा मात्र नभएर प्राविधिक र विद्यालय बाहिर लिइने शिक्षा पनि पर्दछ ।

## आलोचना

### क. निजी विद्यालयप्रति स्पष्ट धारणाको अभाव

विधेयकले निजी विद्यालय व्यवस्थापनको नीति निर्माण गर्ने भन्छ, तर निजी विद्यालयको व्यवस्थापन कसरी गर्ने भन्नेप्रति स्पष्ट धारणा भने विधेयकमा छैन। यसले आउँदो संघीय शिक्षा ऐनलाई सीमित गर्ने देखिन्छ र समाजवाद उन्मुख राज्यमा विद्यालयको निजीकरणलाई सीमित गर्ने नीतिले एउटा गहन विमर्शलाई निम्त्याउँछ। माथि उल्लेख गरिएका पक्षमा यो कानून स्पष्ट छैन। उदाहरणको लागि यदि एक विद्यार्थीले निजी विद्यालयले तोक्ने शैक्षिक शुल्क तिर्न सक्दैन भने उक्त विद्यालयले शिक्षाको अधिकारलाई इन्कार गर्न सक्छ वा सक्दैन ?

त्यसैले, निजी शिक्षाको भूमिका र जिम्मेवारीको पर्याप्त छलफलपछि मात्र यसलाई नीतिमा उल्लेख गर्नुपर्छ भन्ने सुझाव दिइएको थियो । त्यस्तै, प्रावधान अनुसार निजी विद्यालयले २५५ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुपर्दछ, तर यो प्रावधानको कुनै ठोस आधार छैन।

### ख. विद्यालय र सेवाक्षेत्र

दस्तावेजले विद्यालय रहेको ठाउँ र यसले दिने सेवा क्षेत्रबीचको दूरी तथा सम्बन्धबारे ध्यान दिएको छैन। बालबालिका र परिवारलाई कुनै निश्चित विद्यालयसँग नजोड्ने हो भने अनिवार्य शिक्षा प्रावधानको व्यवस्थापन सम्भव छैन।

बालबालिकाको निःशुल्क शिक्षाको अधिकारको व्यस्थापन अलि भिन्न तरीकाले वा तार्किक ढंगबाट हुनुपर्छ। जस्तो- यदि ती बालबालिका त्यस क्षेत्रबाट बसाइँसराइ गरेर बाहिर जान्छन् भने स्वतः उनीहरूले उक्त अधिकार उपभोग गर्न पाउँदैनन् । अभिभावकमाथि जरिवाना थप्नुको सट्टा आफ्नो सेवाक्षेत्रबाट अन्यत्र पढ्ने विद्यार्थी उक्त विद्यालयको प्राथमिकतामा नपर्ने कुरामा पनि ध्यान दिनुपर्छ।

### ग. नागरिक निष्क्रिय भएको धारणा

विधेयकले नागरिकलाई असहाय र निष्क्रिय रहेको प्रतिविम्बित गरेको छ । केही अपवाद बाहेक यदि अभिभावकले बालबालिका स्कूल पठाउँदा हुने फाइदाबारे महसूस तथा मनन गर्ने अवसर पाउँछन् भने कुनै पनि आमाबाबुले छोराछोरीलाई विद्यालय बाहिर राख्न चाहँदैनन् । मुख्य मुद्दा हो– बाबुआमाले

प्रयास गर्दागर्दै पनि यदि उनीहरूले बालबालिकालाई विद्यालय पठाउन सक्षम भएनन् भने जिम्मेवार को हुने ? सार्वजनिक विद्यालयको गुणस्तरबारे जनमानसमा शंकैशंका छ । त्यसकारण यदि अभिभावकले निजी विद्यालयमा छोराछोरी पढाउन पैसा छैन भने के हुन्छ ? सार्वजनिक विद्यालयमा पठाए पनि बालबालिकको समय बर्बाद मात्र हो भन्ने कुरा अभिभावकले सोचे भने के हुन्छ ? यस्ता प्रश्नको जवाफ कसले दिने ? यस्तो अवस्था शारीरिक तथा मानसिक क्षमतामा समस्या भएका बालबालिकाको लागि अझ बढी महत्त्वपूर्ण हुन्छ । विधेयकले आधारभूत आवश्यकता जस्तै पाठ्यपुस्तक, पोशाक र खाजामा जोड दिएको छ । यद्यपि, शैक्षिक गुणस्तर सम्बन्धी अन्य गहन विषयवस्तु तथा मुद्दा भने छोडिएका छन् । विधेयकले बाबुआमालाई भौतिक संरचनाको व्यवस्थापक र दाताको भूमिकामा मात्र सीमित गरेको छ । विद्यालय शिक्षाले सामूहिक सहभागितालाई ध्यानमा राख्नु जरुरी हुन्छ । यो प्रजातान्त्रिक अभ्यासको एउटा विशेषता पनि हो ।

## केन्द्रीय नियन्त्रण

प्रादेशिक र स्थानीय सरकारसँग परामर्श भएको जस्तो देखिदैन । प्रस्तुत मस्यौदा विधेयकले केन्द्रीय सरकारबाट निकायका सरकारहरूलाई दिइएको निर्देशनजस्तो देखिन्छ । प्रादेशिक सरकारको भूमिका मस्यौदा विधेयकमा पूर्णतया अनुपस्थित छ । विशेष रूपमा असक्षम बालबालिकाका लागि विशेष शिक्षाको सन्दर्भमा अनुकूल सुविधा सहितका विशेष आवासीय विद्यालयको आवश्यकता छ । यो प्रावधान प्रादेशिक सरकारको काम तथा कर्तव्य अन्तर्गत हुन सक्थ्यो । तर यसको विस्तृत विमर्श छुट्याइएको छ ।

विद्यालय र स्थानीय सरकारको जिम्मेवारी अलग तथा स्पष्ट हुनु आवश्यक छ । निर्वाचनद्वारा चुनिएका जनप्रतिनिधिहरूको भूमिकालाई मस्यौदामा पूर्णरूपमा उपेक्षा गरिएको छ । त्यसैगरी गुणस्तर शिक्षा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका उल्लेख गरिएको छैन । स्कूलको सेवाक्षेत्र स्पष्ट तोकिएपछि र सुरक्षाको सवाल सुनिश्चित गरिएपछि निश्चित र परिभाषित उमेर समूहका छोराछोरीको पठनपाठनको जिम्मेवारी विद्यालयलाई सुम्पिन सकिन्छ । अध्यापनको भाषा छनौटको निर्णयको पनि विद्यालयलाई हस्तान्तरण गर्न सकिन्छ ।

## प्राविधिक पक्ष

केही प्रमुख मुद्दाहरू जस्तै घरमै गरिने पठनपाठन र अन्य प्राविधिक पक्षमा पर्याप्त ध्यान दिइएको छैन । उदाहरणको लागि यसले विद्यालयमा भर्ना हुँदा देखापर्ने सशर्त अपवादबारे कुरा गर्दैन । पूर्वप्राथमिक र प्राथमिक तहमा मातृभाषामा अध्ययन गर्न पाउने अधिकार सुनिश्चित हुनुपर्छ । यो निर्णय स्थानीय सरकारलाई र अन्ततः सम्बन्धित विद्यालयको अख्तियारभित्र हुनुपर्छ । विधेयकको यो पक्षले आदिवासी तथा जनजाति समूहदेखि शिक्षाविद्हरूको समेत ध्यान तानेको छ ।

विद्यालयको लागि बजेट विनियोजन गर्दा समानता भन्दा समतालाई आधार बनाइनुपर्छ । शिक्षाको अधिकारको नियमनको लागि सबै तहमा बहुसरोकारवाला नियमन संयन्त्र हुनुपर्छ । मातहतका क्षेत्रमा विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि प्रादेशिक र स्थानीय सरकारलाई गुणस्तर मापक तर्जुमा गर्ने अनुमति प्रदान गर्न केन्द्रीय सरकारले केही प्रावधानहरू बनाउनुपर्छ ।

## ४. शिक्षकका मागप्रति प्रतिक्रिया

शिक्षकको मागको सन्दर्भमा कुनै पनि महत्त्वपूर्ण औपचारिक नीतिगत कदम भएनन् । यद्यपि, शिक्षकको कार्यकालबारेमा महत्त्वपूर्ण कार्यकारी निर्णय भने भए । साङ्गठनिक रूपमा वा राजनीतिक नेतृत्वसँग बालियोसँग जोडिएको हुनाले शिक्षकले आफ्ना मागहरूलाई सरकार समक्ष सजिलै पेश गरे र उनीहरूको कार्यसम्पादनको गुणस्तरमाथि प्रश्न उठे पनि उनीहरूका माग पूरा भएका छन् । एउटा निर्णय अस्थायी शिक्षकलाई स्थायीमा परिवर्तन गर्ने थियो । तदनुसार, सरकारले उक्त शिक्षकहरूलाई परीक्षा लेख्ने एक मौका प्रदान गऱ्यो । यो अस्थायीबाट स्थायी हुने एक मूलद्वार थियो । यदि उनीहरूले आवश्यक प्रतिशत ल्याउन सकेनन् भने पनि उनीहरू स्थायी हुने व्यवस्था गरियो । यो नीति पनि परिमार्जन गरिएको थियो र यो नीति शिक्षकको पक्षमा परिवर्तन भएको थियो । यदि उनीहरू परीक्षामा असफल भए पनि निवृत्त हुँदा केही रकम सहित हुने निर्णय गरियो । यो निर्णय अघिल्लो सरकारका शिक्षा मन्त्रीद्वारा गरिएको थियो र यसको औचित्यलाई "मानवीयता"को आधारमा गरिएको भनी पुष्टि गर्ने गरिन्छ । यद्यपि, वर्तमान सरकारबाट पनि केही प्रगतिशील कदम आउने सम्भावना कम देखिन्छ ।

यो कदमपछि फेरि अर्को माग थपियो– अहिले राहत शिक्षकको रूपमा काम गरेका शिक्षकलाई अस्थायी शिक्षकको ओहोदा दिनु पर्ने । अभिभावक तथा अन्य सरोकारवालाले विरोध गरे तापनि राजनीतिक सम्बद्धता र साङ्गठनिक दबाबको कारण उनीहरूको माग पूरा हुन सक्छन् ।

■■■

# ग सतहबाट शिक्षाको अवस्था


यो अध्यायमा अध्ययन गरिएका विद्यालयको शिक्षाको स्थिति समीक्षा गर्ने कोसिस गरिने छ। अर्को शब्दमा, सीइपीपीले काम गर्न चाहेको केही विद्यालयको शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ।

## हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीका छनौट गरिएका प्राथमिक विद्यालयको एक झलक

### सन्दर्भ

सीइपीपीले जिल्ला शिक्षा कार्यालयसँगको समन्वयमा वि.सं. २०७१ देखि सिन्धुली जिल्लाको पहिलेको पिपलमाडी गाविसका १० विद्यालयमा अभिभावक र शिक्षक उत्प्रेरण कार्यक्रम सञ्चालन गरिरहेको छ। यो परियोजनाको समाप्तिसँगै अर्को सघन प्राथमिक विद्यालय कार्यक्रम शुरू हुने समय र राज्यको प्रशासन पुनर्संरचना गर्ने समय एकै हुन गयो। त्यसपछि गाउँपालिकाले विद्यालय शिक्षा व्यवस्थापन गर्ने संवैधानिक अधिकार प्राप्त गरे।

अनुमोदनको प्रक्रियामा सीइपीपीलाई पनि नगरपालिकाका अन्य वडामा काम गर्न अनुरोध गरिएको थियो जुन वडा पिपलमाडी र हरिहरपुरगढीका अन्य तीन गाविसलाई समावेश गरी पुनर्संरचना गरिएका थिए। संगठनको क्षमता र स्रोतहरूलाई ध्यान दिएर यो संस्थाले केवल १५ वटा विद्यालयसँग मात्र काम गर्न सक्थ्यो। यद्यपि, सीइपीपीले सबै वडाहरूमा बराबर विद्यालय संख्या पर्ने गरी जम्मा




**चित्र** १ : हरिहरपुरगढी गाउँपालिकाको नक्सा र स्थान

१५ वटा विद्यालयसँग काम गर्नेछ। अर्को वर्षदेखि यो संस्थाले पिपलमाडीका १० विद्यालयमध्ये ५ विद्यालयमा आफ्ना क्रियाकलापलाई रोक्ने छ र हरिहरपुरगढीका अरू १० विद्यालयमा काम शुरू गर्नेछ । यहाँ छलफलमा ल्याइएका विद्यालय सीइपीपी र हरिहरपुरगढीको आपसी बुझाइमा निर्धारण गरिएको हो। यो कुरालाई पनि ध्यान दिनु जरुरी छ– जनहित उच्चमाध्यमिक विद्यालय, बोटिनीमा २० भन्दा बढी विद्यार्थी मरिन गाउँपालिकाबाट पनि पढ्न आउँछन् । हरिहरपुरगढी गाउँपालिकामा कुनै निजी विद्यालय भएको उल्लेख छैन ।

## गाउँपालिकाको अवस्था

हरिहरपुरगढी गाउँपालपालिका (हगापा) पहिलेका ४ गाउँ विकास समितिलाई समेटेर बनाइएको छ। ती पूर्व गाउँ विकास समितिहरू हरिहरपुरगढी, महेन्द्र झ्याडी, पिपलमाडी र क्यानेश्वर थिए। यो गाउँपालिका चुरे पर्वत शृङ्खलामा अवस्थित छ। यसको पश्चिममा मकवानपुरको बागमती पर्छ भने पूर्वमा मरिन गाउँपालिका (सिन्धुली जिल्लाको) पर्छ। उत्तरमा काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिकाले

छुट्याएको छ भने यसको दक्षिणी भेगमा सर्लाहीको हरिवन नगरपालिका पर्छ । यो गाउँपालिकालाई धेरैथोरै पूर्व-पश्चिम राजमार्गले छुट्याएको छ । यो गाउँपालिकाको जनसंख्या करीब २७,७२७ रहेको छ जसमा धेरै मानिस उत्तरी भेगबाट बसाइँसराइ गरेका आदिवासी तथा जनजाति छन् । मरिन र क्यानजस्ता मौसमी नदीहरू छन् । बागमती खोलाले यसको धेरैजस्तो पश्चिमी सिमानालाई छुट्याएको छ। हिउँदे बाटोले मात्र छुने यो पनि एउटा क्षेत्र हो। त्यो पनि भर्खर मात्र शुरू गरिएको हो । नेपाल सरकारको प्रशासनिक वर्गीकरणमा यो गाउँपालिकालाई दुर्गममा पारेको छ।

**तालिका १ : हगापाको जनसंख्याको बनावट (जनगणना २०६८ अनुसार)**

| हगापाको जनसंख्याको बनावट (जनगणना २०६८ अनुसार ) | | | | |
|---|---|---|---|---|
| **समूह** | **जम्मा** | **पुरुष** | **महिला** | % |
| सबै समूह | २७,७२७ | १३,२७५ | १४,४५२ | - |
| तामाङ | १८,५७७ | ८,८७० | ९,७०७ | ६७ |
| दनुवार | २,५१६ | १,१६६ | १,३५० | ९ |
| मगर | १,८०६ | ८७५ | ९३१ | ७ |
| माझी | ८९६ | ४३० | ४६६ | ३ |
| राई | ८१८ | ३८२ | ४३६ | ३ |
| पहरी | ७०५ | ३३३ | ३७२ | ३ |
| नेवार | २६२ | १२४ | १३८ | १ |
| घर्ती/भुजेल | ६३ | ३६ | २७ | ० |
| घले | ४४ | १८ | २६ | ० |
| **जनजाति** | **२५,६८७** | **१२,२३४** | **१३,४५३** | **९३** |
| **प्रतिशत** | **१००** | **४८** | **५२** | **–** |
| क्षेत्री | २९९ | १५३ | १४६ | १ |
| ब्राह्मण पहाडी | २३८ | १२२ | ११६ | १ |

| | | | | |
|---|---|---|---|---|
| **खस-आर्य** | ५३७ | २७५ | २६२ | २ |
| **प्रतिशत** | १०० | ५१ | ४९ | - |
| कामी | १,०१३ | ५२२ | ४९१ | ४ |
| दमाई/ढाली | २०४ | ९१ | ११३ | १ |
| सार्की | ६५ | ३३ | ३२ | ० |
| बादी | २९ | १७ | १२ | ० |
| दलित/अन्य | ३५ | १६ | १९ | ० |
| **दलित** | १,३४६ | ६७९ | ६६७ | ५ |
| **प्रतिशत** | १०० | ५० | ५० | - |
| **अन्य** | १५७ | ८७ | ७० | १ |
| **प्रतिशत** | १०० | ५५ | ४५ | - |
| **जम्मा** | २७,७२७ | १३,२७५ | १४,४५२ | १०० |
| **प्रतिशत** | १०० | ४८ | ५२ | |

## विद्यालय छनौटको आधार

यी विद्यालय छनौटका पाँच मुख्य आधारहरू छन् :

क) शिक्षाको गुणस्तर सुधार गर्नुपर्छ। सीइपीपीले यदि गुणस्तर सुधार गर्ने हो भने सुरूवात तल्लो स्तरबाट नै गर्नुपर्ने मान्यता राख्छ,

ख) गाउँपालिकाले सीइपीपीले काम गरिरहेका विद्यालय संख्या सबै वडामा समान होस् भन्ने चाहन्छ जसले गर्दा परिवर्तनको प्रभाव हुन्छ। (वडामा समान वितरणको फाइदा बाहेक),

ग) आवश्यक आधारभूत संरचना र शिक्षक संख्या (जसले सफ्टवेरको रूपमा मात्र सहयोग गरेका छन्) हुँदाहुँदै पनि ग्रसित विद्यालय,

घ) सम्बन्धित पक्ष- शिक्षक र विद्यालय व्यवस्थापन समितिको इच्छा र,

ङ) प्राथमिक तहका विद्यालय।

## विद्यालयको स्थिति

छनौट गरिएका अधिकांश विद्यालय (७ वटा) ले बाल विकास कक्षा सञ्चालन गर्छन्, दुई विद्यालयले कक्षा ८ सम्म र एक विद्यालयले १० सम्म कक्षा सञ्चालन गर्छन् । सीइपीपीको काम कक्षा ५ सम्म सञ्चालन गर्ने विद्यालयमा मात्र सीमित छ ।

### स्थापना

अधिकांश विद्यालय वि.सं. २०४५ को वरिपरि स्थापित भएका हुन् । सबैभन्दा पहिले स्थापना भएको विद्यालय रांगे दोभान हो जुन वि.सं. २०३७ मा स्थापना भएको हो । सबैभन्दा पछि स्थापना भएको विद्यालय डेन्साङ हो जुन वि.सं. २०६३ मा स्थापना भयो । स्वतः पहिला स्थापना भएका विद्यालयले माथिल्लो तहसम्म कक्षा सञ्चालन गर्छन् । उदाहरणको लागि डेन्साङ विद्यालयले पाँच कक्षासम्म सञ्चालन गरेको छ भने आठ र दश कक्षासम्म कक्षा सञ्चालन गर्ने विद्यालय २०४५ सालतिर स्थापना भएका छन् ।

यी विद्यालयहरू यिनले प्राप्त गरेको विद्यालय सेवाक्षेत्र, यातायातको पहुँच र जनसंख्याको सन्दर्भमा एक-अर्कामा भिन्न छन् । दश विद्यालयमध्ये आठ विद्यालय मौसमी मोटरबाटोदेखि पहुँचमा छन् भने दुई विद्यालय मोटरबाटोदेखि करीब दुई घण्टाको दूरीमा छन् । अहिले, यातायात सुविधाले शिक्षकको उपस्थिति लगायतका विद्यालय गतिविधिमा खासै उल्लेखनीय प्रभाव पारेको देखिदैन । महाकुशेश्वरीले सबैभन्दा ठूलो सेवाक्षेत्र समेट्छ, जहाँ विद्यालय पुग्न करीब ९० मिनेट लाग्छ र काकेश्वरी सबभन्दा नजिक ३० मिनेटको पैदल दूरी छ । यो दूरी सेवाक्षेत्रका घरधुरी र विद्यालयको दूरी हो ।

यो क्षेत्रमा जम्मा १,१७८ परिवार छन् । औसतमा, प्रतिविद्यालय लगभग १२० परिवार पर्छन् । तीमध्ये ७० परिवार वा ६० प्रतिशत परिवारले बालबालिकालाई विद्यालय पठाउँछन् । बाँकी घरपरिवारका बालबालिका कहाँ जान्छन्, स्पष्ट भन्न कठिन छ । तिनीहरूमध्ये कोही निजी विद्यालय जाने र केही पारिवारिक कारणले छोड्ने, भर्ना नहुने र केही शहर बसाइँसराइ गर्ने जस्ता आकलन गरिन्छ ।

अभिभावक आफैंले परिभाषित गरेअनुसार तीन विद्यालयमा पढ्न आउने धेरै बालबालिका आमाबाबुहरू “निम्नमध्यम वर्ग” मा पर्छन् । दुई विद्यालयमा आउने विद्यार्थीका अभिभावक “उच्चमध्यम वर्ग” मा पर्छन् । जनसंख्या मिश्रित छ । उक्त

जनसंख्याको सबैभन्दा तल्लो र उच्च वर्गका बालबालिका विद्यालयमा छैनन् ।

जातजातिको आधारमा हेर्ने हो भने, यहाँका विद्यालयमा सबैभन्दा बढी तामाङ छन् (१० विद्यालयमध्ये ९ वटामा प्रमुख) । त्यसपछि दुनुवार राई (जसलाई देवास पनि भनिन्छ) एउटा विद्यालय (जुटपानी) मा बढी छन् । तीन विद्यालयमा, दलित (६५) र मगर दोस्रो प्रमुख समुदाय छन् । २ विद्यालयमा राईको संख्या बढी छ । कुल मिलाएर ९०५ भन्दा बढी घरपरिवार जनजाति समुदायका छन् ।

## विद्यार्थी


औसतमा, ५० प्रतिशत विद्यार्थी प्राथमिक तहमा छन् । अन्तिम शैक्षिक वर्षदेखि विद्यार्थी संख्यामा लगभग कुनै वृद्धि भएको छैन । यदि वृद्धि भएको छ भने पनि औसतमा प्रतिविद्यालय एक विद्यार्थीका दरले भएको छ । राम्रो कुरा भनेको विद्यार्थी संख्या घटेको छैन । देशका अन्य क्षेत्रमा विद्यार्थी संख्या घट्ने समस्या देखिन्छ । विद्यार्थीको औसत उपस्थिति विद्यालय सञ्चालन भएका दिनको ५० प्रतिशत दिनभन्दा अलि बढी देखिन्छ । प्राथमिक तहमा विद्यालय छोड्ने दर औसतमा ५५ प्रतिशत छ भने कक्षा एकमा नै विद्यालय छोड्ने दर १० प्रतिशत छ ।

तीमध्ये पाँच भाग विद्यार्थीले कक्षा दोहोऱ्याउँछन् । कक्षामा १ मा दोहोरिने औसत ४० प्रतिशत छ । ४३ प्रतिशत विद्यार्थी कक्षा दुईमा पुग्दैनन् । कक्षा १ देखि ५ सम्म उही कक्षामा रहने दर करीब ३४ प्रतिशत छ । तथापि, बाल शिक्षा र कक्षा १ प्रायः मिश्रित हुन्छन् र यिनीहरूको विभाजन चुनौतीपूर्ण हुन्छ । लैङ्गिक अन्तरमा कुनै महत्त्वपूर्ण जानकारी छैन ।

## प्राप्ताङ्क

प्राथमिक तहमा प्राप्त औसत अङ्क ५२ हो । यद्यपि, प्राप्ताङ्क कक्षा १ को ४६ अङ्क विस्तारै बढेर कक्षा तीनमा ५३ छ । र, कक्षा ४ र ५ मा घटेर औसत अङ्क ५१ हुन्छ । यस्तो परिणामको तार्किक व्याख्या अझै खोज्न बाँकी छ । एक व्याख्याअनुसार शुरूका कक्षामा बालबालिका विद्यालय प्रणालीप्रति परिचित हुँदैनन् । उनीहरू परिचित हुँदै जाँदा अङ्क पनि बढ्दै जान्छ । कक्षा ४ बाट पाठ्यवस्तु विस्तारै जटिल हुँदै जान्छ र शिक्षकको शिक्षण विधि र विषयवस्तुको ज्ञान सीमित छ । त्यसको प्रत्यक्ष असर विद्यार्थीको प्रतिफलमा देखिन्छ । एउटा सजिलै देखिने भिन्नता के हो


भने कक्षा तीनसम्म विद्यार्थीले प्रश्नको उत्तर प्रश्नपत्रमा नै भर्छन् र कक्षा ४ पछि प्रश्नपत्र र उत्तरपुस्तिका फरक-फरक हुन्छन् । तथापि, यो तर्कले तथ्य प्रमाणित गर्दैन । किनकि, विद्यार्थीले परीक्षा लेख्ने सबै विषयको प्राप्ताङ्कमा खासै महत्त्वपूर्ण भिन्नता देखिदैन ।




**ग्राफ १** : कक्षागत प्राप्ताङ्क (%)

अर्को ग्राफमा चित्रण गरिएअनुसार १० मध्ये २ विद्यालयमा विद्यार्थीको औसत प्राप्ताङ्क करीब ७० प्रतिशत छ । तीन विद्यालयमा ५० प्रतिशत र अन्य तीन विद्यालयमा ५० प्रतिशत भन्दा कम छ । एक विद्यालयमा औसत अङ्क ४० प्रतिशत भन्दा कम छ । सामान्यतया विद्यार्थीको प्राप्ताङ्क विद्यालयको पूर्वाधारसँग सम्बन्धित हुँदैन । यद्यपि, कम प्राप्ताङ्क हुने विद्यालय लामो समयसम्म निर्माणाधीन थियो । विद्यालयमा प्राप्ताङ्क न्यून हुनुको सामाजिक तथा सांस्कृतिक कारण पनि हुन सक्छ- विद्यालयका धेरै विद्यार्थी जनजाति तथाकथित "दलित" समुदायबाट छन् । त्यसैगरी यी विद्यालयमा शिक्षकको कमी छ र शिक्षकको अनुपस्थिति पनि अर्को समस्या हो ।

औसतमा छात्राले छात्रभन्दा आठ अङ्क बढी प्राप्त गर्छन् । विषयगत रूपमा हेर्दा विभिन्न विषयमा प्राप्ताङ्कबीच कुनै महत्त्वपूर्ण भिन्नता देखिदैन । यद्यपि,




**ग्राफ २** : औसत अङ्क कक्षा १-५




**ग्राफ ३** : विषयगत औसत प्राप्ताङ्क

विद्यार्थीले नेपाली र सामाजिक अध्ययनमा अन्य विषयमा भन्दा बढी अङ्क प्राप्त गर्छन् र विज्ञान र गणितमा कम अङ्क प्राप्त गर्छन् ।

## शिक्षक

शिक्षक र विद्यार्थीहरूको औसत अनुपात १.२६ छ। बाल विकास शिक्षकलाई समावेश गरेर प्रतिविद्यालय औसत शिक्षक संख्या ४.८ छ । कुल शिक्षकहरूको एक चौथाइ शिक्षक[1] स्थायी छन्। धैरैजसो शिक्षकले यी विद्यालयलाई थप सुलभ क्षेत्रमा जाने 'ट्रान्जिट पोइन्ट' बनाएको भनिन्छ। अर्को २५ प्रतिशत अस्थायी र राहत शिक्षक छन्। १५ प्रतिशत शिक्षकको तलब अभिभावकद्वारा भुक्तानी गरिन्छ । वास्तवमा नियमित सञ्चालनको लागि प्राथमिक विद्यालय राहत र बाल विकास शिक्षकहरू (८%) निर्भर गर्छन्।

जम्मा महिला शिक्षकको अनुपात ५० प्रतिशत भन्दा केही धैरै छ। तर लगभग सबै स्थायी र अस्थायी शिक्षकहरू पुरुष छन् । प्रधानाध्यापकको सवालमा सात जना जनजाति छन् र एक महिला । एक चौथाइ भन्दा केही बढी शिक्षक स्थायी छन् । लगभग ६० प्रतिशत शिक्षक स्थानीय छन् जो प्रत्येक दिन घरबाट विद्यालय जाने गर्छन् । जातीयताको रूपमा हेर्दा, लगभग ३ चौथाइ शिक्षक जनजाति समुदायबाट छन् भने बाँकी खस-आर्य समूहमा पर्छन् । केही तथाकथित 'दलित' समुदायका शिक्षक पनि छन् । मधेशी मूलका शिक्षकको अनुपात भने निकै कम छ। शिक्षकहरूको लगभग ७० प्रतिशत कुनै न कुनै प्रकारको प्रशिक्षण प्राप्त गरेका छन् । समुदायद्वारा तलब भुक्तान गरिएका शिक्षक नै सबैभन्दा कम प्रशिक्षित छन् । तिनीहरूको वेतन धैरै कम छ। लगभग दुई तिहाई (६५ प्रतिशत) प्राथमिक तहका शिक्षकले माध्यमिक शिक्षा उत्तीर्ण गरेका छन्। करीब १० प्रतिशत शिक्षकले स्नातक तह उत्तीर्ण गरेका छन, ती शिक्षक खस-आर्य समूहबाट छन् । शिक्षकहको औसत उमेर ३७ छ। शिक्षकहरू कम्तीमा २० वर्ष र बढीमा ५३ वर्षका छन् ।

---

[1] सामान्यतया स्थायी शिक्षक भनेको नियामक प्रणाली मार्फत आएका र पेन्शनको लागि हकदार हुने शिक्षक हुन् । अस्थायी शिक्षक भनेको निश्चित पदमा रहेर काम गरेका तर नियामक परीक्षा मार्फत नआएका र पेन्शनको लागि हकदार नहुने शिक्षक हुन् । राहत एउटा अस्थायी पद हो र यो पदमा रहेका शिक्षक पनि नियामक प्रणाली मार्फत आएका हुँदैनन्। निजी लगानीका शिक्षक ती हुन् जसको पारिश्रमिक अभिभावकको योगदानद्वारा भरिन्छ। ईसीडी शिक्षकको पारिश्रमिक सामान्य हुन्छ, यी प्रायः महिला हुन्छन् र कम औपचारिक प्राप्त गरेका हुन्छन्। प्रायः विद्यालय यस्ता शिक्षकमा निर्भर हुन्छन्।

## विद्यालय व्यवस्थापन समिति

जातीयताको रूपमा हेर्दा, विद्यालय व्यवस्थापन समिति र जनसंख्याबीचको अनुपात समानुपातिक देखिन्छ। १० प्रतिशतभन्दा कम दलित छन् भने बाँकी जनजाति छन्। जनजातिमा तामाङ, दनुवार राई, मगर, माझी क्रमशः ३०, ३०, १०, ५ प्रतिशत छन्। यद्यपि, खास-आर्य समूहको जनसंख्या सानो छ, उनीहरू विद्यालय व्यवस्थापन समितिमा छैनन्। जसको अर्थ हुन्छ- उनीहरूको छोराछोरीले यी विद्यालयमा पढ्दैनन् (खास-आर्य समूहका शिक्षक करीब एक चौथाइ छन्)। एक दलित बाहेक सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सबै जनजाति पुरुष छन्। लैङ्गिक अनुपात करीब ५०/५० प्रतिशत (३१ महिला र ३२ पुरुष) छ। यद्यपि, यसको अर्थ विद्यालय व्यवस्थापन समितिमा लैङ्गिक समानता पनि छ भन्ने पनि हुन सक्छ। सामान्यतया विभिन्न जातीय समूहहरूको प्रतिनिधित्वले पनि विद्यालयले सेवा दिने समुदायको शक्ति संरचनाको प्रतिनिधित्व गर्दछ।

विद्यालय व्यवस्थापन समितिका सदस्यको औसत उमेर ४० वर्ष छ। सदस्यहरू कम्तीमा २३ र बढीमा ७० वर्षका छन्। लगभग ९० प्रतिशत विद्यालय व्यवस्थापन समिति सदस्य साक्षर छन्। तथापि, केही सदस्यले विद्यालय तहको मात्र शिक्षा उत्तीर्ण गरेका छन् (५५ भन्दा कम)।

समितिमा युवाहरूको उपस्थिति बढी छ। औसतमा थोरै सदस्यले समितिमा २-४ वर्ष सेवा गरेका छन्। बढीमा १० वर्ष र कम्तीमा एक वर्ष समितिमा रहेर काम गरेका व्यक्ति सदस्य छन् (अध्यक्षको सवालमा ६ वर्ष)। सदस्यहरू संरचनात्मक संक्रमणकालमा समितिमा भएको कारण उनीहरूसँग विद्यालय व्यवस्थापनबारे अनुभव अलि थोरै छ। औसतमा समितिले वर्षको करीब १० पटक बैठक गर्छ। समितिको बैठक मुख्यतः आधारभूत संरचना र पूर्वाधार सम्बन्धी निर्णयको लागि बसिन्छ। करीब ४० प्रतिशत निर्णय पूर्वाधार निर्माणको छलफलको लागि, अन्य बाँकी बैठक व्यवस्थापन सम्बन्धी छलफलको लागि बस्ने गरिन्छ। ५ प्रतिशत भन्दा कम निर्णयहरू शैक्षिक गतिविधि सम्बन्धी हुन्छन्।

## आधारभूत संरचना

उच्च, मध्यम, संतोषजनक र अस्वीकार्यको दायरामा आधारभूत संरचनालाई हेर्ने हो भने धेरै विद्यालयका आधारभूत संरचना “मध्यम” खालका छन्। संरचनाको

मरम्मत तथा हेरचाहको प्रावधान धेरै विद्यालयमा सन्तोषजनक छैन। धेरै विद्यालय मरम्मत तथा हेरचाहको हिसाबले औसत भन्दा कम छन्।

सबै स्कूलका अधिकांश कक्षाकोठा आकर्षक छैनन्। कक्षाकोठा भित्तामा रंगरोगन गरिएको छैन। भुईं सफा छैनन्। अधिकांश विद्यालयका कक्षाकोठामा मेच छैनन्। सबै विद्यालयहरूमा शौचालय छ। धेरै विद्यालयमा शौचालयको अवस्था "सन्तोषजनक" छ। तर, केही विद्यालयको शौचालयको स्थिति नाजुक र असहनीय छ। जस्तै रांगेदोभान शौचालयको स्थिति नाजुक छ भने काकेश्वरीमा राम्रो छ। स्कूलमा हरियाली (रूखहरू, फूलहरू) प्रायः शून्य छ।

■■■

# घ नेपाली शिक्षाको अवस्था : अरूका दृष्टिबाट

अनुसन्धानका निष्कर्षहरूबाट पनि शिक्षालाई हेर्ने अर्को एउटा प्रयास गरियो । नेपालमा शिक्षाको स्थितिलाई हेर्न यो वर्ष एउटा मात्र निर्दिष्ट अनुसन्धानको समीक्षा गरिएको छ ।

## विश्व शिक्षा निगरानी प्रतिवेदन २०१७-१८ (२०७४-७५) मा नेपाल

संयुक्त राष्ट्रसंघीय शिक्षा, विज्ञान तथा संस्कृति सङ्गठन यूनेस्कोले सन् २०००मा अगाडि सारिएको 'सबैका लागि शिक्षा' कार्यक्रमदेखि हरेक वर्ष शिक्षाको निगरानी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। २०१७ र २०१८ का लागि संयुक्त रूपमा प्रकाशित यो प्रतिवेदनले शिक्षामा जवाफदेही विशेष अङ्क प्रस्तुत गरेको थियो । यसले संयुक्त राष्ट्रसंघ दिगो विकास लक्ष्य ४ को लक्ष्यका सन्दर्भमा विश्व शिक्षा प्रणालीमा उत्तरदायित्वको विश्लेषण गर्दछ। लक्ष्यमा ४ मा समावेशी, गुणस्तरीय शिक्षा, समानता र सबैका लागि जीवनपर्यन्त सिकाइको सुनिश्चितता पर्छन् । यो अङ्कले शिक्षालाई एउटा साझा उत्तरदायित्वको रूपमा लिएको छ र जहाँ अभिभावक तथा विद्यार्थीको पनि भूमिकासँगै सरकार, विद्यालय, शिक्षकको अग्रणी भूमिका रहन्छ।

शिक्षा २०३० इन्चियान घोषणा कार्ययोजनाले विश्व शिक्षा निगरानी रिपोर्टलाई सम्बद्ध सबै साझेदारहरूलाई सहस्राब्दी लक्ष्यको अनुगमनका रूपमा राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय रणनीति कार्यान्वयनमा आफ्ना प्रतिबद्धताप्रति जिम्मेवार रहन सहस्राब्दी लक्ष्य ४ र अरू लक्ष्यहरूमा शिक्षाको पक्ष निगरानी र प्रतिवेदन गर्ने पद्धतिका रूपमा लिएको छ।

यो प्रतिवेदनमा शिक्षाका दृष्टिले उक्त प्रतिवेदनलाई प्रस्तुत नेपालको स्थिति आकलन गर्ने प्रयास गरिएको छ । यसमा नेपाल शब्द ७८ पटक दोहोरिएको छ । यसलाई शिक्षा क्षेत्रको सक्रियताका रूपमा लिने हो भने चीन २०१, भारत १४८ र जिवोटी ३६, माल्दिभस् ४०, भुटान र दक्षिण सुडान ४५ पटक उल्लेख भएका छन् । नेपाल शब्द विशेष गरी तलका सन्दर्भमा उल्लेख गरिएको छ ः

**१. जवाफदेही विद्यालयका लागि विद्यालयको गुणस्तर अनुगमन गर्न सरकारको नियमन प्रणाली अन्तर्गत :**

गुणस्तर सुनिश्चित गर्न देशहरूले खासगरी सजिलैसँग देख्न सकिने र नाप्न सकिने सूचकहरू जस्तैः पूर्वाधारको स्थिति एवं शिक्षक विद्यार्थी अनुपात उपयोग गर्न चाहन्छन् । बेल्जियम, इण्डोनेसिया, नेपाल र स्वाजिल्याडका उदाहरणले निश्चित गरिएको विधिअनुसार अनुगमन प्रणाली पालना गराउन कठिन रहेको देखाउँछन् ।

नेपालले प्राथमिक शिक्षाको तीव्र विकास गऱ्यो बाल विकास केन्द्रहरू स्थापना गरी विद्यार्थी भर्ना दर सन् २०००मा १२% रहेकोमा सन् २०१६ मा ८४% पुऱ्यायो । तर पनि एक मूल्याङ्कनले जिल्ला शिक्षा अधिकारीलाई विद्यालयको अवस्थाको



अनुगमन गर्ने, व्यवस्थित निगरानी प्रक्रिया, निगरानीका विधि एवं प्रक्रिया र औपचारिक संयन्त्र नरहेको देखियो ।

## २. शिक्षक युनियनले सरकारलाई जवाफदेही बनाउन सक्छ अन्तर्गत

५० भन्दा बढी देशका ७० युनियनको अन्तर्राष्ट्रिय शैक्षिक सर्वेक्षण अनुसार ६० प्रतिशत भन्दा बढी शिक्षकले शिक्षण सामग्रीको विकास र छनौटमा आफूसँग कुनै परामर्श नगरिएको बताए। बेनिन, कोते डि आइभोट, प्रजातान्त्रित गणतन्त्र कंगो, हाइटी, लिबेरिया, माली, नेपाल, सेनेगल, सिरालियोन र युगाण्डामा सञ्चालित स्थानीय शिक्षा समूहमा शिक्षक सहयोग र सहभागिता सुधार परियोजनाले धेरैजसो देशमा शिक्षक सहभागिताको लागि आवश्यक जानकारी र प्रशिक्षण नभएको निष्कर्ष निकाल्यो ।

## ३. सरकारले सरोकारवालालाई जवाफदेही बनाउन मद्दत गर्ने औपचारिक संयन्त्रको निर्माण गर्नुपर्छ अन्तर्गत

शिक्षा योजना तर्जुमा गर्न सरोकारवालाको सहभागिताले जवाफदेहीलाई बलियो बनाउन सक्छ । सञ्चारमाध्यम मार्फत जनताको राय सङ्कलन गरी नीति निर्माण प्रक्रियालाई समावेशी बनाएकोमा नेपाल सरकारको प्रयासलाई सराहना गरिएको छ।

## ४. विद्यमान व्यवस्थामा नै समाहित विद्यालयहरूको सामुदायिक निगरानी दिगो हुन्छ अन्तर्गत

सन् २०१४ देखि सञ्चालित 'तथ्याङ्क बोल्नु पर्छ' परियोजनाले विद्यालयप्रति जवाफदेही बनाउनका लागि समुदायको समावेशी सहभागिताको प्रयत्न गऱ्यो । नेपाल, पेरु र टोगो सहितका देशमा सञ्चालित यो परियोजनाले स्थानीय तहमा नै जवाफदेही सजिलै बुझ्न सकिने शैक्षिक व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको प्रयोग र पारदर्शितामा जोड दिएको थियो ।

## ५. जवाफदेही बनाउन देशले पद्धति, नीति र कार्यक्रमको जिम्मा लिनुपर्छ अन्तर्गत

नेपालमा, एक जर्मन परामर्श समूहले औद्योगिक देशको सङ्गठन मूल्याङ्कन आधारहरू प्रयोग गरी विद्यालय सुधार योजना २००९-२०१५ को स्वतन्त्र मूल्याङ्कन




गऱ्यो । उक्त मूल्याङ्कनमा सान्दर्भिकता, प्रभावकारिता, दक्षता, प्रभाव र दिगोपन जस्ता पक्षलाई मूल्याङ्कन तथा विश्लेषणको दायरा बनाइयो । उक्त मूल्याङ्कनले विभिन्न किसिमका शारीरिक, मानसिक अपाङ्गता रहेका बालबालिका सम्बन्धी जानकारी र लक्ष्यहरूको अभाव खड्किएको जनायो । फलस्वरूप, विद्यालय क्षेत्र विकास योजना सन् २०१६-२०२२ ले त्यस अनुरुपका विविध लक्ष्य तय गऱ्यो जसमा त्यस्ता असक्षम बालबालिकालाई आवश्यक स्रोत तथा सुविधा सहित ३६५ वटा एकीकृत आधारभूत विद्यालय, त्यस्ता १३,००० विद्यार्थीलाई छात्रवृत्ति, त्यस्ता विद्यार्थीलाई ५० वटा विद्यालयमा अन्तरक्रियात्मक शिक्षण सामग्री प्रदान पनि पर्छन् । उक्त मूल्याङ्कनले सुपरिवेक्षण झिनो तथा पातलो भएको कुरा पनि उजागर गऱ्यो । फलस्वरूप नयाँ योजनाले पनि १,४०० स्रोत केन्द्र र भौगोलिक सुपरिवेक्षण समूहको निर्माण र स्रोत व्यक्तिको नियुक्ति नीतिलाई पुनरावलोकन गर्ने उद्देश्य राखेको कुरा देशले स्वामित्व लिएका रूपमा लिएको छ ।


## ६. विद्यालयको छनोट विकल्पको उपलब्धता र आर्थिक सामर्थ्य अनुसार बढ्छ अन्तर्गत

नेपालका सार्वजनिक विद्यालयले आफ्नो प्रतिस्पर्धी क्षमता प्रायः निजी विद्यालद्वारा अपनाइएका नीति नियमलाई पछ्याएर बढाएका छन् । उदाहरणको लागि अध्यापनको

माध्यम भाषामा परिवर्तन र विद्यालय पोशाक सुधारजस्ता नीति निजी क्षेत्रबाट आयातित हुन् । सार्वजनिक विद्यालयको परिवर्तनबारे आशा कम छ किनकि, अनियन्त्रित निजी क्षेत्र पछ्याउने यस्ता नीतिले सामाजिक भेदभावलाई अझै ठूलो बनाएको छ। त्यसैगरी आर्थिक र अन्य बाधाले गर्दा अभिभावकलाई अरू विकल्प छान्ने स्वतन्त्रता नै छैन र परिणामतः असन्तुष्टिको आवाज उठाउने वा सामुदायिक विद्यालय सुधार गर्न प्रेरित गर्ने सम्भावना कम छ।

## ७. जवाफदेही विद्यालय : विद्यालयको नीति र अभ्यास निर्देश गर्न समुदायको भूमिका अन्तर्गत

स्थानीय निर्णायकहरूमा अधिकार र जिम्मेवारी रहेको महसूस गरे मात्र समुदायका सरोकारवालाहरू विद्यालयमा आधारित व्यवस्थापनमा भाग लिन्छन् । यस्तो प्रणालीले मेक्सिको र इण्डोनेसिया लगायतका देशमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि र उपस्थिति बढेको छ। हङकङ र चीन जस्ता देशमा समुदायमा जिम्मेवारी दिन नचाहने प्रवृत्तिले विद्यालयमा आधारित व्यवस्थापनको गति अवरुद्ध गरेको छ। कति अवस्थामा समुदायको सहभागितामा सीमान्तकृत समुदाय छुटेको छ। नेपालमा विद्यालय आधारित व्यस्थापनमा सम्भ्रान्त वर्गले व्यवस्थापन समितिहरू हडप्ने समस्या देखियो।



## ८. उत्तरदायी नाफामूलक निजी क्षेत्र : ट्यूसनले समानतामा असर गर्छ अन्तर्गत

व्यक्तिगत रूपमा पैसा तिरेर गरिने ट्यूसनले धनी र गरीब बीचको खाडल फराकिलो पार्छ । शिक्षकलाई ट्यूसन चलाउन दिनाले 'वफादारीको द्वन्द्व' सिर्जना गर्न सक्छ । नेपालमा ट्यूसनको माग बढाउन शिक्षकले सामग्री कम सक्छन् । तर धेरै शिक्षकहरूले तलब कम भएको र विद्यालयमा पढाइ सक्ने समय नपुगेकोले पनि ट्यूसन चलाउँछन् । पक्कै पनि यस्तो निजी ट्यूसन नेपालमा मात्र चल्ने अभ्यास होइन । निजी ट्यूसनको विश्व व्यापार सन् २०२२ मा २२७ खर्ब अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ ।

## ९. प्राविधिक, व्यावसायिक, उच्च तथा प्रौढ शिक्षा अन्तर्गत

न्यून र मध्यम आय भएका देशहरूमा उच्च शिक्षामा निजी संस्थाहरूमा भर्ना हुने दर तीव्र गतिमा बढिरहेको छ । नेपालमा सन् २०५७ र २०७२ का बीचमा करीब ३८ प्रतिशतले बढ्यो ।

## १०. दिगो विकास लक्ष्य ४ का प्रगति अनुगमन : प्रारम्भिक बाल विकास

जानकारीको मुख्य स्रोत युनिसेफको 'प्रारम्भिक बाल विकास सूचाकाङ्क' अनुसार प्रजातान्त्रिक गणतन्त्र कङ्गो, माउरितानिया र नेपाल लगायतका देशमा ३६ देखि ५९ महिनाका बालबालिकाको विकास सही मार्गमा नै रहेको ठानिएको छ । अप्रत्यक्ष रूपमा मापन गरिने यो विधिको विकास गर्ने प्रयत्न जारी रहेको छ ।

## ११. सीमान्त समुदायको शैक्षिक स्थितिको अनुगमन अन्तर्गत

नेपालको जनगणना सन् २०११ ले दलित र अन्य तथाकथित 'तल्लो जात'का बालबालिका औसतभन्दा बढी विद्यालय बाहिर रहेको देखायो । तल्लो जातका बालबालिका विद्यालय बाहिर हुने दर ३० प्रतिशत भन्दा बढी र उपल्लो जातमा राष्ट्रिय औसत १४ प्रतिशत भन्दा माथि छ । एल साल्भाडोर, ग्वाटेमाला र नेपालले माध्यमिक तहका विद्यार्थीमा भन्दा प्राथमिक तहका विद्यार्थीमा प्रतिविद्यार्थी बढी लगानी गर्छन् ।


### १२. शिक्षाको राष्ट्रिय लेखा शुरू गर्न स्वस्थ्य क्षेत्रबाट सिकाइ अन्तर्गत

नेपाल र युगाण्डामा परिवारले शिक्षाको कूल खर्चका असमानुपातिक हिस्सा बेहोर्छन् । नेपालमा उच्च शिक्षामा आफ्ना केटाकेटी हुनेहरूले ८० र प्राथामिक तहको खर्चको झण्डै ४० प्रतिशत खर्च परिवारले नै बेहोर्छन् ।

## सारांशमा

सन् २०१७/१८ विश्व शिक्षा अनुगमन प्रतिवेदनले नेपालमा पर्याप्त शिक्षक सहयोग र उपयुक्त निरीक्षण पद्धति कमजोर रहेको जनाएको छ । नीति निर्माणमा सहभागितामूलक विधि प्रयोग गरेकोमा नेपालको प्रशंसा गरेको छ भने नेपालले अनुसन्धानबाट निस्केका सवालहरूको सम्बोधन र शिक्षामा सबैको पहुँचका लागि दिइएको प्रयत्न पनि उल्लेख गरिएको छ । सार्वजनिक विद्यालयहरूले प्रतिस्पर्धामा उत्रन गरेको निजी विद्यालयहरूको नक्कल र त्यसले समाजमा पारेको प्रभावको आलोचनात्मक अवलोकन गरिएको छ । विद्यालय व्यवस्थापन समितिहरूमा सम्भ्रान्त वर्गको वर्चश्व पनि उल्लेखनीय अवलोकन हो । अझै ट्यूसनको भाग बढाउन शिक्षकहरूले पर्याप्त पठन सामग्री नसक्ने कुरा र यसमा नेपाल एक्लो नभएको कुरा चाखलाग्दो छ । यसले नेपाललाई बढ्दो रूपमा उच्च शिक्षाका लागि निजी संस्थामा भर्ना गर्ने र प्राथमिक तहमा अभिभावकले खर्चको ठूलो हिस्सा तिर्ने देशका रूपमा पनि पहिचान गरेको छ । समाजवाद उन्मुख समाजको परिकल्पना गर्ने नेपालका लागि यी विषयवस्तु ठूलो सरोकारका विषय हुनुपर्छ ।

■■■




**ग्राफ १ :** नेपाल र युगाण्डाजस्ता विकासशील देशमा पारिवारिक खर्चमा शिक्षाको हिस्सा

ङ

# सञ्चारमाध्यममा शिक्षाको स्थिति

## १. परिचय

शिक्षा नीति तथा अभ्यास केन्द्रले वि. सं. २०६८ देखि आफ्नो स्रोत तथा साधन सञ्चारमाध्यममा नेपालको शिक्षाको स्थितिलाई मापन गर्न तथा विश्लेषण गर्न लगानी गरिरहेको छ । उपयुक्तताको लागि प्रतिवेदन ग्रिगोरिअन र नेपाली आर्थिक/वित्तीय वर्षलाई आधार मानेर तयार गरिएको छ। यो वर्षको प्रतिवेदनमा छनौट गरिएका दैनिक *समाचारपत्र* पत्रिका साउन २०७४ (मध्य जुलाई, सन् २०१७) देखि असार २०७५ (मध्य जुलाई सन् २०१८) भित्र प्रकाशन भएका हुन्। शिक्षासम्बन्धी विषयवस्तुलाई मुद्दाको प्रकृति र विधिको प्रयोगको आधारमा छनौट, गणना र अवलोकन गरिएको छ । छनौट गरिएका प्रकाशन र प्रवृत्तिमा आएको फरक छुट्याउन यो प्रतिवेदनको निष्कर्षलाई पहिलेका प्रतिवेदनका निष्कर्षसँग पनि दाँजिएको छ। दोस्रो वर्षमा शिक्षासम्बन्धी विषयवस्तुको प्रकाशन दुई गुणा भन्दा बढीले बढेको छ। प्रतिदिन दैनिक प्रकाशित विषयवस्तुको औसत ४.२७ वटा छन् जब २०७३-७४ (सन् २०१६-१७) मा प्रतिदिन प्रकाशित विषयवस्तु १.९५ र आर्थिक वर्ष २०७२-७३ (सन् २०१५-१६) मा ०.९२ थियो।

संघीय परिवर्तन विभिन्न स्तरमा अझै पनि नीति निर्माणको प्रक्रियामा नै भएको कारण सञ्चारमाध्यमको कभरेज धेरै नीतिसम्बन्धी थियो। सञ्चारमाध्यममा शैक्षिक विषयवस्तुमध्ये परीक्षा र नतिजा नै यो वर्ष शीर्षस्थानमा रहे । २७.२४ प्रतिशत नीतिसम्बन्धी विषयवस्तु सहित यो वर्ष पनि सञ्चारमाध्यममा शिक्षा शीर्ष स्थानमा रह्यो । मेडिकल शिक्षा यो वर्षको सञ्चारमाध्यम कभरेजमा

छुट्टै मुद्दाको रूपमा स्थापित भयो । यो क्षेत्रसम्बन्धी धेरै समाचार, विचार र पत्रहरू प्रकाशित भए । नीतिसम्बन्धी विषयवस्तुपछि भ्रष्टाचार सबैभन्दा बढी समेटिएको विषयवस्तु हो । त्यसपछि उच्च शिक्षा, शिक्षाको गुणस्तर, नवीनता र परीक्षा समेटिएका अन्य विषयवस्तु हुन् । राजनीतिक र नीतिगत मुद्दाको वृद्धिसँगै सञ्चारमाध्यममा शहरी मुद्दाहरूको उपस्थितिमा वृद्धि भएको छ । सिङ्गो आर्थिक वर्ष २०७२-७३ (सन् २०१५-१६) मा प्रकाशित भएका सबै विषयवस्तु (३३४ वटा) आर्थिक वर्ष-२०७५ को असार (जुन-जुलाई, सन् २०१८) महिनामा मात्र प्रकाशित भएका थिए । छापा र अनलाइनको तुलनात्मक अध्ययन गर्नको लागि यो वर्ष अरू तीनवटा थप अनलाइन न्यूज पोर्टल पनि विश्लेषण गरियो । उक्त अनलाइनमा एक महिनासम्म प्रकाशित विषयवस्तुको अवलोकन तथा विश्लेषण गरिएको छ । गत तीन वर्षमा समाचार प्रकाशनको संख्या ४.६ दरले भन्दा बढीले वृद्धि भएको छ र मुद्दाको प्राथमिकतामा पनि ठूलो परिवर्तन देखिन्छ । दृष्टिकोण विविधताको आधारमा समाचारको गुणस्तरमा वृद्धि र नयाँ बहसलाई समावेश गर्ने प्रवृत्ति पछिल्लो तीन वर्षमा शिक्षाको तुलनामा सामान्य नै देखिन्छ । तर, ध्यान दिनुपर्ने कुरा के हो भने सञ्चारमाध्यमले सरकारी निर्णयलाई प्रभाव पार्न र नीतिगत बहसमा आम आवाजलाई समावेश गर्नको लागि बालियो भूमिका खेलेको छ ।

## १.१ उद्देश्य

यो भागको उद्देश्य हो :

क. सञ्चारमाध्यमले समेटेका शिक्षा क्षेत्रमा भएका गतिविधिलाई दस्तावेजीकरण गर्ने,

ख. वार्षिक रूपमा शिक्षासम्बन्धी विषयवस्तुलाई सञ्चारमाध्यमले समेट्दा देखिने प्रवृत्ति र प्रवृत्तिमा देखिने परिवर्तनको पहिचान गर्ने,

ग. शैक्षिक क्षेत्रका विषयवस्तुलाई सञ्चारमाध्यमले समेट्दा देखिने अन्तरको पहिचान गर्ने र प्रकाश पार्ने,

घ. सम्बन्धित सरोकारवाला जस्तैः अभिभावक, सञ्चारमाध्यम, नागरिक समाज र नीति निर्माताबीच बहसको सुरूवात गर्नको लागि आधार सिर्जना गर्ने ।

## १.२ विधि

सञ्चारमाध्यममा शिक्षा क्षेत्रको कभरेजको विश्लेषण तुलनात्मक वार्षिक विश्लेषणलाई निरन्तरता दिने उद्देश्यले गरिएको हो । सञ्चारमाध्यम कभरेजको विविधतालाई कायम राख्नको लागि प्रकाशन गृह, प्रकाशित विषयवस्तुको भाषा माध्यम र प्रकारलाई ध्यानमा राखी प्रकाशित विषयवस्तुको छनौट गरिएको छ । दुई दैनिक समाचार पत्र– एक अंग्रेजी माध्यम र अर्को नेपाली माध्यमको, एक साप्ताहिक म्यागजिन र एक शैक्षिक गतिविधिमा विशिष्टीकरण गर्ने मासिक पत्रिका (*शिक्षक* मासिक) लाई अवलोकन र विश्लेषणको लागि छनौट गरिएको छ । पहिलेका प्रतिवेदनसँग तुलनात्मक अध्ययन गर्नको लागि दैनिक समाचार पत्र र पत्रिका एकसाथ विश्लेषण गरिएको छ। दैनिक समाचारपत्र र म्यागजिनका विषयवस्तुलाई अलग्गै तथा एकैसाथ पनि तुलना गरिएको छ। शिक्षासम्बन्धी सबै विषय (समाचार, विचार, चित्र, कार्टुन र पत्र) को पहिचान गरिएको छ र सीइपीपीले अध्ययन गर्न खोजेको उद्देश्य अनुरूप ती विषयवस्तुलाई वर्गीकृत गरिएको छ । तलको तालिका १ ले विश्लेषण गरिएका सञ्चारमाध्यम प्रकाशन विवरणलाई प्रस्तुत गरेको छ। यस वर्ष एकै विषयवस्तुका सम्बोधन गरिएका विविध मुद्दालाई पहिचान गरिएको छ। प्रतिमुद्दाको संख्यात्मक भिन्नतालाई सम्बोधन गर्नको लागि विभिन्न वर्ष समावेश गरिएका मुद्दाको तुलनात्मक अध्ययन प्रतिशतमा गरिएको छ।

**तालिका १ : सञ्चारमाध्यम विश्लेषणको जनसांख्यिकी**

| क्र.सं. | शीर्षक | भाषा | प्रकार | विशेषता | संख्या/दिन |
|---|---|---|---|---|---|
| १. | कान्तिपुर | नेपाली/अंग्रेजी | दैनिक | सामान्य | ३६३ वटा |
| २. | द हिमालयन टाइम्स् | अंग्रेजी | दैनिक | सामान्य | ३६३ वटा |
| ३. | हिमाल साप्ताहिक | नेपाली | साप्ताहिक | सामान्य | ४९ वटा |
| ४. | शिक्षक मासिक | नेपाली | मासिक | शैक्षिक | १२ वटा |
| ५. | रातोपाटी अनलाइन | नेपाली | - | सामान्य | २५ दिन |
| ६. | सेतोपाटी अनलाइन | नेपाली/अंग्रेजी | - | सामान्य | २५ दिन |
| ७. | एडुखबर अनलाइन | नेपाली/अंग्रेजी | - | शैक्षिक | २५ दिन |
| | **जम्मा** | **७८७ वटा र २५ दिन** | | | |

*कान्तिपुर* र *द हिमालयन टाइम्स्* प्रेस काउन्सिल नेपालले सम्बन्धित भाषामा 'ए प्लस' वर्गमा सूचीकृत गरेका पत्रिका हुन् र यी दुवै भिन्न प्रकाशन गृहबाट प्रकाशित हुन्छन् । *हिमाल* साप्ताहिक पनि उच्च वितरण हुने पत्रिका हो र यो पनि 'ए प्लस' वर्गमा सूचीकृत छ । *शिक्षक* मासिकको निर्दिष्ट क्षेत्र शिक्षा भएको र यसको कभरेज अरू पत्रपत्रिकाको जस्तो सामान्य गतिविधि नभएको कारण यसलाई भिन्नै अध्यायमा अवलोकन तथा विश्लेषण गरिएको छ । *शिक्षक* मासिक पनि 'ए प्लस' वर्गको पत्रिका हो । यी दैनिक समाचारपत्रले दिने प्राथमिकताको अन्तरले पनि यी प्रकाशनले लक्षित गरेका पाठकबारे बताउँछ । विषयवस्तुलाई मासिक, मुद्दा र क्षेत्र (शहरी वा ग्रामीण र काठमाडौं उपत्यकताभित्र वा बाहिर), विषयवस्तुको प्रकार (समाचार, विचार, सम्पादकीय, पत्र), विषयवस्तुको तह र स्थानको आधारमा वर्गीकृत गरिएको छ । सम्पादकलाई पत्र पनि यो वर्ष विश्लेषण गरिएको छ ।

अनलाइन सञ्चारमाध्यमको विश्लेषणको लागि तीन फरक अनलाइन समाचार पोर्टल चयन गरियो । ती अनलाइन पोर्टलमा राखिएका सामग्री जून २१, २०१८ देखि जुलाई १६ सम्मका थिए । छापा र अनलाइनबीचको तुलनात्मक विश्लेषण छुट्टै भागमा गरिएको छ । फरक प्रकाशन गृहका दुई नयाँ पोर्टल र एउटा शिक्षा विशेष समाचार पोर्टललाई छनौट गरिएको छ ।

## १.३ सीमा र दायरा


नेपालमा अहिले ६० भन्दा बढी दैनिक समाचारपत्र सञ्चालनमा छन् । यद्यपि, शिक्षासम्बन्धी विषयवस्तुमा छापाका समाचारपत्रको कभरेजलाई विश्लेषण गर्नको लागि नेपाल प्रेस काउन्सिलले 'ए प्लस' वर्गीकृत गरेको प्रकाशनलाई मात्र छानिएको छ । छापा र अनलाइन सञ्चारमाध्यम तुलना गर्न एक महिनामा प्रकाशित गरिएका विषयवस्तुलाई मात्र एकत्रित गरियो । स्रोत तथा साधनको सीमितताको कारण यो प्रतिवेदनले रेडियो तथा टेलिभिजनमा प्रसारित शैक्षिक विषयवस्तुलाई समेटेको छैन । यद्यपि, यसको आवश्यकता महसूस भने गरिएको थियो । थप मानव संसाधनको कमीले अन्य प्रकाशन र विस्तृत माध्यम भएका प्रकाशनलाई विश्लेषण तथा अवलोकनमा समावेश गर्न सीमित गरेको छ ।

# २. निष्कर्ष

## २.१ सामान्य प्रवृत्ति

### २.१.१ मासिक वितरण


छापामा यस वर्ष पनि शिक्षा विषयको प्रकाशन दोब्बर भयो। प्रकाशित विषयवस्तुको जोड उस्तै मुद्दामा थियो। सबैभन्दा उच्च कभरेज परीक्षा र नतिजाको देखिन्छ। माध्यमिक शिक्षा परीक्षा (एसईई), कक्षा १० को परीक्षा र नतिजा स्कूल लिभिङ सर्टिफिकेट (एसएलसी) को प्रतिस्थापन आदि नै सञ्चारमाध्यममा बढी समेटिएका विषयवस्तु परे। सबैभन्दा कम विषयवस्तु प्रकाशित भएका महिना चाडपर्व, विशेष गरी दशैं र तिहार परेका महिना भए।




**ग्राफ १** : मिडिया कभरेजको मासिक तुलनात्मक ग्राफ २०७४-७५, २०७३-७४ र २०७२-७३

छनौट गरिएको विषयवस्तुको कुल संख्यामा यो वर्ष १,७७३ थियो जबकि, गत वर्ष उक्त संख्या ६९५ थियो। विषयवस्तुको संख्यामा यो वर्ष १५५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको तुलनामा गत वर्ष वृद्धि १०८ प्रतिशत थियो। यस वर्ष प्रकाशित भएका विषयवस्तुको संख्याको मासिक औसत १४७.७५ रहेको छ भने यो औसत गत वर्ष (२०७३-७४ मा) ५७.९ थियो र अघिल्लो वर्ष (२०७२-७३ मा) मात्र २७.८ थियो।

ग्राफ १ ले पछिल्लो तीन वर्षको तुलनात्मक मासिक कभरेज प्रस्तुत गर्दछ । ग्राफमा देखाइए अनुसार सञ्चारमाध्यममा शिक्षासम्बन्धी विषयवस्तुको वृद्धि अधिक देखिन्छ। अघिल्लो वर्षका प्रवृत्तिलाई पछ्याउँदै यो वर्ष पनि परीक्षा र नतिजा जस्ता विषयवस्तु बढी प्रकाशित भएका छन् । यी विषयवस्तुको प्रकाशन बढी हुनुको कारण 'प्लस टु' र 'एसईई'को नतिजा प्रकाशन हो। ग्राफ २ ले फरक-फरक प्रकाशन गृहले २०७४-७५ का विभिन्न महिनामा प्रकाशित गरेका विषयवस्तुको संख्यालाई प्रस्तुत गरेको छ र महत्त्वपूर्ण शैक्षिक घटनालाई पनि उल्लेख गरेको छ।




**ग्राफ** २ : आ. व. २०७४-७५ मा विभिन्न सञ्चारमाध्यममा प्रकाशित विषयवस्तुको मासिक वितरण

गत वर्षभन्दा यो वर्ष सञ्चारमाध्यम कभरेजको प्रवृत्ति अलिक भिन्न रह्यो । गत वर्ष शिक्षासम्बन्धी विषय प्रकाशन गर्ने सवालमा फरक-फरक प्रकाशन फरक महिनामा उत्कर्ष स्थानमा थिए भने यो वर्ष साउन, २०७४ (जुलाई-अगस्ट २०१७) र असार, २०७५ (जुन-जुलाई, २०१८) मा सबै प्रकाशन उत्कर्षमा थिए। यसको विशेष कारण लगातार कक्षा १२ र एसईईको नतिजाको प्रकाशन हो । *हिमाल* साप्ताहिकले फाल्गुण २०७४ (फेब्रुअरी-मार्च, २०१८) महिनामा अधिक संख्यामा रिपोर्ट प्रकाशित गऱ्यो । यो महिनामा चिकित्सा भ्रष्टाचारको मुद्दा समसामयिक विषयवस्तुको केन्द्रमा थियो र *हिमाल* साप्ताहिकले विशेष जोडसहित यो मुद्दालाई पछ्याएको थियो (अनुसूची-४ हेर्नुहोस्) ।

### २.१.२ प्रकाशित विषयवस्तुको स्थान

यो वर्ष सम्पादकीय र फ्रन्ट (अघिल्लो) पेजमा शैक्षिक समाचारको संख्यामा वृद्धि भएको छ । तालिका दुईमा उल्लेख गरिएअनुसार यो वर्ष शिक्षाबारे सम्पादकीय जम्मा ५० थिए जुन पछिल्लो वर्ष शिक्षाबारे लेखिएका सम्पादकीय भन्दा ५.२५ पटकले बढी हो । त्यसैगरी अघिल्लो पृष्ठमा शिक्षा समाचारको प्रकाशन गतवर्ष भन्दा ३ गुणाले बढी २६ वटा देखि १०७ वटा पुगेको छ। यो वर्ष शिक्षा क्षेत्रलाई समर्पित अलग्गै पेज दुई गुणाभन्दा बढीले बढेर गत वर्षको ५ बाट १२ वटा संस्करण पुगेको छ। यो वर्ष *द हिमालयन टाइम्स्* ले *कान्तिपुर* ले भन्दा बढी शिक्षा-विशेष संस्करण प्रकाशन गऱ्यो ।


### तालिका २ : विभिन्न वर्षमा फरक-फरक प्रकाशनले शिक्षाको लागि समर्पित ठाउँको तुलना

| | का | | दहिटा | | हिसा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ |
| सम्पादकीय | २७ | ३ | २० | ३ | ३ | २ | ५० | ८ |
| अघिल्लो पृष्ठ | १०७ | ११ | ३२ | ६ | २० | ९ | १५९ | २६ |
| पूर्ण पृष्ठ | १३ | २ | १८ | | | | ३१ | २ |
| शिक्षा विशेष संस्करण | ५ | ३ | ६ | १ | १ | १ | १२ | ५ |

### तालिका ३ : विभिन्न वर्षमा विभिन्न प्रकारका विषयवस्तुको संख्यात्मक तुलना

| | का | | दहिटा | | हिसा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ | २०७४–७५ | २०७३–७४ |
| समाचार | ७४१ | २७२ | ५१८ | २६७ | ५४ | ५४ | १३१३ | ५९३ |
| विचार | १११ | ४५ | १७२ | ४० | ४ | ६ | २८७ | ९१ |
| पत्र | १८७ | - | १५ | - | १४ | - | २१६ | - |


तालिका अनुसार शिक्षाले छनौट गरिएका प्रकाशनमा विशेष स्थान र तथा प्राथमिकता प्राप्त गरेको छ । छनौट गरिएको सञ्चारमाध्यममा शिक्षासम्बन्धी विषयको कभरेज दुई गुणा वृद्धिले यो तथ्यलाई पुष्टि गर्छ । यो वर्ष *कान्तिपुर* ले शिक्षा विषयलाई *द हिमालयन टाइम्सू*ले भन्दा बढी स्थान र प्राथमिकता दिएको छ । स्थान र प्राथमिकताको सवालमा गत वर्ष यी दुई वर्ष एकै तहमा थिए । "सम्पादकलाई चिठी"मा गरिएको अवलोकनले *कान्तिपुर* र *हिमाल* साप्ताहिकमा पाठक प्रतिक्रिया उच्च रहेको बताउँछ । सम्पादकलाई चिठी र अन्य विषयवस्तुको अनुपात *कान्तिपुर* र *हिमाल* साप्ताहिकमा १.५ छ, भने *द हिमालयन टाइम्सू*मा १.४० छ । *द हिमालयन टाइम्सू*ले समग्रमा अन्य दैनिक तथा आम मुद्दाबारे थोरै चिठी प्राप्त गर्छ । सबैभन्दा धेरै सम्पादकलाई चिठी २०७४ को साउन-भदौ (अगस्ट-सेप्टेम्बर २०१७) र २०७५ को असार-साउन (जुन-जुलाई, २०१८) मा प्राप्त भए ।




**ग्राफ ३** : वर्ष २०१७-१८ मा विभिन्न महिनामा प्रकाशित पत्रहरूको ग्राफ


### २.१.३ मुद्दाअनुसार कभरेज

मुद्दामा आधारित विश्लेषण यस वर्ष फरक दृष्टिकोणबाट गरिएको छ । अघिल्ला वर्षमा, प्रत्येक विषयवस्तुलाई एक विशेष समस्या वा मुद्दासँग जोडेर विश्लेषण गरिएको छ । संकलित रचना तथा विचार भिन्न प्रकारका थिए र ती रचनालाई निश्चित थीमअन्तर्गत वर्गीकृत गर्न गाह्रो थियो । यो कठिनाइले त्रुटि हुने सम्भावनालाई स्थान दिएको छ । यसो गर्दा समाचार विश्लेषकको व्यक्तिगत दृष्टिकोण प्रबल हुन सक्छ । यो वर्ष यो समस्यालाई विषयवस्तुलाई विविध मुद्दाअन्तर्गत राखी सम्बोधन गरिएको छ ।





**ग्राफ ४** : आर्थिक वर्ष २०७४-७५ मा प्रकाशित  मुद्दाको मुद्दाको हिस्सा (*यो वर्ष समावेश गरिएको नयाँ वर्गलाई बुझाउँछ) ।

ग्राफले समग्र विषयवस्तुको २७ प्रतिशत विषय नीतिसँग सम्बन्धित थिए । नीतिका धेरै विषय मेडिकल शिक्षा, भ्रष्टाचार, उच्च शिक्षा, गुणस्तर, परीक्षा र अन्य यस्तै विषय सम्बन्धी थिए । चिकित्सा शिक्षालाई छुट्टै विश्लेषण गरिएको छ। किनकि, संकलित विषयवस्तुमा धेरै विषयवस्तु मेडिकल शिक्षासम्बन्धी थिए। उच्च शिक्षा र भ्रष्टाचार यो वर्ष दोस्रो सबैभन्दा बढी समेटिएका मुद्दा भए । यो वर्ष प्राथमिकतामा परेका अन्य विषय गुणस्तर, नवप्रवर्तन राजनीति, आधारभूत संरचना, शिक्षक र निजी विद्यालय सम्बन्धित थिए। विद्यालय व्यवस्थापन समिति र अभिभावकबारे विषयवस्तु प्रतिशतको हिसाबले घटेर गत वर्षको १.५४ प्रतिशतबाट यो वर्ष १.१८ प्रतिशत भएको छ। यद्यपि, यी मुद्दासम्बन्धी विषयवस्तुको संख्या भने बढेर ११ देखि २१ पुगेको छ।




**ग्राफ ५** : विभिन्न मुद्दाहरूको विभिन्न आर्थिक वर्ष २०७४-७५, २०७३-७४ र २०७२-७३ बीच तुलना (*यस साल नयाँ वर्गलाई बुझाउँछ)





**ग्राफ ६**: आ. व. २०७४-७५ मा विभिन्न प्रकाशनले प्राथमिकतामा राखेका मुद्दाको तुलनात्मक विवरण (*यस वर्ष समावेश गरिएको नयाँ समूहलाई बुझाउँछ)।

गत तीन वर्षमा प्राथमिकतामा भएको परिवर्तनले परीक्षा राजनीति, भूकम्प (कारण स्पष्ट छ), सामग्री र पाठ्यपुस्तकबारे विषयवस्तु घटेको र नीति, भ्रष्टाचार, उच्च शिक्षा, गुणस्तर र निजी शिक्षासम्बन्धी विषयवस्तु बढेको देखाउँदछ। ग्राफ ५ ले सार्वजनिक बहस विस्तारै परीक्षा राजनीति र सामग्रीबाट नीति, भ्रष्टाचार र गुणस्तरतर्फ स्थानान्तरण हुँदै गएको देखाउँछ, जुन सीइपीपीको उद्देश्य अनुसार चाहेको परिवर्तनको लागि सकारात्मक दिशा हो।

ग्राफ ५ मा जस्तै वार्षिक तुलना गर्दा, मुद्दालाई विभाजन गरी सतप्रतिशतमा रूपान्तरण गरी विश्लेषण गरिएको छ जसले गर्दा विभिन्न वर्षका विषयवस्तु तुलनायोग्य बनाउन सकिन्छ। यो ग्राफले अघिल्लो वर्षहरूमा समेत प्रकाशित विषयवस्तुमध्ये कुन मुद्दालाई प्राथमिकता दिइयो भन्ने स्पष्ट दर्शाएको छ।

ग्राफ ६ ले विभिन्न प्रकाशनमा विभिन्न मुद्दामा समर्पित विषयको वास्तविक संख्या प्रस्तुत गर्दछ। ग्राफ अनुसार, *कान्तिपुर* ले नीति, चिकित्सा शिक्षा, भ्रष्टाचारलाई उच्च प्राथमिकतामा राखेको छ भने *द हिमालयन टाइम्स्* नीति, उच्च शिक्षा, गुणस्तर, भ्रष्टाचारलाई प्राथमिकता दिएको छ। ग्राफ ६ र ७ *हिमाल*





**ग्राफ ७** : प्रतिशतमा विभिन्न मुद्दामा समर्पित विभिन्न विषयवस्तुको तुलना (*यो साल समावेश गरिएको नयाँ विषय बुझाउँछ)।

साप्ताहिकले चिकित्सा शिक्षा र भ्रष्टाचार, उच्च शिक्षा र नीतिमा उच्च प्राथमिकता दिएको छ ।

ग्राफ ७ ले कुन प्रकाशनले कुन विषयवस्तुलाई प्राथमिकता दिए भन्ने राम्रोसँग बुझाउनको लागि छनौट गरिएका प्रकाशनबीच गरिएको तुलनालाई देखाउँछ। *हिमाल साप्ताहिक*मा प्रकाशित ४० प्रतिशत विषयवस्तु मेडिकल शिक्षा र भ्रष्टाचारसँग सम्बन्धित थिए । यो प्रतिशत अघिल्लो वर्षभन्दा ५ प्रतिशतले वृद्धि हो । *हिमाल साप्ताहिक*को ३० प्रतिशत विषयवस्तु उच्च शिक्षासम्बन्धी थिए भने *द हिमालयन टाइम्स्*को ३५ प्रतिशत विषयवस्तु नीतिबारे थिए । त्यसैगरी, *कान्तिपुर* को २१ प्रतिशत विषयवस्तु उच्च शिक्षा र २४ प्रतिशत विषयवस्तु नीतिबारे थिए भने २२ प्रतिशत मेडिकल शिक्षा सम्बन्धित थिए ।

## २.१.४ शहरी ग्रामीण अनुपात

शहरी क्षेत्र र ग्रामीण क्षेत्र छुट्याउने सटिक परिभाषा छैन । यो विश्लेषणको लागि विश्लेषकले बुझेअनुसारको सान्दर्भिक परिभाषालाई प्रयोग गरिएको छ । गत दुई वर्षको शहरी-ग्रामीण अनुपातको ग्राफ ८ को तुलनात्मक स्तम्भले देखाए अनुसार





ग्राफः ८ : आ. व. २०७४-७५ र २०७३-७४ को विभिन्न प्रकाशनमा शहरी-ग्रामीण अनुपातको तुलना

ग्रामीण क्षेत्रको शिक्षाको स्थितिबारेको कभरेज औसत १० प्रतिशतले घटेको छ। औसतमा शहर केन्द्रित शैक्षिक मुद्दाको कभरेजमा १० प्रतिशतको वृद्धि छ। *हिमाल* साप्ताहिकमा ग्रामीण मुद्दाको कभरेज यस वर्ष २० प्रतिशतबाट घटेर ५ प्रतिशत भन्दा कम भएको छ। *द हिमालयन टाइम्स्* मा पनि गत वर्षको २० प्रतिशत ग्रामीण इलाकाको कभरेज घटेर ५ प्रतिशत मात्र भएको छ। यस वर्षका छनौट गरिएका सबै प्रकाशनले समेटेका विषयवस्तुमध्ये शहरी क्षेत्र केन्द्रित शैक्षिक विषयवस्तु करीब ६० प्रतिशत छन्।

### २.१.५ काठमाडौं उपत्यकभित्र-बाहिर अनुपात

ग्राफ ९ ले विभिन्न प्रकाशनले समेटेका काठमाडौं उपत्यकाभित्र र बाहिरका शैक्षिक विषयवस्तु प्रस्तुत (प्रतिशतमा) गरेको छ। यो विश्लेषण पहिलो पटक गरिएको हो। यो आँकडाले फरक-फरक सञ्चारमाध्यमले विषयवस्तुलाई दिएको प्राथमिकतालाई प्रस्तुत गर्दछ र कभरेजको पकृतिमा आएको वार्षिक परिवर्तनलाई पनि दर्शाउने





ग्राफ ९ : काठमाडौं उपत्यकभित्र-बाहिरका शैक्षिक विषयवस्तुको अनुपात

प्रयास गरेको छ। प्रस्तुत स्तम्भ अनुसार *कान्तिपुर* ले उपत्यकाभित्रबाट सबैभन्दा कम विषयवस्तु समावेश गरेको छ भने *हिमाल* साप्ताहिकले उपत्यकाभित्रबाट सबैभन्दा बढी विषयवस्तु समेटेको छ। *हिमाल* साप्ताहिकले उपत्यका बाहिरबाट कम विषयवस्तु र *द हिमालयन टाइम्स्* ले बढी समेटेको देखिन्छ। औसतमा प्रकाशनले ५० प्रतिशत विषयवस्तु काठमाडौं उपत्यकाभित्रबाट समेट्छन् भने उपत्यका बाहिरबाट जम्मा २५ प्रतिशत विषयवस्तु समेटिन्छन्।

### २.१.६ विद्यार्थीको चित्रण


२०१६ को वार्षिक प्रतिवेदनदेखि सञ्चारमाध्यममा विद्यार्थीको समस्या सम्बन्धी विषयवस्तुको विश्लेषण अलग्गै गरिएको छ। यसले सञ्चारमाध्यममा विद्यार्थीको चित्रणबारे विशिष्ट दृष्टिकोण प्रदान गर्छ। यस विश्लेषणले 'विद्यार्थी'बारे समावेश गरेका सबै विषयवस्तुलाई विश्लेषणको लागि लिएको छ। यस वर्षको विश्लेषणमा




**ग्राफ १०** : विद्यार्थीलाई हकवाला वा प्रापकको रूपमा गरिएको चित्रणको अनुपात

विद्यार्थीसँग सम्बन्धित विषयवस्तुको प्राथमिकतामा भएको परिवर्तनलाई मूल्याङ्कन गर्नको लागि 'विद्यार्थी'बारे उल्लेख नगर्ने विषयवस्तुलाई पनि विश्लेषणको लागि समावेश गरिएको छ ।

यस खण्डले विद्यार्थीलाई सक्रिय सदस्यको रूपमा जोड दिएका विषयवस्तुलाई उल्लेख गर्दछ । विद्यार्थी सक्रिय सदस्यको रूपमा भन्नुको अर्थ शैक्षिक बहस, पाठ्यक्रम र शिक्षण विधि सम्बन्धी विचार तथा सल्लाहमा विद्यार्थीको निर्णय अधिकारको सुनिश्चितता र शैक्षिक गुणस्तर, पठन विषयवस्तु र समाचारको विषयमा एक महत्त्वपूर्ण हिस्सा हुनुलाई जनाउँछ । यसमा ती घटना र विषयवस्तु समावेश छन् जसले प्रत्यक्ष रूपमा विद्यार्थी स्वयं, विद्यार्थी सक्रियता, विद्यार्थीको




**ग्राफ ११** : विद्यार्थीलाई हकवाला, प्रापक मात्र वा उल्लेख नगरिएको अनुपात

योगदान तथा विरोधलाई विषय बनाएका छन् । अर्थात्, ती विद्यार्थीलाई प्रमुख पात्रको रूपमा हेरिएका समाचार वा वैचारिक आलेखको विश्लेषण गरिएको छ।

विद्यार्थीलाई प्राप्तकर्ताको रूपमा समावेश गर्ने समाचारमा विद्यार्थीमाथि दमन, गुणस्तर सुधारको लागि विद्यार्थीमाथि नियन्त्रण र दबाब राख्नु पर्ने विचार, विद्यार्थीलाई सहयोग गर्ने कार्यक्रम तथा गैरसरकारी संस्थाका योजना, दान र छात्रवृत्ति आदि पर्छन् । ग्राफ १० अनुसार विद्यार्थीलाई हकवालाको रूपमा चित्रण गर्ने विषयवस्तुको वृद्धि गत वर्षभन्दा १५ प्रतिशतले भएको छ। *कान्तिपुर* ले पनि विद्यार्थीसम्बन्धी विषयवस्तु करीब ४० प्रतिशतले वृद्धि गरेको छ। *द हिमालयन टाइम्स्* र *हिमाल* साप्ताहिकको अनुपात गत वर्षकै जस्तो छ।

ग्राफ ११ ले विद्यार्थीलाई हकवालाको रूपमा मात्र प्रापक र विद्यार्थीलाई कुनै रूपमा पनि उल्लेख नगरेका विषयवस्तुको अनुपात प्रस्तुत गरेको छ । माथिको ग्राफ अनुसार सबै प्रकाशनमा विद्यार्थीसम्बन्धी विषयवस्तुको कभरेज घटेको छ । विद्यार्थीलाई सक्रिय पात्रको रूपमा चित्रणमा आएको गिरावटको कारण प्रकाशनले नीतिमा दिएको प्राथमिकता हुन सक्छ । यो तथ्याङ्कको निष्कर्ष हो– शैक्षिक तथा नीतिगत निर्णयमा विद्यार्थीको भूमिका कि प्रायः शून्य हुन्छ वा नगण्य हुन्छ । औसतमा विद्यार्थी सम्बन्धी विषयवस्तुको कभरेज करीब २० प्रतिशतले घटेको छ।

### २.१.७ कार्टुनमा शिक्षा

यस वर्ष प्रकाशनहरूले शिक्षाको स्थितिलाई कार्टुन मार्फत पनि दर्शाएका छन् । कार्टुनको विश्लेषण गत वर्षका प्रतिवेदनहरूमा गरिएको थिएन। शिक्षालाई कार्टुनद्वारा दर्शाउनुलाई पनि महत्त्वपूर्ण मान्नु पर्छ । किनकि, पहिलो प्रत्येक दिन वा सबै प्रकाशनको प्रत्येक दैनिक वा साप्ताहिक संस्करणमा एउटा मात्र कार्टुन हुन्छ (दैनिकीमा सामान्यतया पहिलो पेजमा हुन्छ) । त्यसकारण कार्टुन प्रायः आम जनताले बढी ध्यान दिने महत्त्वपूर्ण विषय सम्बन्धी हुन्छ । कार्टुनमा सम्बोधन गरिएका विषयहरूमा एसईईको नतिजामा परीक्षा नियन्त्रकको कार्यालयले गरेको गल्ती राम्रो नतिजा ल्याएका विद्यार्थीले राजनीतिमा सहभागी नहुने सामाजिक प्रवृत्ति, चिकित्सा शिक्षामा भ्रष्टाचार, प्रधानमन्त्री भोक हड्तालमा बसेको डाक्टरको स्वास्थ्यप्रति असंवेदनशील, निजी विद्यालयमा शुल्कको सवाल आदि पर्छन् । यसको विस्तृत विवरणको लागि अनुसूची २ मा हेर्न सकिन्छ। *हिमाल* साप्ताहिकमा शिक्षामा समर्पित दुईवटा आवरण

थिए । पहिलो जुलाई-अगस्ट २०१७ (साउन २०७४) को आवरण डा. केसीसँग सम्बन्धित थियो । डा. केसी उचित मेडिकल शिक्षा नीतिको पक्षमा भोक हड्तालमा थिए । अर्को, जुन-जुलाई २०१८ (असार २०७५) मा थियो जुन कक्षा ११ र १२ मा केन्द्रित थियो । तीनवटा अन्य आवरणले शिक्षा सम्बन्धी सहायक रिपोर्ट प्रस्तुत गरेका छन् । तीमध्ये दुई डा. केसी र चिकित्सा शिक्षानीतिबारे थिए भने अर्को उच्च शिक्षाबारे थियो । शिक्षालाई समर्पित आवरण पेज अनुसूची ३ मा हेर्न सकिन्छ ।

## २.२ शीर्षकमा देखिने प्रवृत्ति

तल छलफल गरिएको विभिन्न मुद्दा तथा विषय यो वर्ष समावेश गरिएका विषयवस्तु आवृत्तिको आधारमा क्रमबद्ध गरिएको छ । शिक्षा सम्बन्धी विषयमा चिकित्सा शिक्षा यो वर्ष आम जनताको ध्यान तानेको नयाँ शीर्षक हो । अघिल्ला वर्षहरूमा चिकित्सा शिक्षा नीतिगत वा भ्रष्टाचार वा उच्च शिक्षा शीर्षक अन्तर्गत समेट्ने गरिन्थ्यो । गत वर्ष जस्तै यो वर्ष पनि अधिक समेटिएको विषय हो । चिकित्सा शिक्षा यो वर्ष अधिक रूपमा समेटिएको विषय हो भन्ने तथ्याङ्कले पनि पुष्टि गर्छ, जसअनुसार समेटिएका विषयवस्तुमध्ये यो दोस्रो तहमा पर्छ । त्यसकारण यो वर्ष यस शीर्षकलाई अलग्गै विश्लेषण गरिएको छ । भ्रष्टाचार र उच्च शिक्षालाई प्राथमिकताको सूचीमा माथि नै पर्छन् । शिक्षक, पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन समिति र अभिभावकबारेका समाचार तथा अन्य रिपोर्टको प्रतिशत घटेको छ । यद्यपि, विद्यालय व्यवस्थापन समिति र शिक्षक सम्बन्धी विषयवस्तुको संख्यामा भने वृद्धि भएको छ । विद्यालय व्यवस्थापन समितिबारे समाचार आर्थिक वर्ष २०७२-७३ को संख्या ६ देखि वृद्धि भएर गत वर्ष ११ र यो वर्ष २१ पुगेको छ । यो वृद्धि यो वर्ष संख्यात्मक हिसाबले तीन गुणा हो ।

### २.२.१ शिक्षा नीति

यो वर्ष पनि शिक्षा नीति सञ्चारमाध्यममा सबैभन्दा बढी समावेश गरिएको विषय रह्यो । गतवर्ष भन्दा यो वर्ष ८३ प्रतिशत बढीले नीतिको विषय सञ्चारमाध्यममा समावेश गरियो । यो विषय गतवर्षको १४.८२ प्रतिशतबाट यो वर्ष २७.२४ प्रतिशत पुग्यो । नीतिमा मुद्दामध्ये ठूलो भाग सरकारका विभिन्न स्तरमा शैक्षिक नीतिको गठन केन्द्रित थियो । विद्यालय प्रणाली अन्तर्राष्ट्रिय ढाँचामा परिवर्तन गरिएको

हुनाले परीक्षा र पाठ्यक्रमबारे नीतिगत छलफलले सञ्चारमाध्यममा धेरै ठाउँ पाए । अहिले विद्यालय शिक्षा अन्तर्राष्ट्रिय स्वरूप अनुसार कक्षा १२ सम्म हुने भएको छ । करीब २६ वर्षपछि १० वर्षे विद्यालय शिक्षाको पुनर्संरचना भएको हो । पत्रपत्रिकाका प्रमुख लेख आवश्यक बजेट र निजी विद्यालय व्यस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रममा केन्द्रित थिए । मेडिकल शिक्षा नीतिबारे पनि यो वर्ष प्रशस्त पत्रहरू छापिए ।


यो वर्ष पनि शिक्षा नीतिबारे सम्पादकीय छापिए । मेडिकल शिक्षा विधेयक, अध्यादेश र ऐन यो वर्षका छापा पत्रिकाको मुख्य समाचार तथा गम्भीर छलफलका विषय बने । मेडिकल शिक्षा पनि संसद तथा विभिन्न कर्मचारी संघसंस्थामा विरोध र छलफलको विषय बन्यो । प्रमाणपत्रको परीक्षाको विषय र फरक नीतिको माध्यमबाट अस्थायी शिक्षकको व्यवस्थापन सञ्चारमाध्यम कभरेजको महत्त्वपूर्ण अंश बन्यो । समग्रमा यो वर्ष उच्च शिक्षा र उच्च शिक्षा र सीटीईभीटीको सम्बद्धताबारे नीति, शिक्षकको व्यवस्थापन र स्थानीय सरकारको सार्वजनिक तथा निजी विद्यालयबारे नीति, कक्षा ११ र १२ को लागि लेटर ग्रेडिङ प्रणाली, सरकारी संस्थाले उच्च शिक्षा सम्बन्धी गरेका निर्णयमा सर्वोच्च अदालतको हस्तक्षेप आदि सञ्चारमाध्यममा सबैभन्दा पछ्याइएका विषय रहे ।

## २.२.२ चिकित्सा

चिकित्सा शिक्षाले यो वर्षका छानिएका प्रकाशकले प्रकाशित गरेका शिक्षा सम्बन्धी विषयको १७.३ प्रतिशत भाग ओगटेको छ । *हिमाल* साप्ताहिकले प्रकाशित गरेका शिक्षा सम्बन्धी विषयवस्तुमध्ये ४१ प्रतिशत मेडिकल शिक्षाबारे थिए । मेडिकल शिक्षालाई कार्टुन र अन्य फोटो फिचरद्वारा पनि कभर गरिएको थियो । यो चयन गरिएका सबै प्रकाशनको फ्रन्ट न्युज र सम्पादकीय पनि बन्यो । त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयको सम्बन्धन प्रक्रियामा भ्रष्टाचारका मुद्दा र त्यस्ता सम्बन्धन घोटालामा दोषी ठहरिएका अभियुक्तलाई कारवाही गर्नेबारे पनि पत्र तथा लेख प्रकाशित भए । मेडिकल संस्थाको डिन नियुक्ति, मेडिकल कलेजमा विद्यार्थीको कोटा निर्धारण नीति, मेडिकल अभ्यास परीक्षामा एमबीबीएस विद्यार्थीको असफलता दर, डाक्टर केसीको सत्याग्रहबारे संसदमा छलफल आदि मेडिकल शिक्षा सम्बन्धी बढी छापिएका विषय हुन् । यी विषय लेख, पत्र तथा सम्पादकीयको रूपमा प्रकाशित भए ।



**चित्र** १ : तस्वीरमा शिक्षाको चित्रणः यो वर्षका शिक्षा सम्बन्धी अधिकांश विषयवस्तुमा विरोध प्रदर्शन थिए । ती मध्ये अधिकांश उचित चिकित्सा शिक्षा नीतिका लागि डा. केसीका भोक हड्ताल थिए ।




## २.२.३ भ्रष्टाचार

अदुअआ मा यस वर्ष पनि उजुरी पर्ने क्षेत्रको सूचीमा शिक्षा क्षेत्र शीर्ष स्थानमा छ । भ्रष्टाचार अर्न्तगतका समाचार र मुद्दा चिकित्सा शिक्षा र नीतिसम्बन्धी थिए । चिकित्सा शिक्षा बाहेक प्रक्रिया पालन नगरी विभिन्न विश्वविद्यालयद्वारा गरिएका सम्बन्धन सम्बन्धी समस्या, नीति मिची शिक्षक सरुवा राष्ट्रिय पाठ्यपुस्तक कम्पनीमाथि भ्रष्टाचार आरोप, मोडेल (नमुना) विद्यालय पुरस्कार छनौट प्रक्रियामा भ्रष्टाचार, नेपाल इन्जिनियरिङ कलेजका कर्मचारीले निजीकरण गर्ने प्रक्रियामा




**चित्र** २ : थेसिसको किनबेचमा शिक्षकको संलग्नता, त्रिभुवन विश्वविद्यालय, *हिमाल* साप्ताहिक ।

गरेको ठगी, विश्वविद्यालयमा राजनीतिक नियुक्तिको प्रयास, अनुमतिपत्रबिना विद्यालय, मेडिकल कलेजमा योग्यतामा आधारित भर्नाको लागि सर्वोच्च अदालतको फैसला, सार्वजनिक विद्यालयमा विद्यार्थीको खाद्यान्न रकम हिनामिना, शिक्षा मन्त्रालयद्वारा सीटीईभीटीको सम्बद्धता अनुमति दिँदा भ्रष्टाचार आदि यो वर्ष विभिन्न प्रकाशनमा समेटिएका शीर्षक हुन् ।

### २.२.४ उच्च शिक्षा

यो वर्ष १४.२७ प्रतिशत विषयवस्तु उच्च शिक्षासम्बन्धी थियो । *हिमाल* साप्ताहिकको ३० प्रतिशत विषयवस्तु उच्च शिक्षामा थियो । उच्च शिक्षाबारेका धेरै समाचार तथा रिपोर्टिङ भ्रष्टाचार र राजनीतिमा केन्द्रित थिए । केही समाचार तथा आलेखमा नयाँ पाठ्यक्रम, विदेश अध्ययन, विश्वविद्यालयको कार्य नैतिकता पनि समावेश गरिएको थियो । *हिमाल* साप्ताहिकको एक संस्करण प्लस टु शिक्षालाई समर्पित गरिएको थियो र *हिमाल* साप्ताहिकले यो वर्ष पनि भर्ना संख्या र परीक्षाको




**चित्र ३** : विश्वविद्यालय बिसञ्चो अवस्थालाई कटाक्ष गर्दै कार्टुन । कार्टुनले उच्च शिक्षा, विशेष गरी त्रिभुवन विश्वविद्यालयलाई ब्यंग्य गरेको छ । *कान्तिपुर* दैनिक, भाद्र २३, २०७४ ।

नतिजाको आधारमा उत्कृष्ट कलेजको सूची निकाल्ने कार्यलाई निरन्तरता दियो । उत्पादनमूलक काम गर्न त्रिभुवन विश्वविद्यालयको अनुसन्धान विभागको असक्षमता र विश्वविद्यालयको भविष्य सुरक्षित गर्न आवश्यक हस्तक्षेप जस्ता मुद्दाले पनि प्रकाशनको ध्यान ताने । यससम्बन्धी केही समाचार, वैचारिक आलेख र सम्पादकलाई चिठी थिए ।

### २.२.५. गुणस्तर

गतवर्ष भन्दा गुणस्तरबारे समाचार प्रतिशतमा कमी छ तर संख्यात्मक वृद्धि भने दुई गुणाले भएको छ र यो वर्ष त्यस्ता विषयवस्तुको संख्या १६३ पुगेको छ । *द हिमालय टाइम्स्* ले सबैभन्दा धेरै संख्यामा शिक्षाको गुणस्तरबारे विषयवस्तु प्रकाशन गरेको छ । प्रकाशित विषयवस्तुमा विद्यालय व्यवस्थापन समिति गरेका नवीन दृष्टिकोण र प्रयास, गुणस्तर सुधारको लागि शिक्षक र अभियन्ता, विद्यालय वातावरण सुधारको लागि नयाँ प्रयास र विधि, विद्यालय छोड्ने समस्या सम्बोधन, सार्वजनिक विद्यालयको वित्तीय पुनर्संरचना, दुई प्रकार फरक शैक्षिक प्रणाली राम्रा तथा उत्कृष्ट सार्वजनिक विद्यालयका उदाहरण, शिक्षक-विद्यार्थी केन्द्रित विधिबारे वैचारिक आलेख, मूल्याङ्कन प्रक्रियाको पुनर्विचार, मन्टेश्वरीको सामाजिक पक्ष र महँगा पूर्वविद्यालय, अध्ययनप्रति विद्यार्थीको बढ्दो अरुचि, सार्वजनिक कलेजको



**चित्र** ४ : मुसहर समुदायको एउटा सफल सार्वजनिक विद्यालय भुईंमा रमाउँदै विद्यार्थी

सजावट, विद्यालय सुधार योजनाका फाइदा आदि पर्छन् । गुणस्तर शिक्षासम्बन्धी कभरेजमा विविध अन्तरविषयक तर्क छन् र यो विषय विद्यालय शिक्षा र समाजको फराकिला सामाजिक तथा सांस्कृतिक पक्ष र राष्ट्रको आर्थिक उद्देश्यबीचको सम्बन्ध विश्लेषण गर्ने सेतु भयो । यो पक्षमा गत वर्षभन्दा यो वर्ष महत्त्वपूर्ण सुधार देखिन्छ । अघिल्ला वर्षमा अन्तरविषयक दृष्टिकोणलाई विश्लेषण गरिएको थिएन ।

### २.२.६ नवीनता

यस वर्ष नवप्रवर्तनबारे समाचार र रिपोर्ट पनि दुई गुणाले बढेको छ । विद्यार्थी-केन्द्रित शिक्षण शैलीमा नवीनतम विधि, विद्यालय वातावरण सुधार गर्न विद्यार्थीको संलग्नता, विद्यालय व्यवस्थापनमा नयाँ डिजिटल उपकरण, उच्च शिक्षा हाँसिल गर्न प्रमाण पेश गरी विद्यार्थीले निजी बैंकबाट ऋण प्राप्त गर्ने प्रक्रिया, विद्यालयमा सूचना प्रविधि र मल्टीमिडियाको प्रयोग, विद्यार्थीद्वारा नेतृत्व गरिएका सम्मेलन र कार्यक्रम आदि छलफलका विषयवस्तु बने । अर्को एउटा विषयवस्तु त्रिभुवन




**चित्र ५** : विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश भएको योग कक्षामा सहभागी हुँदै विद्यार्थी, *द हिमालयन टाइम्स*

विश्वविद्यालयले क्रेडिट स्थानान्तरण प्रणाली ल्याउनेबारे थियो । निजी विद्यालयले छात्रा सञ्जाल निर्माण गर्ने, समता विद्यालय, अन्तर्राष्ट्रिय संस्थाको फ्रेन्चाइज खोल्ने, एनसीईडीमा भर्चुअल कक्षाको सुरुवातबारे पनि समाचार आए । शिक्षामा नवीन दृष्टिकोण सम्बन्धी विषयवस्तुमा नयाँ अभ्यास र विद्यार्थी समक्ष पुग्न अपनाइएका नयाँ विधिबारे समाचार तथा लेख प्रकाशित भए ।

शिक्षामा अन्तर्राष्ट्रिय अभ्यासबारे समाचार प्रकाशन दुर्लभ देखिए । यद्यपि, केही समाचार भने प्रकाशित भए । उदाहरणका लागि जापानमा खाना खुवाउन र विद्यालय स्वच्छ राख्न विद्यार्थीलाई उत्तरदायी बनाउनेबारे एउटा समाचार छापिएको थियो । समाचारले विद्यार्थीलाई जिम्मेवार बनाउने तरीकामा जोड दिएको थियो । यो वर्ष अन्तर्राष्ट्रिय परिवेशमा नवीन दृष्टिकोण झल्काउने कभरेज एउटा मात्र थियो जसले यहाँ विद्यालयमा थप नयाँ प्रयोगको प्रयासलाई सहयोग गर्न सक्थ्यो ।

### २.२.७ परीक्षा

यो वर्ष परीक्षाबारेमा गत वर्षभन्दा पाँच गुणा बढी विषयवस्तु प्रकाशन भए । यद्यपि परीक्षा तथा नतिजा समयको वरिपरि भएको कारण समाचार तथा वैचारिक लेखको प्रकाशन आवृत्ति उच्च भए तापनि भ्रष्टाचार र उच्च शिक्षा पनि यो वर्ष बढी समावेश गरिएका विषयवस्तु बने । परीक्षा र नतिजा आर्थिक वर्ष २०७२-७३ (सन् २०१५-१६) मा सबैभन्दा बढी समावेश गरिएका मुद्दा हो ।

लेटर ग्रेडिङ प्रणालीबारे समाचार र विचार र यसका फाइदा र बेफाइदाबारे विमर्श यो वर्ष परीक्षा सम्बन्धी छलफल भएका विषय हुन् । परीक्षा नियन्त्रण कार्यालयले एसईई परीक्षा प्रकाशन गर्दा गरेको गल्ती यो वर्ष परीक्षाबारे सबैभन्दा बढी प्रकाशित विषय भयो । स्थायी बनाउन गरिएको अस्थायी शिक्षकको परीक्षा पनि नीतिगत विषयमा यो वर्ष पनि बढी विवादास्पद मुद्दा बन्यो । विभिन्न स्तर– एमबीबीएसदेखि एसईई र प्लस टुसम्मका परीक्षामा देखिएका दुर्व्यवहारबारे पनि यो वर्ष प्रशस्त समाचार तथा लेख छापिए । कक्षा ११ मा विभिन्न विषय छान्न ग्रेडिङ प्रणाली अन्तर्गतको नीतिले योग्य ठान्ने ग्रेडिङ लेटरले छापामा धेरै ठाउँ प्राप्त गऱ्यो । कानून अध्ययनको लागि प्रवेश परीक्षाको आवश्यकताबारे उठेको द्वन्द्व पनि यस वर्ष दोहोरिएको विषयवस्तु भयो । शिक्षा र विद्यालय शिक्षाबारेका आएका छलफलले पनि परीक्षालाई नै जोड दिए । समग्र दृष्टिकोणबारे विचार तथा छलफल

सुनिए पनि विद्यालय शिक्षा मूल्याङ्कनको सुरूवातबारे कुनै ठोस विधि वा कदम जसले परीक्षाको नतिजालाई उल्लेख्य असर गर्न सक्थ्यो । त्यसको चर्चा भएन ।

### २.२.८ शिक्षामा राजनीति

३६ वटा थप विषयवस्तु सहित यो वर्ष शिक्षामा राजनीति सम्बन्धी समाचार तथा लेख यो वर्ष गत वर्षभन्दा बढी थिए । प्रतिशतमा आर्थिक वर्ष २०१६-१७ (२०७३-७४) देखि ५ प्रतिशतबाट ४ प्रतिशतमा झरेको छ भने आर्थिक वर्ष २०७२-७३ (२०१५-१६) यो यस विषयमा प्रकाशित लेख रचनाको हिस्सा ११.७ प्रतिशत थियो । *हिमाल* साप्ताहिकले यो वर्ष राजनीतिसँग प्रत्यक्ष जोडिने कुनै विषयवस्तु प्रकाशन गरेन । *द हिमालयन टाइम्स्* ले ७.४ प्रतिशत र *कान्तिपुर* ले मात्र ५.३ प्रतिशत विषयवस्तु शिक्षामा भएको राजनीतिबारे प्रकाशन गरे । राजनीति सम्बन्धी धेरै प्रकाशित समाचार तथा लेख निजी मेडिकल संस्था स्थापनामा राजनीतिक सहयोग, चिकित्सा शिक्षा विधेयकको संसदीय सुनुवाइ र मेडिकल अध्यादेश र समग्रमा चिकित्सा शिक्षाबारे थिए । अरू प्रकाशित समाचारमा चुनावमा विद्यालयको प्रयोग र यसको असर तथा परिणाम, विद्यार्थी संगठनका विभिन्न संलग्नता र क्रियाकलाप, स्थानीय सरकार शिक्षा संगठनबीचको तनाव, निजी विद्यालयले गरेको शुल्क वृद्धि विरुद्ध विरोध




**चित्र ६** : विद्यार्थी संगठनद्वारा महेन्द्र बिन्देश्वरी क्याम्पसको कार्यालयमा तालाबन्दी, *द हिमालयन टाइम्स्* ।

त्रिभुवन विश्वविद्यालयमा कर्मचारी नियुक्तिमा राजनीति आदि पर्छन् । संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई सम्मेलनको लागि विदेश जान प्रधानमन्त्रीको सीधा आदेश अनुरूप अनुमति नदिएको घटना पनि उत्सुकताका साथ सञ्चारमाध्यममा पछ्याइयो । छापा तथा अनलाइनमा विचार तथा सम्पादकलाई चिठी प्रकाशित भए । नीतिबारेका धेरै विषयवस्तु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिसँग सम्बन्धित थिए । राजनीतिक दबाबले विद्यालय बन्द हुने घटनाका समाचार धेरै कम भए तापनि त्यस्ता समाचार अझै पनि प्रकाशित भइराखेका छन् ।

### २.२.९ आधारभूत संरचना

आधारभूत संरचनालाई जोड दिएर प्रकाशन गरिने विषयवस्तुको प्रतिशतमा आधा जस्तोले घटेर यो वर्ष ३.६ प्रतिशत हुन आएको छ । यद्यपि, समाचारको संख्या भने गत वर्षभन्दा करीब ५० वटाले बढी थियो । *द हिमालयन टाइम्स्* मा आधारभूत संरचनाबारे धेरै लेख तथा समाचार थिए भने *हिमाल* साप्ताहिकमा एक मात्र समाचार थियो जसले स्वच्छ वाथरूम सुविधाको अभाव र ग्रामीण क्षेत्रमा छात्राको उपस्थितिमा भएको ह्रासलाई जोड दिएको थियो । प्रकाशित भएका धेरै समाचार भवन पुनर्निर्माणमा सफलता वा असफलता, दान, वर्षाको पानी सङ्कलन गर्ने नवीन विधि, ग्रामीण क्षेत्रमा पूर्वाधारको कमी, ग्रामीण क्षेत्रका विद्यालयमा पुस्तकालयको स्थिति, त्रिवि पुस्तकालयको स्थितिबारे थिए । अन्य प्रकाशित समाचारमा व्यापारी मल बनाउन भाडामा दिइएका विद्यालयका खेल मैदान, नेपालको पहिलो विद्यालयको पुनर्निर्माण जसको ऐतिहासिक मूल्य छ । सरसफाइको सुविधा, छात्राको उपस्थिति, पर्याप्त खेलमैदान नभएका काठमाडौंभित्रका विद्यालयको पुनर्निर्माण अनुमतिबारे



**चित्र ७** : विद्यालयको नयाँ भवन बैंकलाई भाडामा । विद्यार्थी अस्थायी टहरामा अध्ययन गर्दै । आराम, हावा र तापक्रमको हिसाबले अस्थायी टहरा उपयुक्त हुन भने सक्छ । *द हिमालयन टाइम्स्* (असार ३, २०७५)

बहस आदि पर्छन् । यो भागमा समावेश गरिएका धेरैजसो समाचार आधारभूत संरचनाका घटनाबारे थिए। वास्तविक स्थानीय स्थिति सुहाउँदो आधारभूत सुविधाको सिर्जना गर्ने विधिको विविधीकरणबारे थोरै मात्र लेख प्रकाशित भए। विद्यालयको डिजाइन तथा संरचना केन्द्रीय सरकारद्वारा गरियो र डिजाइनमा स्थानीय सन्दर्भ अनुसारको विविधता भएन । फलस्वरूप स्थानीय सन्दर्भ अनुरूपका आधारभूत संरचनाबारे सञ्चारमाध्यम कुनै विषयवस्तु प्रकाशित हुन पाएन ।

### २.२.१० शिक्षक

शिक्षक सम्बन्धी समाचार प्रकाशनमा सामान्य मात्र वृद्धि छ र प्रतिशतमा यो घटेर ३.४ प्रतिशत भएको छ। यो घट्नुको कारण शिक्षक संगठन सम्बन्धी धेरै विषयवस्तु राजनीति तथा नीति अन्तर्गत समेटिएकोले पनि हुन सक्छ । अस्थायी शिक्षकको समस्या नीतिगत व्यवस्थापनद्वारा सम्बोधन गरिनुपर्ने माग र यसको संसद तथा सञ्चारमाध्यममा विरोध र बहस शिक्षक सम्बन्धी बढी समावेश गरिएको विषय बन्यो । आठौं संसोधन विधेयकलाई असक्षम अस्थायी शिक्षकलाई स्थायी बनाउन




**चित्र ८** : कक्षाकोठामा शिक्षक राजनीतिमा संलग्न, *कान्तिपुर* दैनिक ।

ल्याइएको पनि भनियो र विद्यार्थी संगठनले उक्त विधेयकले नयाँ उम्मेदवारको स्वच्छ प्रतिस्पर्धा गर्ने अधिकार हनन गरेको ठाने । शिक्षक छनौटमा देखिने अनियमितता, विद्यालय र शिक्षकको सुपरिवेक्षणको लागि केन्द्रीय सरकार भूमिका माग र अस्थायी शिक्षकको सुरक्षा लगायतका शिक्षक संगठनका विभिन्न विरोध र माग पनि यो वर्ष सञ्चारमाध्यममा समेटिएका विषय हुन् ।

### २.२.११ चन्दा

चन्दाबारे सबैभन्दा बढी समाचार *द हिमालयन टाइम्स्* मा छापिएको छ । *हिमाल* साप्ताहिकमा एउटा मात्र समाचार थियो । चन्दा सम्बन्धी समाचार संख्यात्मक हिसाबले २.६ गुणाले वृद्धि भए पनि प्रतिशतमा एक प्रतिशत ह्रास आई यो वर्ष जम्मा २.९५ प्रतिशत समाचार छन् । यो वर्ष चन्दा तथा सहयोगबारे ७३ वटा समाचार तथा आलेख छन् । समाचार प्रायः विभिन्न युवा समूह, स्वयंसेवकले गरेका सहयोग र गैरसरकारी संस्थाका क्रियाकलापबारे थिए । विभिन्न विद्यालय तथा क्यापसमा दिइएका छात्रवृत्ति, कोष उठाउने क्रियाकलाप पनि सञ्चारमाध्यम कभरेजका केही अंश थिए ।

### २.२.१२ पाठ्यक्रम

पाठ्यक्रम सम्बन्धी विषयवस्तुमा यो वर्ष तीव्र वृद्धि देखियो । गत वर्षको ३ वटा मात्र विषयवस्तु प्रकाशित भएको यो वर्ष ७१ वटा समाचार तथा लेख पाठ्यक्रम सम्बन्धी थिए । पाठ्यक्रम नीति तर्जुमा भइरहेको र पाठ्यक्रमको विषय पनि बहसमा भएको कारण यो वर्ष पाठयक्रम सम्बन्धी समाचार तथा लेखले सञ्चारमाध्यममा राम्रै ठाउँ ओगटे । विषय विशेष समाचार र बालबालिकालाई पढाउन प्रयोग गरिने शिक्षण विधिबारे पनि केही समाचार लेखिए । नयाँ विधि तथा प्रयास जस्तै पाठ्यक्रममा योगा कक्षाको सुरूवातबारे समाचार पनि प्रकाशित भए । कक्षा ११ र १२ को पाठयक्रमको लागि विषय छनौट र पाठयक्रमको कार्यान्वयनमा ढिलाइ र छनौट गरिएका केही विद्यालयमा पाठयक्रमको परीक्षणले पनि सञ्चारमाध्यममा ठाउँ पाए । विशेष गरी गणितलाई ऐच्छिक विषय बनाउने र नेपाली विषयलाई आधा क्रेडिट मात्र दिने बहस सञ्चारमाध्यममा सक्रिय रूपमा चित्रण गरियो । ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीलाई आकर्षित गर्न पठनपाठनको माध्यम अंग्रेजी गराउनु पर्ने,

पाठ्यक्रम विकास केन्द्रका क्रियाकलाप, कक्षा ३ सम्म एकीकृत पाठ्यक्रम प्रयोग गर्ने प्रस्तावना पनि यो वर्ष सञ्चारमाध्यममा समेटिएका महत्त्वपूर्ण विषयवस्तु हुन् ।

### २.२.१३ समावेशिता र पहुँच

यो वर्ष समावेशिता र पहुँचबारे ६४ वटा समाचार तथा लेखहरू प्रकाशन भएका थिए जुन गत वर्षभन्दा २ गुना बढी हो । यो विषयमा *कान्तिपुर* दैनिकले बढी समाचार तथा लेख प्रकाशन गऱ्यो । *हिमाल* साप्ताहिकले अल्पसंख्यक समुदायलाई दिइएको छात्रवृतिको दुरुपयोगबारे एउटा समाचार प्रकाशन गऱ्यो । सञ्चारमाध्यममा प्रकाशित गरिएका विषयमा नागरिकताबिना शिक्षामा पहुँच विरुद्ध अदालतमा विद्यार्थी, विशेष क्षमता भएका विद्यार्थीको शिक्षामा पहुँचबारे घटना तथा लेख पर्छन् । *द हिमालयन टाइम्स्* ले विद्यालयमा हुने जातीय विभेदबारे कसरीस्थानीयसरकाररप्रधानाध्यापक मौन छन् भन्नेबारे एक सम्पादकीय छापेको थियो । एचआईभी संक्रमित व्यक्तिलाई विद्यालयमा पहुँच र कोरियाली संस्थाद्वारा विशेष शिक्षा विकासमा सहयोग र ईंटा भट्टामा बालबालिकाको चित्र पनि शिक्षामा समावेशिता र पहुँचबारे समेटिएका विषयवस्तु हुन् ।




**चित्र ९** : अन्य रूपले सक्षम विद्यार्थी र अभिभावकको प्रतिबद्धता

### २.२.१४ भर्ना

यो वर्ष भर्ना सम्बन्धी ५२ वटा समाचार तथा लेख प्रकाशित भएका थिए । भर्नाबारे धैरै समाचार सरकारले सञ्चालन गरेको अभियान र केही विद्यार्थीलाई अङ्गीकरण गर्ने नवीन विधि सम्बन्धित थिए । यस्ता विधिमा विभिन्न सरकारी




**चित्र १०** : कालिकोटमा भर्ना अभियानमा स्थानीय सरकारको सहभागिता, *कान्तिपुर*। यस्तो अभियानलाई सरकार र मिडियाले समेत सस्तो प्रचारमुखी प्रोत्साहन गरेको देखिन्छ जसको प्रभाव निकै कम देखिन्छ।

अधिकारी राजनीतिज्ञ, सेलिब्रेटी र व्यक्तिले नेतृत्व लिएका थिए। विद्यालय छोड्ने उच्च दर शैक्षिक अभियन्ताका व्यक्तिगत कथा र विभिन्न अल्पसंख्यक समूहको लागि अभियान, स्थानीय नेताले आफ्ना छोराछोरीलाई सार्वजनिक विद्यालयमा पढाउने सुरूवात यो वर्ष चर्चाको विषय बने।

## २.२.१५ निजी शिक्षा

निजी शिक्षा सम्बन्धी ४४ वटा समाचार थिए, ती मध्ये ३० वटा समाचार *कान्तिपुर* दैनिकमा प्रकाशित भएका थिए। प्रतिशतमा हेर्दा निजी शिक्षाको कभरेज गत वर्षको ४.५ प्रतिशतबाट घटेर यो वर्ष १.८ प्रतिशतमा आयो। आर्थिक वर्ष २०७२-७३ मा यसको प्रतिशत ४.५ थियो। कुनै विशेष कोर्स, अन्तर्राष्ट्रिय सम्बद्धता जस्तै ए-लेभललाई यहाँ निजी शिक्षाको रूपमा लिइएको छ। निजी शैक्षिक संस्थामा शुल्क वृद्धिको विरोध तथा मध्यस्थताबारे पनि समाचार तथा लेख प्रकाशित भए। सरकारले विद्यालयको निजीकरणलाई निरुत्साहित गर्नु हुँदैन भन्ने तर्कलाई




**चित्र** ११ : निजी विद्यालयमा शुल्क वृद्धि, *द हिमालयन टाइम्स्*

पक्षपोषण गर्ने पनि केही लेख थिए । यस्ता विचार बोक्ने प्रतिनिधि प्रायः निजी शिक्षाको समर्थन गर्नेहरू थिए । निजी विद्यालयद्वारा सञ्चालित खेलकुदबारे पनि केही समाचार छापिए । त्यसैगरी शुरूको पृष्ठमा एउटा कार्टुन पनि छापिएको थियो जसले निजी विद्यालयले गरेको शुल्क वृद्धिलाई व्यंग्य गरेको थियो । यो वर्ष एउटा फरक देखियो- निजी ट्यूसनको अभ्यासबारे यो वर्ष त्यति धेरै समाचार प्रकाशित भएनन् । गत वर्ष यसबारे अलि बढी समाचार प्रकाशित भएका थिए ।

## २.२.१६ खेलकुद

सीइपीपीको प्रतिवेदनमा यो शीर्षक नयाँ हो । खेलकुदको कभरेजलाई हेर्नुको कारण निजी विद्यालय र सार्वजनिक विद्यालयमा भएका खेलकुदका घटना प्रकाशनमा सञ्चारमाध्यमले दिएको प्राथमिकतालाई विश्लेषण गर्नु हो । शैक्षिक संस्थामा भएका खेलकुदबारे करीब ३४ वटा समाचार प्रकाशित भए । विद्यालय स्तरमा हेर्दा प्रकाशित धेरै समाचार निजी विद्यालयबारे थिए । उच्च शिक्षा सञ्चालन हुने संस्थामा हेर्ने हो भने धेरै समाचार त्रिभुवन विश्वविद्यालयका मातहतका क्याम्पसमा भएका कार्यक्रमबारे थिए । त्यसकारण प्रकाशित समाचार सार्वजनिक शैक्षिक

संस्थाबारे थिए भन्न सकिन्छ । थप, स्थानीय सरकारले देशका विभिन्न क्षेत्रमा सञ्चालन गरेका खेलकुद कार्यक्रम जस्तै मेयर कप उपमेयर छात्रा कपबारे पनि समाचार प्रकाशित भए ।

### २.२.१७ विद्यालय व्यवस्थापन समिति र अभिभावक

विद्यालय स्तरको सार्वजनिक शिक्षाबारे चर्चा गर्दा विद्यालय व्यवस्थापन समिति एउटा महत्त्वपूर्ण शीर्षक हुन आउँछ । विद्यालय शिक्षा सम्पूर्ण प्रारूपमा शिक्षक र विद्यार्थी बाहेक विद्यालय व्यवस्थापन समिति र अभिभावक अर्का महत्त्वपूर्ण सरोकारवाला हुन् । यो वर्ष शिक्षा र विद्यालय व्यवस्थापन समिति र अभिभावकबीचको सम्बन्धबारे समाचारमा वृद्धि भएको छ । संख्यात्मक हिसाबले यो शीर्षकका समाचार तथा लेख गत वर्षको ११ वटाबाट बढेर यो वर्ष २१ पुगेको छ । तुलनात्मक हिसाबले प्राथमिकता भने घटेको छ- गत वर्षको १.५८ प्रतिशतबाट घटेर यो वर्ष ०.८५ प्रतिशत भएको छ । यो विषय अन्तर्गत प्रकाशित भएका समाचारमा शिक्षकलाई सहयोग गर्न, कोष उठाउन सङ्गठित समिति, विभिन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समिति र अभिभावकको सहभागिता, चन्दा, विद्यालय व्यवस्थापन समिति र अभिभावकमाथि जोड दिएर लेखिएका लेख तथा विचार स्तम्भ, विद्यालय व्यवस्थापन समितिमा नियुक्तिबारे नीतिगत छलफल, विद्यालय व्यवस्थापन समिति सदस्यले गरेको लापरवाही र भ्रष्टाचार सम्बन्धी आलोचनात्मक टिप्पणी पर्छन् ।

विद्यालय व्यवस्थापन समितिबारे पर्याप्त कभरेज अभावले विद्यालय शिक्षा सुधार गर्न विद्यालय व्यवस्थापन समितिको भूमिकातर्फ सञ्चारमाध्यमको ध्यान आकर्षित गर्न अझै धेरै गर्नुपर्ने आवश्यकतालाई इङ्गित गर्छ । शिक्षाबारे सामान्य नीतिगत छलफल समावेश गर्दा समान अनुपात कायम गर्न विद्यालय व्यवस्थापन समितिको भूमिकाबारे बढी सामग्री प्रकाशित हुनुपर्थ्यो । यद्यपि, *शिक्षक* मासिकमा विद्यालय व्यवस्थापन समिति र अभिभावकबारे कभरेज बढेको छ ।

### २.२.१८ अन्य

अलग्गै समावेश गरिएका शीर्षक बाहेक सञ्चारमाध्यममा शिक्षाबारे अन्य छिटफुट विषय पनि प्रकाशित भएका थिए । ती विषय पनि शैक्षिक विषयको सन्दर्भमा

महत्त्वपूर्ण छन् । भूकम्पको असर, शिक्षण सामग्री र पाठ्यपुस्तकका समस्या र समाधान, व्यावसायिक शिक्षा, साक्षरता दर र निर्दिष्ट शीर्षकमा नपर्ने अन्य विषयवस्तु पनि सञ्चारमाध्यममा समेटिएका थिए । भूकम्पपछिको पुनर्निर्माणबारे ३४ वटा आर्टिकल प्रकाशित भए । यो वर्षको संख्या गत वर्षभन्दा उच्च छ । त्रासरहित विद्यालय वातावरणबारे पनि केही समाचार छापामा आए । यस्ता समाचारमा विद्यालय वातावरणलाई असर पार्ने राजनीतिक द्वन्द्व तथा अवरोध, विद्यार्थीद्वारा सुरक्षित विद्यालयको माग, विद्यालयमा मादकपदार्थ सेवन गर्दा प्रहरीद्वारा शिक्षक पक्राउ आदि परेका छन् । व्यावसायिक शिक्षाबारे २५ वटा समाचार तथा लेख छापिए, जुन संख्या गतवर्षको भन्दा ३ गुणाले बढी हो । प्रकाशित लेख तथा समाचारले प्राविधिक शिक्षामा लगानी गर्ने र सबै प्रदेशमा सिटीभिटी कलेज खोल्ने राजनीतिक प्रतिबद्धतालाई सम्बोधन गरेका छन् । यो विषय अन्तर्गत वातावरण मन्त्रीले कलेजलाई सिटीभिटीको सम्बन्धन प्रदान गर्ने प्रक्रियामा भएको भ्रष्टाचारको मुद्दा सञ्चारमाध्यममा धेरै समावेश गरिएको थियो । बहुभाषिक शिक्षाबारे १७ वटा समाचार प्रकाशित भए, जुन अघिल्लो वर्षभन्दा ५ गुणा बढी हो । बहुभाषिक शिक्षाबारे *द हिमालयन टाइम्स्* ले बढी समाचार तथा लेख प्रकाशित गरेको छ ।




**चित्र १२** : मुगुमा यार्सा खोज्दै एक बालक, *कान्तिपुर* दैनिक । मिडियाले यार्सा सिजनमा विद्यालय बन्द हुने खबर निरन्तर छापिरहेको छ, तर समयानुकूल पाठ्यक्रमले यस प्रकारको समस्या सम्बोधन गर्न सक्ने सम्भावनाबारे छलफल चलाउन अथवा कम्तीमा सुरूवात गर्न चुकेको छ, जुन एक नयाँ अवसरको सुरुवात हुन सक्थ्यो ।

बहुभाषिक शिक्षाबारे प्रकाशित समाचारमा मातृभाषामा शिक्षा ग्रहण गर्न पाउनु पर्ने अधिकार र डोटेली, थबुँग, शेर्पा र तिब्बती जस्ता मातृभाषामा पाठ्यपुस्तक प्रकाशित भएका जस्ता सकारात्मक विषय छन् । केही प्रकाशित समाचारले संस्कृत विद्यालयको चर्चा गरेका छन् र केही समाचारले लिम्बू भाषामा पढाइ हुने विद्यालयमा विद्यार्थी संख्या घटेको बताएका छन् ।

## २.३ *शिक्षक* मासिक

*शिक्षक* मासिकले नितान्त शैक्षिक गतिविधिमा जोड दिन्छ । सञ्चारमाध्यममा शिक्षाको चित्रणलाई अझै राम्रोसँग बुझ्नको लागि सन् २०१६ देखि *शिक्षक* मासिकलाई यो प्रतिवेदनमा छुट्टै अध्यायमा विश्लेषण गर्न थालिएको हो । यो पत्रिका शिक्षा विशेष भएकोले साधारण वर्गका समाचार दैनिक तथा पत्रिकासँग नमिसाई विश्लेषण गरिएको छ । शिक्षाको कुन विषय तथा शीर्षकलाई प्राथमिकता दिइन्छ




**ग्राफ** १२ : वि. सं. २०७४-७५ र २०७३-७४ मा *शिक्षक* मासिकको आवरण पृष्ठमा समेटिएका विषयवस्तुको वर्गीकृत आवृत्ति

भन्ने पहिचान गर्नको लागि यो वर्ष पनि आवरण पृष्ठको विश्लेषणलाई निरन्तरता दिइएको छ । यो वर्षका बाह्र संस्करणका आवरण पृष्ठ ओगटेका समाचार, मुख्य शीर्षक, चित्र र अन्य महत्त्वपूर्ण समाचारलाई यहाँ विश्लेषण गरिएको छ ।

यो वर्ष पाठ्यक्रम सम्बन्धी विषयवस्तुले *शिक्षक* मासिकको ध्यान तानेको ग्राफले देखाउँछ । यस पत्रिकामा यो नै सबैभन्दा बढी प्रकाशित विषय हो । गुणस्तर, शिक्षक, नीति, नवीन पक्ष र अभिभावकबारे पनि विश्लेषण तथा समाचार प्रकाशित भए । एउटा समाचार विद्यालय समितिबारे थियो र यो विषय आवरण पृष्ठमा प्रकाशित गरिएको थियो । आवरण पृष्ठमा समावेश गरिएका समाचार तथा विश्लेषणले नियमित विद्यालय उपस्थिति, भूगोल अध्ययनको महत्त्व, अस्थायी शिक्षकको समस्या समाधन गर्ने नीति, शिक्षा नीतिको नवौं संसोधन (जसले अस्थायी शिक्षकलाई मात्र फाइदा पुऱ्यायो), विद्यालय, शिक्षक, विद्यार्थी र विश्वविद्यालयबीच सम्बन्ध सुधारमा भूमिका र जिम्मेवारी, सबैलाई निःशुल्क शिक्षा सुनिश्चित गर्नको लागि बजेट दुई गुणाले बढाउनु पर्ने आवश्यकता, परिवर्तन ल्याउन सक्ने प्रधानाध्यापक, शिक्षामा सरकारको अपर्याप्त लगानी, बुझेर सिक्न उत्प्रेरित गर्न शिक्षण विधि, समग्र शिक्षा र कुमारीवस्था जस्ता विषयलाई सम्बोधन गरेका छन् ।


आवरण पृष्ठमा प्रकाशित अन्य महत्त्वपूर्ण विषयमा समाजवाद उन्मुख राज्यका लागि शिक्षा, शिक्षक परीक्षाको माग, अनुकरणीय सार्वजनिक विद्यालयका सफल कथा राम्रो पुस्तकालय, अध्यापनको माध्यम अंग्रेजी भाषा, सिकाइ केन्द्रित कक्षा, प्रविधि सही प्रयोग, दोहोरो अध्यापन भाषा, निजी संस्कृत विद्यालय, शिक्षामा स्थानीय सरकारको अधिकार, संगीत शिक्षा, प्रधानाध्यापक, शिक्षक प्रशिक्षण, नीति छलफल, विद्यालय व्यवस्थापन समिति, समयबारे पढाइ, एकीकृत पाठ्यक्रम, व्याकरण सिकाउने राम्रो तरीका, अर्थहीन शिक्षक प्रशिक्षण, परीक्षामा आधारित सिकाइ, स्थानीय सरकारमा विगतका शिक्षक, शिक्षण सामग्री बनाउनका फाइदा आदि पर्छन् । *हिमाल* साप्ताहिकमा प्रकाशित सामग्रीले शिक्षालाई सिकाइ अन्य पक्ष तथा सामाजिक वास्तविकतासँग राम्रोसँग जोडेको छ । यसले विषयवस्तुलाई अलि फराकिलो ढंगबाट अवलोकन गरेको देखिन्छ ।

## २.४ अनलाइन सञ्चारमाध्यमको विश्लेषण


छापाका पत्रिका र अनलाइन पत्रिकाबीच तुलनात्मक अध्ययन गर्न तीनवटा अनलाइन न्युज पोर्टल– *रातोपाटी, सेतोपाटी* र *एडुखबर*लाई २५ दिनसम्म (सन् २०१८ को

जुनदेखि जुलाईसम्म) अवलोकन गरियो। विशेष यी न्युज पोर्टल नै छान्नुको कारण फरक छन्। पहिला दुई न्युज पोर्टल छान्नुको कारण यी पोर्टलको रिडरशिप बढी छ र यी पोर्टलको अनलाइन उपस्थिति पनि फराकिलो छ। *एडुखबर*लाई छनौट गर्नुको कारण यो पोर्टल नेपालको शिक्षाको समग्र वातावरणलाई विस्तृत रूपमा औंल्याउने एक मात्र अनलाइन न्युज पोर्टल हो। अवलोकन समायावधिमा आम मुद्दाबारे प्रकाशित गर्ने अनलाइन न्युज पोर्टल (*रातोपाटी* र *सेतोपाटी*)मा प्रतिदिन २.६४ वटा सामग्री प्रकाशन भएको तुलनात्मक अध्ययनले देखाउँछ। *एडुखबर*मा भने प्रतिदिन ३.२२ वटा सामग्री प्रकाशित भएका थिए। यही समयमा आम समाचार प्रकाशित गर्ने छापाका दैनिक पत्रिकामा शिक्षासम्बन्धी औसतमा प्रतिदिन करीब ५.१६ वटा सामग्री प्रकाशित भए। वर्तमानमा यो तथ्याङ्कलाई हेर्दा शिक्षासम्बन्धी सामग्री छापाका सञ्चारमाध्यमले अनलाइन सञ्चारमाध्यमले भन्दा बढी प्रकाशित गरेको देखिन्छ। अनलाइन न्युज पोर्टलमा गरिएका टिप्पणी अनगिन्ती हुने र विश्लेषण गर्न कठिन हुने कारणले त्यस्ता टिप्पणीलाई समावेश गरिएको छैन।

अनलाइन पोर्टलको विश्लेषणले अनलाइनमा प्रकाशित सामग्री छापा पत्रिकाबाट लिइएको भन्ने देखाउँछ। तीन वटा अनलाइन पोर्टलमध्ये *सेतोपाटी*ले छापाबाट सबैभन्दा कम सामग्री लिएको छ। *एडुखबर*मा प्रकाशित भएका




**ग्राफ १३** : २०७५ असार-साउन (सन् २०१८ को जुन र जुलाई) महिनामा छापा र अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्रीको संख्या





**ग्राफ १४ :** २०७५ असार-साउन (२०१८ जुनदेखि जुलाई) सम्म अनलाइन पोर्टलमा प्रकाशित सामग्रीको स्रोत

समाचार तथा लेखमध्ये ५५ प्रतिशत सामग्री छापा पत्रिकाबाट लिइएको देखिन्छ। त्यसैगरी *रातोपाटी*ले २५ प्रतिशत सामग्री पुनः प्रकाशित गरेको छ।

छनौट गरिएका अनलाइन पोर्टलले विषयवस्तुमा दिएको प्राथमिकतालाई विश्लेषण अनुसार *सेतोपाटी*ले शिक्षासम्बन्धी अन्य सामान्य विषयलाई चिकित्सा र नीतिलाई बढी जोड दिएको देखिन्छ भने *रातोपाटी*ले नवीनता, चिकित्सा विज्ञान, राजनीति र परीक्षालाई बढी प्राथमिकतामा राखेको छ। *एडुखबर* ले राजनीतिक मुद्दा, नीति, चिकित्सा शिक्षा र शिक्षक सम्बन्धी विषयवस्तुलाई जोड दिएको छ। यसले विद्यालय व्यवस्थापन समितिबारे एउटा समाचार प्रकाशित गरेको थियो जुन मूलधारका छापा पत्रिकाले पनि प्रकाशित गरेका थिएनन्। चित्र २७ ले छापा पत्रिका र अनलाइन सञ्चारमाध्यमबीचको तुलनात्मक ग्राफलाई प्रस्तुत गर्छ।

छनौट गरिएका प्रकाशनमा प्रकाशित समाचार तथा सामग्रीको विश्लेषणलाई हेर्दा छापा पत्रिकाले छुटाएका सामान्य शीर्षकलाई अनलाइन माध्यमका न्यूज पोर्टलले प्रकाशित गरेको देखिन्छ। अनलाइन पोर्टलमा पनि मौलिक समाचार तथा सामग्री प्रकाशित भए पनि धेरै विषयवस्तु तथा बहस छापाको पत्रिकामा प्रकाशित




**ग्राफ १५** : २०७५ असार-साउन (२०१८ को जुनदेखि जुलाई) सम्म अनलाइन र छापा सञ्चारमाध्यममा समावेश गरिएका सामग्रीको प्रतिशत

भएको देखिन्छ । त्यसकारण आगामी अनुसन्धान सञ्चारमाध्यमको विश्लेषण छापा पत्रिकामा नै निरन्तर गर्नुपर्ने देखिन्छ । यस्तै प्रकारको तुलना विद्युतीय सञ्चारमाध्यम–टेलिभिजन र रेडियोमा पनि गर्नुपर्ने आवश्यकता देखिन्छ । केही प्रयास आगामी वर्ष हुन सक्छन् ।

## ३. निष्कर्ष

यो वर्ष सञ्चारमाध्यममा शिक्षासम्बन्धी समाचार तथा लेखको प्रकाशनमा उल्लेखनीय वृद्धि देखिन्छ । गत तीन वर्षमा छनौट गरिएका प्रकाशन गृहमा शिक्षाबारेका सामग्रीको प्रकाशनको वृद्धि ५.३ गुणाले भएको छ । त्यसको अर्थ हो– आर्थिक वर्ष २०७२-७३ को प्रतिदिन ०.९२ वटा समाचार तथा लेखबाट बढेर यो वर्ष प्रतिदिन ४.८६ समाचार तथा लेख प्रकाशित भएका छन् । कभरेजको अधिकांश हिस्सा नीतिगत बहस र भ्रष्टाचार सम्बन्धी मुद्दाले ओगटेका छन् । चिकित्सा शिक्षाले पनि यो वर्ष प्रकाशित सामग्रीमध्ये धेरै ठाउँ लियो । समग्र, शैक्षिक मुद्दा तथा विषयवस्तु छापा पत्रिकामा महत्त्वपूर्ण ठाउँ पाउन थालेका छन् ।

दैनिक पत्रिका तथा साप्ताहिक पत्रिकाका सम्पादकीय तथा आवरण पृष्ठमा पनि शैक्षिक सवालबारे चासो तथा विचार प्रकाशित भए । त्यसैगरी प्रकाशन गृहले शिक्षा विशेष संस्करण तथा अतिरिक्त पृष्ठ पनि प्रकाशित गरे । थप, त्यस्ता अतिरिक्त पृष्ठ तथा संस्करणको संख्यामा पनि यो वर्ष वृद्धि भयो । केही सीमितताका कारण थप नयाँ प्रकाशनलाई विश्लेषणको लागि समावेश गर्न सकिएन ।

उच्च शिक्षाको कभरेज पनि यो वर्ष वृद्धि भएको छ । नीति तथा भ्रष्टाचार सञ्चारमाध्यममा भएको प्रकाशनको असर तथा प्रभाव अझ बढी स्पष्ट देखियो । धेरै शैक्षिक समाचार तथा लेख यो वर्ष पनि परीक्षा र नतिजाबारे नै छापिए । परीक्षा र नतिजाबारे समाचार तथा बहस, लेख तथा विचार स्तम्भ, सम्पादकलाई चिठीमा शिक्षा र विद्यालयलाई विद्यार्थी तथा समाजको समग्र कल्याणसँग जोड्ने सम्बन्धमा अझ बढी नवीन तथा फरक विधि समावेश भएको देखियो ।

यार्सा सङ्कलन र सोही क्षेत्रका विद्यालयमा यसको प्रभावबारे एउटा विशेष समाचार प्रकाशित भयो । यो घटना प्रत्येक वर्ष प्रकाशित भएको हुन्छ । प्रकाशित समाचारमा उल्लेख भएको समस्या र समस्याको प्रकृति पनि उस्तै हुन्छ । यी समाचारले प्रायजसो यो समस्याबारे विद्यालय शिक्षक र अभिभावकको लापरवाही र बेवास्तालाई इंगित गर्छन् । यो सामाजिक-आर्थिक स्थानीय वास्तविकतालाई नयाँ शिक्षण विधि तथा विद्यालय पाठ्यक्रमको पुनर्संरचनाद्वारा सम्बोधन गर्न सकिने सम्भावनालाई अवलोकन गरिएका सञ्चारमाध्यमले बुझ्न सकेका छैनन् । यो उदाहरणले सञ्चारमाध्यमले शैक्षिक गतिविधि कभरेज गर्दा नयाँ तरीका प्रयोग गर्न नसकेको वास्तविकतालाई इंगित गर्छ । त्यसैगरी शिक्षा प्रणालीमा विश्वमा गरिएका अन्तर्राष्ट्रिय परीक्षणबारे समग्र हाम्रो समाज र विशेष गरी सञ्चारमाध्यम क्षेत्रलाई परिचित गराउनु पर्ने टड्कारो आवश्यकता देखिन्छ । त्यसैगरी धेरै लेख तथा समाचार नीति विद्यालयको सामाजिक तथा राजनीतिक पक्ष र सार्वजनिक विद्यालयमा आवश्यक सुधारलाई जोड दिएका छन् । यद्यपि, संवैधानिक प्रावधान अनुरूप विद्यालय चलाउनु पर्ने र निजी संस्थाद्वारा प्रदान गरिएको शिक्षा सेवाको व्यवस्थापन जस्ता गम्भीर मुद्दाबारे भने सञ्चारमाध्यम करीब मौन छन् । यस्ता अवस्थालाई नियाल्दा लामो समयदेखि महत्त्वपूर्ण रहँदै आएका यस्ता विषय सार्वजनिक बहस हुने अवस्था आउन धेरै समय लाग्ने देखिन्छ ।

सञ्चारमाध्यम कभरेजको प्रभाव देखिने गरी समावेश गरिएको विषयवस्तु यो वर्ष पाठ्यक्रम रह्यो जसको स्पष्ट प्रभाव छलफलमा रहेका नीतिगत विमर्शमा

देखियो । शिक्षा नीति र पाठ्यक्रम सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकामाथि विमर्शमा पर्याप्त ध्यानको अभाव अझै पनि देखिन्छ ।

नेपालको शिक्षा प्रणालीको सुधारको लागि उत्प्रेरकको रूपमा नागरिक समाजको भूमिकालाई रणनीतिक कदमको रूपमा प्रयोग गर्न सञ्चारमाध्यम, शिक्षा क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्था, अभिभावक र विद्यालय व्यवस्थापन समितिबीचको खाडललाई पुर्नुपर्ने आवश्यकता गम्भीर रूपमा महसूस गरिएको छ ।

अहिले पनि शिक्षक व्यवस्थापन नेपालको शिक्षा प्रणालीमा एउटा महत्त्वपूर्ण मुद्दा हुँदाहुँदै पनि (यदि उच्च शिक्षाको सवालमा प्राध्यापक तथा उपप्राध्यापकको व्यवस्थापनलाई पनि लिने हो भने) शिक्षकबारे सामग्रीको प्रकाशन घट्नु रोचक देखिन्छ । आम मानिस यो विषयप्रति थकित तथा अनिच्छुक भए तापनि सञ्चारमाध्यम नहुनु पर्ने हो ।

शैक्षिक सवालमा गरिएका अन्तर्राष्ट्रिय अभ्यास र परीक्षणका समाचार नेपाली सञ्चारमाध्यममा देखिएनन् । प्राथमिक तहबाटै विद्यार्थीलाई विद्यालय सफा राख्न सिकाउने जापानी विद्यालयबारे एउटा समाचार प्रकाशित भएको थियो । धेरै सरकारी अधिकारी र शिक्षा क्षेत्रमा काम गर्ने पत्रकार विदेश भ्रमण गए पनि विश्वस्तरमा गरिएका शैक्षिक अभ्यास तथा परीक्षणबारे सञ्चारमाध्यम धेरै/थोरै लेखिएको छ । नेपाली शिक्षा प्रणाली/शिक्षाविद्‌ले नेपाल बाहिरको अभ्यासबाट केही सिक्न नचाहेको जस्तो देखिन्छ ।

■■■

# अनुसूचीहरू

## अनुसूची १ : *शिक्षक* मासिकको आवरण पृष्ठ र मुख्य समाचार–२०७४-७५



















शिक्षक
नि:शुल्क शिक्षाले माग्छ
दोब्बर बजेट


शिक्षक
पढ्यो कि हिंड्यो, किन ?


विशेष खोज : स्कूल पुस्तकालयका नाउँमा बजेट लूट !
शिक्षक
स्कूलको मुहार फेर्दै
'ठिटा हेडसर' !


सरकारी मर्यादाक्रम : शिक्षक बाहेक सबै अटाए !
शिक्षक
सिकाउन
सकिन्छ
बुझेर पढ्न


शिक्षक
शिक्षा र
केटीपन


जनप्रतिनिधिको स्वार्थमा स्कूल समायोजन
शिक्षक
शिक्षामा राष्ट्रिय लगानी
फेरि पनि
कन्जुस्याइँ !

## अनुसूची २ : शिक्षा विषयमा अघिल्लो पृष्ठमा कार्टुन– २०७४-७५















## अनुसूची ३ : शैक्षिक विषयमा प्रकाशित भएका *हिमाल* साप्ताहिकको आवरण पृष्ठ– २०७४-७५




साउन १५ देखि २१, २०७४ (जुलाई-अगस्ट, २०१७)। यो आवरण पृष्ठ डा. केसीको अनशनप्रति समर्पित थियो र सरकारको इमानदारीप्रति प्रश्न उठाएको थियो।




साउन २९ देखि भदौ ३, २०७४ (अगस्ट-सेप्टेम्बर २०१७)। सहायक आवरण समाचारले डा. केसी र चिकित्सा शिक्षाको विषयलाई उठाएको छ।




भदौ २५ देखि ३१, २०७४ (अगस्ट-सेप्टेम्बर, २०१७) सहायक आवरण समाचारले उच्च शिक्षासम्बन्धी विषय प्रकाशन गरेको छ।




पुस ३० देखि माघ ६, २०७४ (जनवरी २०१८)। आवरण सहायक समाचारले चिकित्सा शिक्षा र बृहत् सामाजिक न्यायमा डा. केसीको विरोधको प्रभाव उल्लेख गरेको छ।




असर १७ देखि २३, २०७५ (जुन-जुलाई २०१८)। आवरण कथा कक्षा १२ र उच्च शिक्षाबारे थियो। पाठ्यक्रम परिवर्तनले पनि सिकाइमा सुधार ल्याउन नसकेको तथ्य उल्लेख गरेको थियो।

## अनुसूची ४ : प्रकाशित सामग्री संख्या (महिनामा)– २०७२-७३, २०७३-७४ र २०७४-७५

| | विभिन्न वर्षमा प्रकाशित भएका लेख तथा समाचारको संख्या | | | (जुलाई २०१७- जुन २०१८) वर्षमा प्रकाशित भएका लेख तथा समाचारको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७२-७३ (जुलाई २०१५- जुन २०१६ | २०७३-७४ (जुलाई २०१६- जुन २०१७) | २०७४-७५ (जुलाई २०१७- जुन २०१८) | का | दहिटा | हिसा | जम्मा | मुख्य शैक्षिक घटना |
| जुलाई- अगस्ट (साउन) | १४ | ४८ | २१६ | १५५ | ५१ | १० | २१६ | कक्षा १२ को नतिजा |
| अगस्ट-सेप्टेम्बर (भदौ) | ३९ | ४४ | १९५ | १३३ | ५२ | १० | १९५ | |
| सेप्टेम्बर-अक्टोबर (असोज) | १९ | २६ | १२६ | ८१ | ४३ | २ | १२६ | दशैं |
| अक्टोबर-नोभेम्बर (कात्तिक) | ११ | २५ | ६५ | २४ | ३९ | २ | ६५ | तिहार |
| नोभेम्बर-डिसेम्बर | ८ | ४४ | ६३ | २७ | ३१ | ५ | ६३ | कक्ष ११ को नतिजा |
| डिसेम्बर-जनवरी (मंसिर) | २८ | ३९ | १३५ | ८५ | ४७ | ३ | १३५ | |
| जनवरी-फेब्रुअरी (पुस) | १३ | ५३ | १३७ | ६९ | ६२ | ६ | १३७ | |
| फेब्रुअरी-मार्च (माघ) | ४७ | ८३ | ११० | ६३ | ३८ | ९ | ११० | |
| मार्च-अप्रिल (फागुन) | ५७ | ७२ | १४९ | ८९ | ५७ | ३ | १४९ | एसईई ७३-७४ |
| अप्रिल-मे (चैत) | ५३ | ७२ | १३९ | ८१ | ५१ | ७ | १३९ | प्लस टू को परीक्षा |
| मे-जुन (वैशाख) | ३७ | ८७ | १३५ | ९८ | ३१ | ६ | १३५ | |
| जुन-जुलाई (ज्येष्ठ) | ८ | १२० | ३०३ | १७३ | ११३ | १७ | ३०३ | एसईईको नतिजा |
| जम्मा | ३३४ | ७१३ | १७७३ | १०७८ | ६१५ | ८० | १७७३ | |

## अनुसूची ५ : विभिन्न सञ्चारमाध्यममा प्रकाशित विभिन्न शीर्षक अन्तर्गतका समाचार तथा लेखको तुलनात्मक तालिका–२०७४-७५

| | विभिन्न प्रकाशन– २०७४- ७५ | | | विभिन्न वर्ष | | |
|---|---|---|---|---|---|---|
| | का | दहिटा | हिसा | २०७४/७५ | २०७३/७४ | २०७२/७३ |
| शैक्षिक नीति | २५६ | २१४ | १३ | ४८३ | १०३ | २२ |
| चिकित्सा शिक्षा | २३६ | ३८ | ३३ | ३०७ | | |
| भ्रष्टाचार | १७० | ५५ | ३३ | २५८ | ४७ | ५ |
| उच्च शिक्षा | १०१ | १२८ | २४ | २५३ | ५३ | १५ |
| गुणस्तर | ६६ | ९१ | ६ | १६३ | ७२ | २१ |
| नवीनता | ४८ | ५५ | ५ | १०८ | ४३ | ० |
| परीक्षा | ५५ | ५० | ० | १०५ | २३ | ५१ |
| राजनीति | ५८ | ४६ | ० | १०४ | ६८ | ३९ |
| आधारभूत संरचना | ३४ | ५५ | १ | ९० | ४२ | ७ |
| शिक्षक | ३२ | ५२ | ० | ८४ | ६० | २० |
| चन्दा | ३३ | ३९ | १ | ७३ | २८ | ० |
| पाठ्यक्रम | ३९ | २९ | ३ | ७१ | ३ | ० |
| समावेशी र पहुँच | ३२ | २९ | १ | ६४ | ३० | ० |
| भर्ना | ३० | २० | २ | ५२ | ७ | ० |
| निजी | ३० | १३ | १ | ४४ | ३१ | २५ |
| खेलकुद | ३१ | ३ | ० | ३४ | | |
| भूकम्प | १६ | १८ | ० | ३४ | २२ | ३९ |
| सामग्री र पाठ्यपुस्तक | १० | १८ | ० | २८ | २६ | ३५ |
| डररहित वातावरण | १५ | १० | ० | २५ | १२ | ३ |
| व्यावसायिक शिक्षा | ९ | १६ | ० | २५ | ८ | ७ |
| विव्यस र अभिभावक | ११ | ८ | २ | २१ | १ | ६ |
| बहुभाषिक शिक्षा | ७ | १० | ० | १७ | ३ | ४ |
| साक्षरता | ३ | ८ | ० | ११ | ३ | ७ |
| विद्यार्थी | ३ | ८ | ० | ११ | | |
| अन्य | ० | ९ | ० | ९ | ० | २८ |

## अनुसूची ६ : शहर तथा ग्रामीण क्षेत्र केन्द्रित सामग्री प्रकाशनको अनुपात– २०७२-७३, २०७३-७४ र २०७४-७५

| प्रकाशन | औसत | | कादै | | दहिटा | | हिसा | |
|---|---|---|---|---|---|---|---|---|
| वर्ष | २०७४-७५ | २०७३-७४ | २०७४-७५ | २०७३-७४ | २०७४-७५ | २०७३-७४ | २०७४-७५ | २०७३-७४ |
| शहरी | १०६५ | ३४९ | ५९७ | १३५ | ४२१ | १७२ | ४७ | ४२ |
| ग्रामीण | १५२ | १४७ | ११५ | ६० | ३२ | ७१ | ५ | १६ |
| लागु नहुने | ५२६ | २१६ | ३३६ | १२६ | १६२ | ८० | २८ | १० |

## अनुसूची ७ : काठमाडौं उपत्यका बाहिर र भित्रका शैक्षिक गतिविधिको प्रकाशन अनुपात।

| | उपत्यका बाहिरको | उपत्यका बाहिरको | लागू नहुने |
|---|---|---|---|
| कादै | ५०१ | २४७ | ३३० |
| दहिटा | ३५६ | १७२ | ८७ |
| हिसा | ४७ | ५ | २८ |
| औसत | ९०४ | ४२४ | ४४५ |

## अनुसूची ८ : विद्यार्थीलाई सक्रिय पात्र, मात्र प्राप्तकर्ता रूपमा चित्रण गरिएका र उल्लेख नै नगरिएका सामग्रीको अनुपात

| विद्यार्थीको सञ्चारमाध्यममा कभरेज | | | | |
|---|---|---|---|---|
| प्रकाशन | वर्ष | विद्यार्थी | | |
| | | सक्रिय | प्राप्तकर्ता | उल्लेख नभएको |
| हिसा | २०७४-७५ | ११ | ३ | ६६ |
| | २०७३-७४ | २२ | ८ | ४१ |
| दहिटा | २०७४-७५ | ९५ | ७५ | ४४५ |
| | २०७३-७४ | ६४ | ५२ | २०३ |
| कादै | २०७४-७५ | ८२ | ६० | ९३६ |
| | २०७३-७४ | २५ | ९० | २०८ |
| औसत | २०७४-७५ | १७७ | १३५ | १३८१ |
| | २०७३-७४ | १११ | १५० | ४५२ |

## अनुसूची ९ : *शिक्षक* मासिकको विषय वर्गीकृत आवरण पृष्ठका सामग्रीको संख्या २०७३-७४ र २०७४-७५

| | २०७३–७४ | २०७४–७५ |
|---|---|---|
| शिक्षक | १३ | ९ |
| गुणस्तर | १२ | ११ |
| पाठ्यक्रम | ९ | २० |
| ज्ञान | ९ | १ |
| नीति | ६ | १० |
| नवीनता | ६ | ४ |
| डररहित वातावरण | ५ | १ |
| भूकम्प | ३ | ० |
| आधारभूत संरचना | २ | २ |
| अभिभावक | २ | ४ |
| भ्रष्टाचार | १ | २ |
| व्यावसायिक शिक्षा | १ | १ |
| बहुभाषिक शिक्षा | १ | १ |
| भर्ना | ० | १ |
| विव्यस | ० | १ |
| सामग्री | ० | १ |
| निजी शिक्षा | ० | १ |
| परीक्षा | ० | १ |
| उच्च शिक्षा | ० | १ |
| **जम्मा** | **७०** | **७२** |

## अनुसूची १० : छापा प्रकाशन र अनलाइन न्युज पोर्टलमा प्रकाशित लेख तथा समाचारको संख्या

| | **अनलाइन** | | | **छापा** | | |
|---|---|---|---|---|---|---|
| **सञ्चारमाध्यम** | **रातोपाटी** | **सेतोपाटी** | **एडुखबर** | **कादै** | **दहिटा** | **हिसा** |
| जम्मा सामग्री | ७० | ६२ | ८३ | १५४ | १०४ | १५ |

## अनुसूची ११ : तुलनात्मक तालिकाः असार महिनामा अनलाइन पोर्टलमा छापिएका मौलिक (ओरिजिनल) र पुनः प्रकाशित वा पोस्ट गरिएका सामग्री र छापाका पत्रिकाबाट अनलाइनमा पुनः प्रकाशित गरिएका सामग्रीबीचको तुलना

| | रातोपाटी | एडुखबर |
|---|---|---|
| मौलिक | ३८ | १६ |
| छापा स्रोत | २० | १९ |
| **जम्मा** | **५८** | **३५** |

## अनुसूची १२ : असार २०७५ मा अनलाइन पोर्टल र छापाका सञ्चारमाध्यममा प्रकाशित सामग्रीको संख्या

| सञ्चारमाध्यम | अनलाइन | | | | छापा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रातोपाटी | सेतोपाटी | एडुखबर | जम्मा | कादै | दहिटा | हिसा | जम्मा |
| शैक्षिक नीति | ११ | २५ | १८ | ५४ | ५८ | ३८ | ६ | १०२ |
| चिकित्सा शिक्षा | १३ | ३२ | १० | ५५ | ४६ | ३४ | ३ | ८४ |
| भ्रष्टाचार | ७ | ४ | ४ | १५ | १० | २० | २ | ३२ |
| उच्च शिक्षा | ११ | ४ | ६ | २१ | ११ | १३ | ५ | २९ |
| गुणस्तर | ४ | १ | २ | ७ | ४ | ९ | ३ | १६ |
| नवीनता | १४ | २ | ४ | २० | ८ | ७ | ० | १५ |
| परीक्षा | १० | ९ | ११ | ३० | २६ | ७ | ० | ३३ |
| राजनीति | १२ | २० | २६ | ५८ | २० | १० | ० | ३० |
| आघारभूत संरचना | ५ | ० | ३ | ८ | ५ | २ | ० | ७ |
| शिक्षक | १ | ० | १० | ११ | ४ | २ | ० | ६ |
| चन्दा | ४ | ९ | १ | ५ | १ | ४ | ० | ५ |
| पाठ्यक्रम | ३ | ० | ४ | ८ | ७ | ६ | ० | १४ |
| समावेशी र पहुँच | ० | १ | १ | २ | ० | १ | ० | १ |
| भर्ना | १ | ० | १ | २ | ३ | २ | ० | ५ |
| निजी शिक्षा | ३ | ३ | १ | ७ | १ | १ | ० | २ |
| भूकम्प | १ | ० | ० | १ | १ | १ | ० | २ |
| विव्यस र अभिभावक | ० | ० | १ | १ | ० | ० | १ | १ |

शिक्षा नीति तथा अभ्यास केन्द्र
**Centre for Educational Policies and Practices**
**Phone:** +977-01-4112320
**P.O. Box:** 4555, Kathmandu, Nepal
**E-mail:** info@schoolingnepal.org
**Web site:** www.schoolingnepal.org